THE DHARMAKIRTI

# धर्मकीर्ति

वैशाख पूर्णिमा विशेषाङ्क

वर्ष-२४, अङ्क-१ वि.सं. २०६३ बुद्ध सम्वत् २५५०



"पानीको विषयमा झगडा नगर्नुहोस्, मिलेर शान्तिसंग बस्ने बानी गरौ
पानीको भन्दा रगतको मूल्य बढी छ, तसर्थ रगतको महत्व सम्झनुस् ।" -बुद्ध

# नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स लिमिटेड

( नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त )

## बढी ब्याज पाइने मुद्दती खाता

## खोल्नुहोस् ।

## सुरक्षित लगानी र बढी सेवा सुविधाको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

**बचत खातामा ५.५०%**
**( दैनिक मौज्दातमा ब्याज गणना गरिने )**

**हरेक प्रकारको कर्जा तथा सापटमा वार्षिक १०.००% देखि १३.००% सम्म बाँकी साँवामा**

**मुद्दती निक्षेप धितो कर्जामा पाउने ब्याजमा थप २.००% मात्र**

**सम्पर्क राख्नुहोस्**

**प्रधान कार्यालय**
पो.ब.नं. ९९०९, रामशाहपथ, काठमाडौं
फोन नं. (०१) ४२६७६०६, ४१६७५९७, ४२५२३३२, फ्याक्स: (०१) ४२४८८४५

**पोखरा शाखा**
महेन्द्रपूल, कास्की
फोन नं.: (०६१) ५२३५८१, ५३०९८३
फ्याक्स : (०६१) ५२८९६०

**नयाँ सडक शाखा कार्यालय**
फसिकेब, काठमाडौं
फोन नं.: ४२४४६१८, ४२५०४२७
फ्याक्स : (०१) ४२२७७१६


Downloaded from http://www.dhamma.digital

*प्रमुख व्यवस्थापक*
विद्यासागर रञ्जित
फोन:- ४२५ ८९५५, ४२२ ४९१२

*व्यवस्थापकहरु*
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*
ध्रुवरत्न स्थापित

*सम्पादक*
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

*प्रधान सम्पादक*
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५ ९११०

*प्रकाशक एवं विशेष सल्लाहकार*
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

*कार्यालय*
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघ:टोल
e-mail: dharmakirtivihar@mail.com.np
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५०
नेपाल सम्वत् ११२६
इस्वी सम्वत् २००६
बिक्रम सम्वत् २०६३

| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
**A Buddhist Monthly**

**2550th VAISAKH FULL MOON DAY**

**13th MAY 2006**

| वर्ष- २४ | अङ्क- १ | वैशाख पुन्ही | वैशाख २०६३ |
|---|---|---|---|





★ जसले धर्मको गौरबले धर्मलाई पूज्य मानेर शान्त र नम्र हुन्छ, उसैलाई सच्चा नम्र सम्झनु पर्छ । आफ्नो मतलब साध्नको लागि मात्र त को शान्त र नम्र बन्दैन ?

★ ★ ★

★ मानिसहरू तबसम्म शान्त र नम्र देखिन्छन्, जबसम्म उनको विरुद्ध कुनै पनि अपशब्द र (नराम्रो बचन) भनिंदैन । तर जब उनले आफ्नो निन्दा र अपशब्द सुन्नपर्ने अवस्था आइपर्छ तब मात्र यो कुराको परीक्षा गर्न सकिन्छ कि तिनी वास्तवमा शान्त र नम्र छन् कि छैन ।

★ ★ ★

★ क्षमाको बराबर तप यो जगत्मा अर्को छैन ।

★ ★ ★

# २५५० औं बुद्ध पूर्णिमाको अवसरमा

बुद्धको अन्तिम वचन स्मरण र मनन गरौं

भगवान् बुद्धले आनन्दलाई भन्नुभयो–

- "आनन्द ! अब हाम्रो शास्ता गइसके । अब हाम्रा मार्गदर्शक रहेनन् भनेर तिमीले सोच्न सक्छौ । तर आनन्द ! तिमीले यस्तो सोच्नुहुँदैन । जे जस्तो धर्म-विनय मैले सिकाएँ, पढाएको थिएँ, मपछि त्यही नै तिम्रो शास्ता हुनेछ ।
- "आनन्द ! भिक्षुहरू बीचमा मित्र सम्बोधनबाट नै बोलाउने प्रथा छ । म पछि यो प्रथा बन्द हुनुपर्दछ । ठूलोले सानुको नाम लिएर वा गोत्रले वा आवुसो (= आयुष्मान्) भनेर बोलाउन सक्छ, तर सानुले आफूभन्दा ठूलोलाई बोलाउँदा आर्य अथवा भन्ते भनेर बोलाउनु पर्छ ।"
- "अनि आनन्द ! संघले चाहेको खण्डमा म मरिसकेपछि, जति सानातिना नियमहरू छन्, तिनीहरूलाई छोड्न पनि सक्छ ।"
- "आनन्द ! तिमीलाई थाहा छ, छन्न कस्तो जिद्दी, उल्टा मार्गमा हिंड्ने र विनयलाई नमान्ने किसिमको छ ।"
- "आनन्द ! म मरेपछि छन्नलाई ब्रह्म-दण्ड दिनू ।"
- "भगवान् ! ब्रह्म-दण्डको अभिप्राय के हो ?"
- "आनन्द ! छन्नले बोल्न खोजेको कुरा बोल्न देऊ तर उ सँग नबोल्ने; उसलाई नहप्काउने; भिक्षुहरूले उसलाई केही पनि शिक्षा नदिने; उसलाई एक्लै छाडी दिने; यसरी उसको केही सुधार हुन सक्छ ।"
- त्यसपछि तथागतले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो;
- कुनै कुनै भिक्षुहरूको मनमा बुद्धको विषयमा, धर्मको विषयमा, संघको विषयमा शंका, सन्देह, विचिकित्सा हुनसक्छ, अथवा मार्गकै विषयमा केही शंका, सन्देह, विचिकित्सा होलान् । यदि त्यस्तो छ भने, भिक्षु हो ! सोध, अझै समय छ ।" हाम्रो शास्ता हाम्रो सम्मुख हुनुहुन्थ्यो, हामीले सोधेर आफ्ना शंकाहरू मेट्न पाएनौं भनेर पछि पछुटाउन नपरोस् ।"
- यति भन्दा पनि भिक्षुहरू चूप नै लागेर बसे ।
- तथागतले आफ्ना कुराहरू तीनपटक भन्नुभयो, तेस्रो पटक पनि भिक्षुहरू चूप लागेर बसे ।
- अनि तथागतले भन्नुभयो, "म प्रति श्रद्धा भएको कारण तिमीहरू चूप लागेर बसेका हुन सक्छौ । मित्रले मित्रसँग सोधे जस्तै सोध ।"
- तैपनि भिक्षुहरू चूप नै लागेर बसिरहे । कोही पनि बोलेनन् ।
- त्यसपछि आनन्द स्थविरले तथागतसँग भने, "भगवान् ! अद्भुत छ ! भगवान् ! आश्चर्य छ ! मलाई हाम्रो यो संघप्रति विश्वास छ । यतिका भिक्षुहरूमध्ये कसैलाई पनि बुद्धको बारेमा, धर्मको बारेमा, संघको बारेमा अथवा (आर्य) मार्गको बारेमा कुनै पनि शंका छैन ।"
- "आनन्द ! तिमीलाई त यस कुराको विश्वास छ, तर यी भिक्षुहरूमध्ये कसैलाई पनि, कुनै पनि विषयमा शंका छैन भन्ने ज्ञान तथागतलाई छ । मेरा यी पाँचसय भिक्षुहरूमध्ये जो सबैभन्दा कम उन्नत छ, त्यो पनि कम से कम स्रोतापन्न अवश्य छ, अर्थात् स्रोत (श्रवणेन्द्रिय) मा आइसकेको छ र उसलाई बोधि-प्राप्ति सुनिश्चित छ ।"
- त्यसपछि तथागतबाट भिक्षुहरूलाई सम्बोधन भयो–
- "भिक्षु हो ! म फेरि तिमीहरूलाई स्मरण गराउँदैछु, सबै संस्कारहरू अनित्य छन् । अप्रमादपूर्वक आफ्नो लक्षमा लागिरहनु ।"
- तथागतका अन्तिम शब्द यी नै थिए ।

*( स्रोत - महापरिनिर्वाणसूत्र )*



Downloaded from http://www.dhamma.digital

## विषय-सूचि


| | | | |
|---|---|---|---|
| १. | बुद्ध वचन | – | १ |
| २. | सम्पादकीय - २५५० औं बुद्ध पूर्णिमाको अवसरमा | – | २ |
| ३. | बुद्धको मानसिक कर्म गति | – सत्यनारायण गोयन्का | ४ |
| ४. | रिस विषजस्तै हो | – मुक्तिनाथ शर्मा | ७ |
| ५. | लुम्बिनी विकास र सन्तोष | – भिक्षु अश्वघोष | ८ |
| ६. | मां | – (प्रेमा) प्रेम लक्ष्मी तुलाधर | ११ |
| ७. | बुद्ध विहारको सपना | – सुवर्ण शाक्य | १२ |
| ८. | मेरो लुम्बिनी यात्रा : सम्झेर ल्याउँदा, सोचेर हेर्दा | – घनश्याम राजकर्णिकार | १४ |
| ९. | बाल आश्रमलाई सहयोग | – | १८ |
| १०. | समाजको विकासमा धर्मको महत्व–१ | – डा. गणेश माली | १९ |
| ११. | धम्मपद–१८९ | – रीना तुलाधर | २० |
| १२. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | – | २० |
| १३. | कन्जुसी इल्लीस सेठ दानी बन्यो | – भिक्षु संघरक्षित | २१ |
| १४. | परिवर्तन | – आनन्दमानसिंह तुलाधर | २३ |
| १५. | ऐतिहासिक देवदह र विचित्र पाकरी रूख | – डिल्लीप्रसाद आचार्य | २४ |
| १६. | मानभित्र खन्न र खोतल्न जाँदा ... | – कोण्डन्य, बुद्ध विहार | २५ |
| १७. | शाक्य राज्य एवं कोलीय राज्यका कपिलवस्तु ... | – धर्मरत्न शाक्य, त्रिशूली | २७ |
| १८. | भगवान छपिं लुमना वइगु | – प्रा. आशाराम शाक्य | २९ |
| १९. | सम्यक् दृष्टि | – वीरेन्द्र श्रेष्ठ | २९ |
| २०. | ध्यान र स्वास्थ जीवन | – पूर्णमान महर्जन | ३० |
| २१. | कर्म र कर्म फलमा आर्य अष्टाङ्गिक मार्गको ... | – विजय लक्ष्मी शाक्य | ३१ |
| २२. | ऋषिणी प्रव्रज्या शिविरमा अनुभव–४ | – सुभद्रा स्थापित | ३२ |
| २३. | दानपारमिता | – हरिप्रसाद पराजुली | ३३ |
| २४. | धर्मबहादुर धाख्वायात जय जुइमा | – मेघदूत | ३५ |
| २५. | न्ह्याक्व दःसां मगाःगु जीवन | – मुनीन्द्ररत्न वज्राचार्य | ३६ |
| २६. | नेपालमा बुद्ध तिम्रो आवश्यकता पऱ्यो फेरि | – | ३६ |
| 27. | Validity and Vitality of The Theravada... | – Ven. Prof. Dr. Walpola Sri Rahula | 37 |
| 28. | Image of Buddha | – | 41 |
| 29. | World Peace (Cover Story) | – | 43 |
| 30. | Same Sayings of Buddha | – | 43 |
| ३१. | विपश्यना-ध्यान-साधना के, किन र कसरी ? | – | ४३ |
| ३२. | धर्मकीर्ति विहार–गतिविधि | – | ४४ |
| ३३. | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक कार्यक्रम | – | ४६ |
| ३४. | धर्म प्रचार–समाचार | – | ४८ |
| ३५. | बुद्धले देखाई दिएको एउटै शान्तिको बाटो छन् | – भिक्षु गौतम | ४९ |

# बुद्धको मानसिक कर्म गति

■ सत्यनारायण गोयन्का

सम्यक सम्बुद्ध हुनु भन्दा पूर्व बोधिसत्वले असंख्य जन्ममा पारमिताहरू परिपूर्ण गर्ने ब्रत पूरा गरे। पारमिताले शरीर, वाणी र चित्तका कर्महरूलाई निर्मल गर्ने काम गर्दछ। भगवान दीपंकरको पादमूलमा बसेर सम्यक सम्बुद्ध बन्ने संकल्प गर्दा यस्तो करुण चित्तले लिएका थिए कि केवल मेरो मुक्ति मेरो लागि मात्र श्रेय छैन, म धेरै ब्यक्तिको मुक्तिको सहायक बन्न सकूँ, तब मात्र मेरो मुक्ति श्रेयस्कर हुन्छ। अत: बोधिसत्वको हरेक जीवन मैत्री र करुणाले भरीपूर्ण हुन्थे। आफ्नो अन्तिम जीवनमा बोधि-बृक्षको मूनि बसेर सम्यक सम्बोधि प्राप्त गरे र नितान्त विकारविमुक्त भए। त्यसको परिणाम स्वरूप महाकारुणिक भए, सुगत भए। शरीर र वाणीबाट त कुनै दुष्कर्म गर्ने प्रश्न नै उठ्दैन, मन बाट कुनै दुष्कर्म गर्नको लागि अशक्य र असम्भव नै हुन्छ।

कसैले भगवान बुद्धको बारेमा भनेका छन्– **सो नेव अत्तब्याबाधाय चेतेति, न परब्याबाधाय चेतेति।**

- न उहाँ आत्मपीड़नको लागि चिन्तन गर्नु हुन्छ, न अरुको पीडाको लागि चिन्तन गर्नु हुन्छ।

**न उभयब्याबाधाय चेतेति।**

- न आफ्नो र अरुको पीडा हुने चिन्तन गर्नु हुन्छ।

**अत्तहितपरिहितउभयहित सब्बलोहितमेव सो भवं गोतमो चिन्तेन्तो निसिन्नो होति।** – *(म.नि.२.३८७, ब्रह्मायुसुत्त)*

- गौतम तपाई आत्महित, परहित, उभयहित र सर्वलोक हितको कुरामा नै चिन्तन गर्नु हुन्छ।

नितांत विमुक्त अवस्थासम्म पुग्नको लागि सुगतले लोकमंगलको नै चिन्तन गर्नेछ, किनकि उनको मनबाट राग, द्वेष र मोह पूर्ण रूपमा निस्किसकेको छ। त्यसैले भनियो –

**येसं, भन्ते, रागो...दोसो....मोहो पहीनो उच्छिन्नमूलो तालावत्थुकतो अनभावङ्कतो आयतिं अनुप्पादधम्मो, ते लोके सुकता।** – *(अ.नि.१.३.७३, आजीवकसुत्त)*

- जसको राग......द्वेष......मोह प्रहाण भइसक्यो, जरासम्म निक्लिसक्यो, जो शिर काटिएको ताडको रुख झैं भइसक्यो उस्को भविष्यमा फेरि उत्पत्ति हुने कुनै आशंका नै छैन, त्यो नै संसारमा सुगत हो।

किनकि सुगतको ब्यापाद हटिसक्यो, द्वेष-द्रोह विनाश भइसक्यो, अत: अब्यापादको जीवन जिउँदछ अर्थात मैत्रीको जीवन जिउँदछ।

**अब्यापज्झारामो, भिक्खवे तथागतो अब्यापज्झरतो।**

- तथागत अब्यापाद अर्थात मैत्री भावमा नै नियत रहन्छ, मैत्री भावमा नै लीन रहन्छ।

सुगतको चाल-चलन, उनको रहन-सहन स्वभावत: संयम हुन्छ। उहाँ शरीर, वाणी र चित्तबाट त्यस्तो कुनै काम गर्नु हुन्न, जुन अकुशल छ, जुन अन्य प्राणिहरूका लागि हानिकारक छ। जस्को चित्त नितान्त निर्मल छ, उसको कर्म स्वत: निर्मल हुन्छ, स्वत: निर्दोष हुन्छ। जसको कर्म सदोष हुन्छ, उसले आफ्नो दुष्कर्म लुकाउने प्रयत्न गर्छ। त्यसको लागि झूठो बोल्छ र अन्य अकुशल कर्म गर्दछ।

तथागतको कुनै शारीरिक, वाचिक र मानसिक दुष्कर्म हुँदैन, त्यस्तो कुनै मिथ्या आजीविका हुँदैन, त्यसैले तथागतले दोस्रो ब्यक्तिलाई हानी हुने काम गरें की भन्ने सावधानी लिनु नै आवश्यक पर्दैन।

मन स्वच्छ छ भने मनबाट हुने सारा कर्म स्वच्छ नै हुन्छ। मनको कर्म स्वच्छ भयो भने शरीर र वाणीको कर्म पनि स्वत: स्वच्छ हुन्छ। बाहिर-भित्र स्वच्छ नै स्वच्छ, निर्मल नै निर्मल। तब सारा जीवन एउटा खुल्ला किताब झैं हुन्छ। के लुकाउने ? किन लुकाउने ?

जब कसैको मनमा यश, नाम कमाउने आकांक्षा हुन्छ तब निन्दा हुने डरले मनमा अकुशल कर्म गर्न थाल्छ। उसले वास्तविकतालाई लुकाएर मिथ्या कुरालाई दर्शाउँछ। तर सुगत निन्दा र प्रशंसाबाट निक्कै माथि पुगिसकेको थियो, यी दुवैबाट अलग भईसकेको थियो। अत: यस्तो ढोंग गर्नु आवश्यक नै पर्दैन।

जब तथागत माथि कसैले आक्रोश गर्दछ, उहाँलाई निन्दा गर्दछ, क्रोध गर्दछ, उहाँलाई कष्ट दिन्छ भने पनि तथागतलाई आघात हुँदैन। तथागत विचलित हुँदैन र चित्तमा विकार जगाउँदैन।

जब तथागतलाई कसैले सत्कार गर्दछ, आदर गर्दछ, सम्मान गर्दछ, पूजा गर्दछ तब पनि तथागतको चित्त हर्षले विभोर भई डुब्दैन।

जुन सुगतको चित्त यसप्रकार स्थापित भइसकेको छ, उहाँले प्रिय होस् या अप्रिय त्यस अवस्थामा मनलाई कसरी दूषित गर्नु हुन्छ र ? कुनै पनि प्रकारको अकुशल वितर्क कसरी गर्नु हुन्छ र ?

अकुशल वितर्क तीन प्रकारका छन्–

१) **अनवज्जत्ति पटिसंयुत्तो** - निंदित नहुने कामना संग संयुक्त,
२) **लाभसक्कारसिलोकपटिसंयुत्तो** - लाभ-सत्कार र प्रशंसाको कामना संग संयुक्त,
३) **परानुद्दयतापयपटिसंयुत्तो** - अन्य ब्यक्तिहरूको दया, अनुकंपा प्राप्त गर्ने कामना संग संयुक्त।

सुगत यी सबै कामनाहरूबाट मुक्त हुनुहुन्थ्यो, त्यसैले अकुशल वितर्क बाट मुक्त रहनु हुन्थ्यो।

भयको कारण पनि मानिस आफ्नो मन मैलो गर्दछ र आफ्ना कमजोरीलाई लुकाउन वाणी र शरीरले दुष्कर्म गर्दछ। परन्तु सुगतले चार वैशारद्य प्राप्त गरेका थिए अर्थात नितांत निर्भयता प्राप्त गरेका थिए। अत: उहाँ भय जन्य विकार पैदा गर्नु हुन्न, भय निम्न प्रकारको ब्यक्तिलाई हुन्छ।

१. सम्यक सम्बुद्ध प्राप्त नगरिकन पनि आफूलाई सम्यक सम्बुद्ध घोषित गर्नेलाई भय हुन्छ।
२. क्षीणास्रव अरहन्त अवस्था प्राप्त नगरिकन अरहन्त हुँ भनेर घोषणा गर्नेलाई यस्तो भय हुन्छ।
३. अंतराय अल्पत्र हुने धर्मको सेवन गरेर पनि आफूलाई अन्तरायबाट मुक्त घोषित गर्नेलाई भय हुन्छ।
४. मुक्ति मार्गमा न लैजाने मिथ्या धर्मको उपदेश गर्नेलाई भय हुन्छ।

यस्तो ब्यक्तिलाई संधैं भय भईरहन्छ, कसैले सत्य थाहापाएर कहीं मलाई प्रश्न त सोध्ने होइन, म के उत्तर दिऊँ ?





Downloaded from http://www.dhamma.digital

यस्तो भय संधै रहीरहन्छ ।

सुगत यी चारै विषयबाट अलग हुनुहुन्थ्यो । उहाँ यस प्रकारको कुनै भूल गर्नु हुन्न थियो । अतः निर्भय हुनुहुन्थ्यो ।

सुगतले आफ्नो मनोबल यसरी दृढ गर्नुभएको थियो कि यसै कारण उहाँलाई दशबलधारी भनिन्छ । सुगतको दश मनोबल यी हुन्–

१. उहाँ स्थानलाई स्थान र अस्थानलाई अस्थानको रुपमा यथाभूत जान्नुहुन्थ्यो ।
२. उहाँ अतीत, वर्तमान र भविष्यको कर्मफललाई हेतु सहित यथाभूत जान्नुहुन्थ्यो ।
३. उहाँ सर्वत्रगामिनी प्रतिपदालाई यथाभूत जान्नुहुन्थ्यो ।
४. उहाँ अनेक धातु, नाना धातुका लोकलाई यथाभूत जान्नुहुन्थ्यो ।
५. उहाँ नाना संकल्प गर्ने प्राणीहरूलाई यथाभूत जान्नुहुन्थ्यो ।
६. उहाँ अन्य प्राणिहरूका इन्द्रियहरूको सबलता र दुर्बलतालाई यथाभूत जान्नुहुन्थ्यो ।
७. उहाँ ध्यान, विमोक्ष, समाधि, समापतिका उपलब्धिहरूमा बाधा पैदा गर्ने दोष, बाधा विहीन निर्दोषता र त्यसको उत्थानलाई आफ्नो अनुभवले जान्नुहुन्थ्यो ।
८. उहाँ अनेक पूर्वजन्मलाई थाहापाउनु हुन्थ्यो ।
९. उहाँ विशुद्ध दिव्यचक्षु द्वारा प्राणिहरूको जन्म-मृत्यु र सङ्गति-दुर्गतिलाई स्पष्टतया देख्नु हुन्थ्यो ।
१०. उहाँ आस्रव रहित चित्तको चित्त-विमुक्ति र प्रज्ञा-विमुक्ति लाई यसै जन्ममा साक्षात्कार गरेर विहार गर्नु हुन्थ्यो ।

यस प्रकार चार वैशारद्य र दशबलधारी सुगतको मनमा मैलोको धमिलो मसिनो रेखा पनि तान्न सक्दैनथ्यो । उनको मन सतत् नितान्त निर्मल र निष्कपट रहन्थ्यो । जब मन नै कुनै दुष्कर्म गर्दैन भने वाणी र शरीरबाट दुष्कर्म कसरी हुन्छ ?

जब दसबलधारी सुगतको प्रशंसा प्रशस्ति देश-देशमा, नगर नगरमा, गाऊँ-गाऊँमा र घर घरमा फैलिन थाल्यो, तब अनेक लब्ध-प्रतिष्ठ ब्राह्मण आचार्य यस कीर्ति कथाको सत्य जाँच्नको लागि भगवान समक्ष स्वयं पुगे र कसैले आफ्ना प्रमुख शिष्यहरूलाई पठाए ।

जस्तो माथि उल्लेख गरिए झैं, दक्षिणको शतायु ब्राह्मणबावरीले आफ्ना सोह्र जना प्रौढ, अनुभवी शिष्यहरूलाई यसको निमित्त भगवान बुद्ध समक्ष पठाए । ती मध्ये एकजना प्रसिद्ध ब्राह्मण आचार्य पिंगिय थिए । भगवानलाई भेटे पछि, उनको शरीर -लक्षण जाँच गरे र आफ्ना साथिहरू सहित पूर्ण आश्वस्त भए कि भगवानको कीर्ति-प्रचार जस्तो फैलिएको थियो त्यही ठीक छ । भगवान बुद्धको एउटा विशेषताले उनलाई सर्वाधिक प्रभावित पाऱ्यो । भगवान कसैले भनेको अथवा सुनेको, पढेको कुराको उपदेश दिनु हुन्न थियो । जस्तो आफूले अनुभव गरेको थियो त्यही अन्य मानिसहरूलाई सिकाउनु हुन्थ्यो । उहाँको शिक्षा यथाभूत अर्थात यथार्थको शिक्षा थियो, काल्पनिक मान्यताको होइन । उहाँ निर्मल चित्तको हुनुहुन्थ्यो, प्रज्ञाले पूर्ण हुनुहुन्थ्यो, जीवनमुक्त हुनुहुन्थ्यो ।

जसको मनमा कामनाहरू बाँकी छ, जो 'अहं', 'मम' संग बाँधिएको छ, त्यस्तो व्यक्ति आफ्नो उद्देश्य पूर्तिको लागि झूठो बोलेर अरुलाई ठग्छ । जो निष्काम छ, निवृत छ, विमुक्त छ उसले किन ठग्छ, कसलाई ठग्छ ?

## सुगतको जीवनचर्या

ब्राह्मण नेताहरूद्वारा भगवानलाई जाँच गर्ने प्रयास जारी थियो । त्यस्तै बनावटी कारणबाट पनि प्रसिद्धि हुन सक्छ । अतः सत्यको खोज-तलास गर्नु पनि स्वभाविक नै थियो ।

एक समय भगवान स्वयंले भन्नुभएको थियो कि कोही व्यक्ति हेर्दा सुन्दर छ, प्रभावी छ र बोल्नमा चतुर छ भन्दैमा यी नै कारणबाट कोही साधु-सन्त हुनसक्दैन । उ इर्ष्यालु र धोखे बाज पनि हुन सक्छ ।

अझ समझदार ब्राह्मणहरूद्वारा उनको पूरा जाँच गर्नु उचित नै थियो । ब्राह्मण नेता ब्रह्मायुले आफ्ना मेधावी शिष्य उत्तर माणवकलाई भगवान बुद्धको सत्य जाँच्न भगवान कहाँ पठाए । लामो समयसम्म संगै रहेर भगवानको जीवनचर्यालाई राम्ररी अध्ययन गरे । उनको गुरु समक्ष आफूले जे देखेको छ त्यसको विवरण प्रस्तुत गरे, सुगतको महान व्यक्तित्वको त्यो एउटा सजीव वर्णन थियो ।

उसले भगवानको अत्यन्त अनुशासित चाल-चलनको वर्णन गर्दै भन्यो कि उनी जब हिंड्छ तब संधैं दाहिने खुट्टा पहिला उठाउँछ । न ठूलो पाईलाले हिंड्छ न सानो पाईलाले हिंड्छ । न एकदम छिटो हिंड्छ न ज्यादै ढिलो हिंड्छ । न पैलाता घिसारेर हिंड्छ न पञ्जा डबाएर हिंड्छ । न खुट्टा धेरै उठाएर हिंड्छ, न हल्लाएर, न डोलाएर हिंड्छ, न घुमाएर हिंड्छ । हिंड्दा शरीरको तलको भागको बलमा नै हिंड्छ । माथिल्लो भागको कुनै बल प्रयोग गर्दैन, अतः हलन चलन या गति हुँदैन । चीवर उनको शरीरमा न धेरै माथि हुन्छ न धेरै तल लत्रिएको हुन्छ । न धेरै कस्सीएको हुन्छ न खुकुलो हुन्छ, न हावामा फरफर उड्ने नै हुन्छ । उनको शरीरमा धूलो लाग्न पाउँदैन किनकी शरीरलाई पूर्ण रूपले ढाकेर हिंड्छ ।

हिंड्दा न आँखा माथि उठाएर हिँड्छ न झुकाएर न यता उता घुमाएर हिँड्छ । अगाडिको भूईंको केवल दुई कदमको दूरी सम्म मात्रै नजर रहेको हुन्छ, बाँकी सारा ज्ञान-दर्शन । हिंड्दा आफ्नो शरीरमा आँखा नडोऱ्याएर पनि, त्यसको अनुभव गर्दै हिँड्छ ।

गृहस्थको घरमा प्रवेश गर्दा पनि न आफ्नो शरीरलाई ठाडो राख्छ न झुकाउँछ । आफ्नो गौरव अनुकूल शरीरको स्थिति बनाई राख्छ । बिछ्याइएको आसनमा बस्दा न आसनबाट धेरै टाढा बस्छ न धेरै नजीक । न हातले टेकेर बस्छ, न मानौं कुनै अपाङ्ग व्यक्ति शरीर सम्हाल्न नसकि लडे झैं बस्छ । न उनको हातमा चञ्चलता देखिन्छ न खुट्टामा । न घुँडाले टेकेर बस्छ न हात घुँडामा टेकेर बल लगाएर बस्छ । श्रमण गौतम अत्यन्त निश्चल स्वस्थ, स्व-स्थित भएर बस्छ । उनी सर्वथा **अहम्भी, अकम्पी, अवेधी, अपरितस्सी, विगतलोमहंसो, विवेकवत्तो च सो भवं गोतमो अन्तरघरे निसिन्नो होति** *-(म.नि. २(३८७, ब्रह्मायुसुत्त)* । अर्थात्– अभय, अकंपित, अविचलित, अपरित्रस्त, अरोमांचित र विवेकयुक्त रहेर बस्छ । उनको बसाईमा सौम्य र गम्भिरता छाएको हुन्छ ।

भोजन ग्रहण गर्नु पूर्व जब आफ्नो भिक्षा पात्र पखाल्छ, त्यस समय पानी लिंदा न पात्रलाई धेरै तल राख्छ न धेरै माथि, न बढि झुकाउँछ न उठाउँछ । पात्र पखाल्न न धेरै पानी लिन्छ न थोरै पानी लिन्छ । पात्र पखाल्दा न खल-खल आवाज आउँछ, न पात्र घोप्ट्याएर पखाल्छ । पात्रलाई भूईंमा राखेर आफ्नो हात धुँदैन । पात्र पखाल्दा हात पनि धोईन्छ, हात धुँडा पात्र पखालिन्छ । पात्र र हात

धोएको पानी न टाढा फाँकीन्छ न नजीकै, न हल्लाएर फ्याँकिन्छ। अर्थात उनको सारा काम एक्दम अनुशासित हुन्छ।

भोजन (भात) न अधिक ग्रहण गर्छ, न थोरै। भोजनको निश्चित मात्रा जानेर लिन्छ। त्यस्तै अन्य परिकार तरकारी आदि पनि आफूलाई चाहे जति लिन्छ। भातको गाँस संगै धेरै तरकारी लिंदैन। पहिला एक गाँस मुखमा राखेर पूरा निलिसके पछि मात्रै दोस्रो गाँस लिन्छ। भातको जुठो सिता मुखबाट निस्केर कहिले पनि शरीरमा पोख्दैन। भोजन गर्दा स्वादको अवश्य अनुभव गर्छ तर उनको आस्वादनमा रागको प्रतिक्रिया देखिंदैन। उनको आहार मोज मस्तीको लागि, शौकको लागि अथवा शरीर सुन्दर बनाउनको लागि होइन। शरीरलाई आवश्यक स्थिति बनाई राख्न र जीवन धारा चलाउन शुद्ध धर्मआचरणको जीवन जिउनको लागि जति आवश्यक छ, त्यति नै आहार ग्रहण गर्छ। जसबाट भोकको पुरानो वेदना हटोस् र नयाँ जाग्न नपाओस्। श्रमण गौतमको दैनिक आहार यी गुणबाट परिपूर्ण हुन्छ।

जस्तो भोजन अघि त्यस्तै भोजन उपरान्त पनि संयमित रूपले पात्र र हात धुन्छ। आफ्नो भिक्षा-पात्रको प्रति न क्रोध गर्दछ न आसक्त भएर त्यसको सुरक्षाको बारेमा चिन्तित हुन्छ। भोजन पश्चात केही समय धर्मासनमा चूपचाप मौन रहन्छ। धेरै समयसम्म मौन रहँदैन, भोजन दान-अनुमोदनको अनुकूल समय अतिक्रमण नहोस्। सधैं भोजनको अनुमोदन गरिन्छ, निन्दा गर्दैनन्। अनुमोदन गर्दा यस्तो आभास् पनि आउँदैन कि मलाई पटक-पटक यस्तो भोजन दान प्राप्त होस्। अनुमोदन पछि धर्म देशना दिनु हुन्छ त धर्म-कथा द्वारा **सन्दस्सेति** अर्थात सम्यक रूपले दर्शन गराउँछ। धर्मको देशना गर्नुको मतलब भित्रको सत्यको दर्शन गराउनु हो। धेरैजसो त आफ्नो पूर्व पारमीको कारण केही व्यक्तिहरू भगवानको वाणी सुन्दै-सुन्दै भित्रको सत्य स्वत: चाल पाउँछ र अनुभव गर्न थाल्छ। यसै अर्थमा **सन्दस्सेति**। **समादपेति** अर्थात उनीहरूलाई उत्साहित गर्छ। भित्र हेर्न थाल्नेहरूका लागि धर्मको प्रति स्वत: उत्साह उत्पन्न हुन्छ। **समुत्तेजेति**- उनीहरूलाई राम्ररी नै उत्तेजित गराउँछ। उनीहरूमा धर्म संवेग जाग्न थाल्छ। **सम्पहंसेति**- उनीहरूलाई प्रसन्न गर्दछ। यस्तो कल्याणकारिणी देशना सुनेर श्रोता प्रसन्न हुने त स्वाभाविक नै भयो।

त्यस पश्चात् जुन प्रकारले आएको थियो, त्यसै प्रकारले नापी-तौली आफ्नो पाईला अघि बढाउँछ र विहारतर्फ फर्किन्छ। विहारमा पुगे पछि विछ्याइएको आसनमा बस्छ र खुट्टा धुन्छ। खुट्टा धुनु राम्रो पार्नुका लागि होइन, मैलो पखाल्नको लागि हो। फेरि केहि समय पलेंटी कसेर जिऊलाई सीधा राखी सजगता पूर्वक बसीरहन्छ। तत्पश्चात विहारका भिक्षु परिषदलाई उत्साहित गर्न धर्म देशना गर्छ। भिक्षु परिषदलाई पनि उपरोक्त प्रकारले **सन्दस्सेति, समादपेति, सुमुत्तेजेति** र **सम्पहंसेति** अर्थात सत्य अनुभव गराई उत्तेजित, उत्साहित र आनन्दित गर्छ।

अरूहरूलाई पनि यसै प्रकारले धर्मदेशना गर्छ। श्रोता परिषद बृहत होस् या सानो होस् त्यही अनुरूप उनको आवाज ठूलो या सानो हुन्छ। यसरी आफ्नो स्वरमा उनको प्रभुत्व रहेको हुन्छ। उनको धर्मदेशना सुनेर जब मानिसहरू फर्कन्छन् तब उनलाई पीठ नफर्काई विस्तारै पछि पछि गएर उनको दर्शनीय चेहरालाई हेर्दै-हेर्दै पछाडि हट्छ। उनको प्रभावशाली व्यक्तित्व र उनको प्रभावशाली वक्तृतालाई स्रोताले भुलाउन चाहे पनि भूल्न सक्दैन, त्यो चिरस्मरणीय रहीरहन्छ।

ब्राह्मण कुमार उत्तर माणवकले आफ्ना गुरु ब्रह्मायुलाई अगाडि भने- कि "मैले श्रमण गौतमलाई हिंड्दा देखेको छुँ। उभिंदा देखेको छु।गृहस्थको घरमा प्रवेश गर्दा देखेको छुँ। भोज पश्चात अनुमोदन गर्दा देखेको छुँ। आफ्नो विहारमा फर्किंदा देखेको छुँ। विहारमा चुपचाप बसिरहँदा देखेको छुँ र आफ्नो परिषदलाई धर्म उपदेश गरिरहेको पनि देखेको छुँ।" यस प्रकार उनले भगवानको दिनचर्या एक पटक मात्र होइन पटक पटक देखेको थियो। उनी सर्वथा निर्दोष थियो र कोही पनि गृहत्यागी व्यक्तिका लागि उच्च आदर्श स्वरूप थियो। यी सबै देखेर माणवक एकदम प्रसन्न भए। भगवानको गुणमयी दिनचर्याको सजीव वर्णन प्रस्तुत गरेर पनि तृप्त भएन र अंतमा भन्यो-

**एदिसो न एदिसो च सो भवं गोतमो-** तपाईं, गौतम यस्तो हुनुहुन्छ, यस्तो हुनुहुन्छ।

यति मात्र होइन,

**ततो च भिय्यो-** यो भन्दा पनि अधिक छ।

कति भनूँ ?

उहाँको अतिशयोक्ति पूर्ण प्रशंसा गर्‍यो भन्नलाई उत्तर माणवक न भगवान बुद्धको भावुक भक्त थियो न कुनै श्रद्धालु शिष्य नै थिए। उनी त ब्राह्मण गुरु ब्रह्मायुका विद्वान शिष्य थियो। उनी त आफ्नो गुरुको आदेशमा गौतमलाई जाँच्न, उनको यथा तथ्य जाँच गर्न गएका थिए।

भगवानलाई एकपटक सरसर्ती हेरेर उनको भव्य व्यक्तित्वबाट प्रभावित भएर यस्तो वर्णन गरेका थिएनन्। भगवानको शरीरमा रहेका बत्तीस महापुरुष लक्षणलाई उस्ले ध्यान पूर्वक जाँचेका थिए। छ: महिनासम्म उनको छाँया झैं पछि पछि लागेर तथ्यदर्शी समालोचक झैं उनको रहन-सहन, चाल-ढाल, खान-पान, लोक व्यवहार, धर्म देशना तथा वाणीलाई बडो ध्यान पूर्वक, बुद्धिमानीपूर्वक जाँचेका थिए। त्यस पछि नै आँखाले देखेको विवरण प्रस्तुत गरेका थिए।

भगवानको जीवन भद्र थियो, भव्य थियो, शालीन थियो, सुन्दर थियो, संयमित थियो, अनुशासित थियो। यस कारण सुगत सुगत थियो।

## भगवान बुद्धको दिनचर्या

तिपिटक र त्यसको अट्ठकथाहरू (अर्थकथाहरू) लाई हेर्दा सुगतको दैनिक चर्याको एउटा भव्य स्वरूप हाम्रो सामु आउँछ।

सुगतको दैनिक चर्यालाई दुईभागमा बाँड्न सकिन्छ। उहाँ दिनमा केवल एक पटक मध्यान्ह पूर्व भोजन ग्रहण गर्नुहुन्छ। अत: चर्याको एक भाग भोजन भन्दा अगाडि र अर्को भाग भोजन भन्दा पश्चात्।

### भोजन अगाडिको चर्या

सुगत विहान हात, मुख धुने नित्य कर्मको पश्चात् भोजन भिक्षाटन जाने समय नहोउन्जेल सम्म एकान्त स्थानमा रहनु हुन्छ। कहिले काहीं भिक्षाटन जानु भन्दा अगाडि कुनै सन्यासीको आश्रममा धर्म-चर्चाको लागि जानु हुन्थ्यो। भिक्षाटनको लागि कहिले काँही एक्लै जानुहुन्थ्यो भने कहिले भिक्षुहरूका साथमा जानुहुन्थ्यो। गाऊँमा प्रवेश गर्नु अगाडि स्वयं र भिक्षु-संघ पनि आफ्नो आफ्नो चीवर, संघाटीलाई राम्ररी ओढ्थे। अगाडि अगाडि भगवान जानुहुन्थ्यो र पछि पछि पंक्तिबद्ध भएर शान्त-दान्त



Downloaded from http://www.dhamma.digital

भिक्षुगण । भिक्षुहरूको लाईनको यो दृश्य हेर्दैमा भव्य हुन्थ्यो होला, जस्तो आजकल पनि छिमेकी देशमा देख्न पाईन्छ । गाउँमा प्रवेश गर्दा अन्य गृहस्थ व्यक्तिहरू भोजनको लागि आ-आफ्नो घरमा आउन प्रार्थना गर्दथ्यो र साथमा यति संख्याका भिक्षुहरूलाई भनेर माग गर्दथ्यो । श्रद्धालु भक्तहरू भगवानको हातबाट पात्र लिएर उहाँलाई आफ्नो घरमा लान्थ्यो । उहाँलाई बिछ्याइएको आसनमा बसाएर भोजन परोस्थी । भोजन उपरान्त हात-मुख धोएर भगवान पुण्यानुमोदन गरेर गृहस्थलाई समयानुकुल धर्मउपदेश दिनुहुन्थ्यो । भोजन पश्चात् भिक्षु-संघ सहित भगवान विहारमा फर्किनु हुन्थ्यो । कहिले काँहीं भगवान गृहस्थका घर घरबाट भोजन प्राप्त गर्दथे त्यस्तै भिक्षुहरूले पनि घर घरबाट भोजन प्राप्त गर्दथे र एकान्तमा बसेर भोजन ग्रहण गर्दथे । भोजन पश्चात् त्यस्तै प्रकारले अनुशासित पंक्तिबद्ध भएर विहार फर्कन्थे । कहिले कांही भगवान भोजनको लागि जानु हुन्न थियो र जो भिक्षु भोजन दान लिएर आउँथे त्यही ग्रहण गर्नु हुन्थ्यो । यस्तो कमै मात्र हुने गर्थ्यो । फाल्गुनी होली “बाल-त्यौहार” अर्थात मुर्खहरूको तिहारमा भगवान विहारमा रहन मन पराउनु हुन्थ्यो । भोजन पश्चात् विहारमा फर्किए पछि भगवान खुल्ला ठाउँमा बिछ्याइएको बुद्ध आसनमा मौन रहेर बस्नु हुन्थ्यो । जब सबै भिक्षुहरूले भोजन खाई सक्छन् तब गन्धकुटीमा जानुहुन्थ्यो ।

**भोजन पछिको चर्या**

भोजन पश्चात गन्धकुटीको बरण्दामा बसेर भगवान आफ्ना खुट्टा धुन्थे र त्यहीं बुद्धआसनमा बसेर भिक्षु संघलाई उपदेश दिनुहुन्थ्यो । भिक्षुहरूलाई उनीहरूको अनुकूल साधनाको कर्मस्थान दिएर साधना गर्नकोलागि प्रोत्साहन गर्नु हुन्थ्यो । भिक्षुहरू भगवानलाई नमस्कार गर्दै साधना गर्न आ-आफ्नो स्थानमा जान्थे । कोही नजिकैको वनमा, कोही रूख मुनी, कोही शून्यागारमा ध्यान गर्छन् । त्यसपछि भगवान गन्धकुटीमा प्रवेश गरेर दाहिने करवटमा सिंह शय्यामा स्मृति संप्रज्ञान सहित शरीरलाई आराम दिईरहनु हुन्थ्यो । विश्राम पछि उठेर संसारलाई करुण दृष्टिले हेर्नुहुन्थ्यो । साँझ गाऊँका तथा शहरका मानिसहरू भगवानको सम्मानमा फुल आदि लिएर उहाँलाई नमस्कार गर्न आउँथे र भगवान उनीरूलाई समय अनुसार धर्म देशना दिनुहुन्थ्यो । धर्म चर्चा पछि मानिसहरू आफ्नो आफ्नो घर फर्किन्थे ।

*( साभार: ‘विपश्यना’ वर्ष-१९; अङ्क-१०; माघ २०५९ )*

# रिस विषजस्तै हो

■ मुक्तिनाथ शर्मा

मान्छेको जीवनमा क्रोध अर्थात् रिस एक किसिमले शत्रुका रूपमा रहने विषय हो । रिसले मानवलाई अन्धोजस्तै बनाउँछ । रिसले अन्धो भएको मान्छे जस्तोसुकै गर्न नहुने काम पनि गर्न पुग्दछ ।

रिसले आफूभित्र तथा इष्टमित्रबीचमा शत्रुता बढ्न जान्छ । त्यसबाट भैभगडा हुन्छ र पुन: शत्रुता बढ्छ । हुँदाहुँदा जीवनमरणको प्रश्नसमेत उठ्छ । यसैकारण श्रुतिस्मृतिमा रिसलाई विषजस्तै वर्णन गरिएको पाइन्छ ।

श्रीमद्भागवत्मा रिसको चर्चा छ र पुराणहरूमा पनि यस्ता प्रसंग छन् । गीतामा श्रीकृष्णले अर्जुनसँग भन्नुभएको छ, ‘क्रोधात्भवति सम्मोह: सम्मोहात्स्मृति विभ्रम स्मृति भ्रंशाद् बुद्धिनाशो बुद्धि नाशात् प्रणस्यति’ अर्थात् रिसको कारण मान्छे विचारहीन हुन्छ, विचार हीनताबाट स्मृतिमा व्यवधान आउँछ, स्मृति नाश भएपछि बुद्धि नष्ट हुन्छ, बुद्धि नाश त सर्वस्व नाश हुँदै हो । यस्तो सत्य थाहा पाएपछि हामीले थाहा पाउनुपर्‍यो, रिस विषजस्तै हो र यो ठूलो शत्रु हो ।

अब बुझ्नुपर्ने कुरा के रह्यो भने रिस किन र कसरी हुन्छ र त्यसबाट बच्न के गर्नुपर्दछ । यस विषयमा चिन्तनमनन गर्दा लाग्छ, रिस त्यतिबेला उठ्छ जतिबेला कसैको चाहनामा रोकावट हुन्छ । उसले गर्न खोजेको कुरा गर्न पाउँदैन र नगर्न चाहेको कुरा गर्न बाध्य हुनुपर्ने हुन्छ । त्यतिबेला त्यो पात्र रिसाउँछ । रिसाएपछि ऊ ‘मेरो गोरुको बाह्रै टक्का’ भनेझै अन्धो हुन पुग्छ । यद्यपि ऊ गल्तीमा छ, तर महसुस गर्दैन । ऊ आफूलाई वा आफ्ना कुरामा अडिग हुन्छ । यसले गर्दा कर्ता स्वयंलाई घाटासिवाय नाफा हुँदैन ।

त्यसैले विद्वानहरू रिसबाट टाढै रहन सल्लाह दिन्छन् । रिस आइहाले पनि त्यसलाई दमन गर्नू भन्छन् । त्यसो गर्न धैर्यधारण वा धार्मिक चिन्तन जरुरी हुन्छ भनिन्छ ।

वास्तवमा रिस महाचण्डाल हो । यो पापी हो र आगो हो । यसले कर्ता स्वयंलाई जलाएर भष्म पार्छ । यो खराब आचरण, खानपिन र पापीहरूको संगतले मौलाउँछ । रिसभित्र द्वेष, दु:खकष्ट, भय, तिरस्कार, घमण्ड, अपमानजस्ता नकारात्मक विषय लुकेर रहेको हुन्छ । यसैकारण भनिएको हो, यो शत्रु हाम्रो मनमा आयो भने सबै नाश हुन बेर लाग्दैन । त्यसकारण यो शत्रुरूपी रिसबाट टाढै रहनुपर्दछ ।

*साभार- अन्नपूर्ण पोष्ट*

– ***“राग बराबरको आगो अर्को छैन, द्वेष बराबरको ग्रह अर्को छैन, मोह बराबरको जाल अर्को छैन र तृष्णा समानको नदी अर्को छैन ।”***

***– धम्मपद***

# लुम्बिनी विकास र सन्तोष





■ भिक्षु अश्वघोष

लुम्बिनीमा इस्वीपूर्व ६२३ मा सिद्धार्थ गौतमको जन्म भएको थियो । महामायादेवी माइतीघर देवदह जाँदा बीचमै लुम्बिनीशाल उद्यानमा सिद्धार्थ गौतमलाई जन्माइन् । त्यो दिन बैशाख पूर्णिमाको दिन थियो ।

बुद्ध परिनिर्वाणको २०० वर्षपछि सम्राट अशोकले आफ्नो राज्याभिषेकको बीसौं वर्षमा लुम्बिनीको तीर्थयात्रा गर्नुभैयो । त्यहीबेला उहाँले 'हिद बुधे जाते शाक्यमुनीति' अर्थात् शाक्यमुनि बुद्ध यहीँ जन्मनुभएको हो भन्ने उल्लेख भएको शिलास्तम्भ खडा गर्नुभएपछि लुम्बिनी नै बुद्धको जन्मस्थल हो भनी संसारले चिने । तर त्यसपछि धेरै वर्षसम्म पनि लुम्बिनी उपेक्षित भइरह्यो ।

सन् १८९६ मा जनरल खड्गशमशेर जबरा र डा फोहरर मिलेर अशोक स्तम्भ पत्ता लगाए लुम्बिनीमा । त्यसपछि सन् १९३० मा जनरल केशरशमशेर जबराले खनजोत गरेर मायादेवीको मूर्ति र सुनको बट्टामा राखिएको अस्थि (हाड) धातु फेला पारेपछि यो स्थानको थप चर्चा भयो । तर पनि यो स्थानका उचित संरक्षण एवं विकास हुन सकेन ।

सन् १९५६ मा नेपालमा भएको चौथो विश्व बौद्ध सम्मेलनको मौकामा संयुक्त राष्ट्रसंघका महासचिव ऊथान्तले लुम्बिनीको भ्रमण गर्नुभयो । लुम्बिनीको दशा देखेपछि उहाँ साह्रै भाव विह्वल हुनुभयो र यस क्षेत्रको विकास एवं संरक्षण गर्नुपर्ने प्रस्तावनालाई संयुक्त राष्ट्रसंघबाट पारित गराउनुभयो । जापानी प्रोफेसर केन्जो टाङ्गेले सन् १९७० मा तयार पार्नुभएको गुरुयोजनालाई सन् १९७८ मा नेपाल सरकारबाट स्वीकृत गराइसकेपछि सन् १९८५ मा आएर मात्र लुम्बिनी विकास कोषको स्थापना भयो । त्यसमाथि मात्र लुम्बिनीको क्षेत्रको विकास तीव्र गतिमा हुन थालेको थियो ।

आफ्नो मनको कुरा । चारपाँच वर्ष भयो लुम्बिनी जान नपाएको । धर्मोदयसभाको तर्फबाट बनाईदै गरेको स्वयम्भू चैत्य र लुम्बिनी विकास सम्बन्धी गतिविधि हेर्न खुब उत्सुक थिएँ । यसपटक काठमाडौंको जाडो छल्न र आराम लिनको लागि लुम्बिनी गएको थिएँ र एक महिनाभन्दा बढी त्यहीँ बिताएँ ।

मंसीर ३० गते बुद्ध एयरको विमानबाट काठमाडौंबाट १ बजे उडेकोमा आधा घण्टा पछि सिद्धार्थनगर (भैरहवा) पुगेँ । त्यहाँबाट लुम्बिनीसम्म पुग्न २२ किलोमिटर ट्याक्सीको यात्रा गर्नुपर्‍यो । लुम्बिनीको



Downloaded from http://www.dhamma.digital

पूर्वी गेटमा पुग्दा भित्र पस्न दिइएन । अनुमति लिनुपर्छ भनियो । मलाई त अलि भर्को र असन्तोष महसुस भयो । कस्तो असुविधा यात्रुहरूलाई ! त्यहाँबाट रिक्सा चढेर गौतमी विहारतर्फ गएँ । रिक्सालेे ३० रूपैयाँ लियो । तर पछि थाहा पाएँ खास भाडा चाहिँ २० रूपैया मात्र रहेछ । विहारमा सामान राखेर सरासर लुम्बिनी विकास कोषको कार्यालयमा गएँ र सचिव गोविन्द चित्रकारसँग भेटेँ । उहाँसँग मेरो राम्रो चिनापर्ची थियो । मायादेवी मन्दिर र अरू मन्दिरहरू दर्शनार्थ गाडीबाट आउने दर्शनार्थीहरूलाई किन अनुमति चाहिएको हो भन्ने प्रश्न राख्दा उहाँले नरम भाषामा भन्नुभयो "'यहाँ दैनिक ८०/९० वटा गाडीहरू आउँछन् । सडक कच्ची छ । त्यसैले सडकको सुरक्षाको लागि अलि कन्ट्रोल गर्न खोजिएको मात्र हो । काठमाडौं तथा टाढा-टाढाबाट आउने र विदेशी पर्यटकहरूका लागि अनुमति दिन्छौं नि !'

लुम्बिनीमा ताल बनाएको देख्दा, ढल निकासा बनाइएको देख्दा, नेपालीहरूबाट मायादेवी मन्दिरमा प्रवेश शुल्क नलिएको देख्दा बडो आनन्दको अनुभव भयो । पहिले पानी बग्ने ढल निकासा नबनाइएकाले वर्षात्को समयमा लुम्बिनी मायादेवी मन्दिर वरिपरिको इलाका पानीले भरिभराउ हुन्थ्यो । अहिले त्यो समस्या छैन ।

सुन्नमा आयो कि यो सबै विश्व बौद्ध शिखर सम्मेलनको उपलब्धि हो । लुम्बिनी तालको चर्चा गरेँ, तर पोखराको फेवातालमा जस्तो यहाँ डुंगा चल्ने गर्दैन । हुन त गुरुयोजनामा म्युजियमबाट नहरमा डुंगा चढेर मायादेवी मन्दिर दर्शन गर्नसक्ने व्यवस्था थियो । तर त्यो योजनाको स्वप्न मात्र भयो । लुम्बिनी योजना पूरा हुने कुरा भविष्यका पुस्ताले देख्न पाउलान् कि ?

लुम्बिनीमा पुगेको भोलिपल्टदेखि नवनिर्मित विहारहरू हेर्न गएँ । सबैभन्दा पहिले स्वयम्भू चैत्य निर्माणस्थल हेर्न गएँ । सो चैत्यको गुम्बोज पूरा भइसकेको रहेछ । गजुर तयार हुन लागेको थियो । चैत्यभित्र लगभग दुई-तीन हजार मान्छे अट्ने ठाउँ रहेछ । मलाई धेरै खुसी लागेको के भने म धर्मोदय सभाको अध्यक्ष हुँदा स्वयम्भू चैत्य निर्माणको चर्चा थियो । अब करीब करीब तयार हुन लागेको छ । वर्तमान अध्यक्षको पालामा चैत्यको निर्माण पूरा भई उद्घाटन हुने आशा छ ।

अब जाउँ लुम्बिनीमा दर्शन गर्न लायक के के छन् भन्नेतिर । सर्वप्रथम चर्चा गरौं नवनिर्मित मायादेवी मन्दिर को । यो नवनिर्मित मायादेवी मन्दिरले गर्दा नेपालको नाक जोगियो । किनभने मायादेवी मूर्तिलाई बेवारिस छाडिएको थियो । एउटा मन्दिर पनि बनाउन नसक्ने नेपाल सरकार भनिन्थ्यो । अब त्यो अपवादबाट मुक्त भयो । पुरानो मन्दिर कै आकारमा ठूलो हुने गरी बनाइदिएको रहेछ । फरक यत्ति थियो, माथि छतमा स्वयम्भू चैत्य आकारको स्तुप थपिएको थियो । पश्चिमतिर अशोक स्तम्भ छ, जस्मा ब्राह्मी लिपिमा राजा अशोकले 'हिद बुधे जाते शाक्यमुनीति' (यहाँ शाक्यमुनि बुद्ध जन्मेका हुन्) उल्लेख गरेका छन् । यसैले लुम्बिनीमा बुद्ध जन्मेको भनी प्रमाणित भएको हो ।

मायादेवीको दक्षिणमा पवित्र पोखरी छ, जहाँ मायादेवीले नुहाएकी थिइन् । अनि पूर्वमा राजकीय विहार छ जुन नेपाल सरकारले बनाएको हो । त्यहाँ भित्र पित्तलको भव्य नेपाली शैलीको बुद्धमूर्ति स्थापना गरिएको छ । त्यहीँभित्र लुम्बिनी विकासका प्रस्तावक संयुक्त राष्ट्रसंघका पूर्वमहासचिव ऊ थान्तको तस्वीर र २० इन्च लामो पुरानो इँटा प्रदर्शनको लागि राखिएको छ । यहीं नेपाली भिक्षु विमलानन्द महास्थविर बस्नुहुन्छ । त्यसको उत्तरतिरसँगै लामाहरू बस्ने राम्रो गुम्बा छ । मायादेवी मन्दिरको उत्तरतर्फ १०-१५ मिनेट जाँदा २४ घन्टै बलिरहने शान्तिदीप देखिन्छ । यो लुम्बिनीको एउटा दर्शनीय वस्तु हो ।

अखण्ड बत्तीको पूर्वतिर धर्मकीर्ति विहारद्वारा निर्मित अन्तर्राष्ट्रिय भिक्षुणी गौतमी विहार रहेको छ । तर काठमाडौं नलेखिएकोले कुन देशले बनाएको हो भन्ने



धम्मवती गुरुमांको नेतृत्वमा धर्मकीर्ति विहारद्वारा निर्मित विहार

कुरा उपत्यका बाहिरका मानिसहरूलाई थाहा छैन । यस मन्दिरभित्र दुईवटा धर्मशाला छन् । यहाँ चार पाँचवटा बसभरिका यात्रीहरू गए पनि बस्ने ठाउँ उपलब्ध छ । यहाँको विशेषता महामायादेवी, उहाँकी बहिनी प्रजापति गौतमी र सिद्धार्थकुमार जन्माएको मूर्तिको साथै प्रजापति गौतमी भिक्षुणी बनिसकेको चीवर वस्त्रधारी भिक्षुणी मूर्ति छ । बीचमा उँचा आसनमा भगवान बुद्धको मूर्ति छ ।



*ज्यापू महागुठीद्वारा निर्मित कमलको पोखरी*

सोही विहारको प्राङ्गणमा ज्यापू महागुठी-द्वारा निर्मित कमलको पोखरी छ । त्यही पोखरीको बीचमा ठूलो कमल फूलकोमाथि गौतम बुद्धको रमणिय कालो ढुङ्गाको मूर्ति छ । पोखरीको चारैतिर रङ्गीचङ्गी १०-१२ प्रकारका गुलाबको फूलको बोट रोपिएको छ । त्यहाँको रखबारी गर्न एकजना माली राखिएको छ, जसले एक वर्षदेखि तलब पाएको छैन रे ! यस विषयमा ज्यापु महागुठीले ध्यान दिनु आवश्यक देखिन्छ ।

गौतमी विहारको सँगै उत्तरतिर म्यानमार गोल्डेन टेम्पल (स्वर्ण मन्दिर) छ । सो विहार निर्माणार्थ बर्मा सरकारले आर्थिक संकलनका लागि नौलो तरिका अपनाएको थियो रे । सैनिक शासक आएपछि त्यहाँका जनतालाई विदेश भ्रमण गर्न निषेध थियो । जब लुम्बिनीमा विहार निर्माण सुरु भयो बर्मा सरकारले त्यहाँका जनतालाई बौद्ध चारधाम दर्शन गर्न जाने अनुमति दिए । तर यो शर्तमा कि प्रत्येक यात्रीले लुम्बिनीमा विहार निर्माणार्थ ५० हजार रूपैया चन्दा दिनुपर्नेछ । जनताले त्यो कुरा सहर्ष स्वीकार गरे । जसको फलस्वरूप अर्थ संकलन गर्न सजिलो भयो । सो विहार आफ्नै देशको कला संस्कृति अनुसार बनाइएको छ । विहारमा यात्रीहरूको लागि राम्रो आवासको व्यवस्था, सुविधाजनक कोठाहरू छन् । तर साधारण नेपालीहरूका लागि भने यहाँ ठाउँ छैन । किनकि नेपालीहरूले फोहोर गरेर जान्छन् रे । भिक्षुहरूको नेतृत्वमा गएकाहरूलाई मात्र यहाँ ठाउँ दिइने रहेछ ।

बर्मी विहारसँगै महाबोधी सोसाइटी कलकत्ताबाट बनाइएको सुन्दर विहार छ । बुद्धको दन्त धातुमन्दिर आकारको यो विहारको दाताचाहिँ जापानी हुनुहुन्छ । यसकोसँगै उत्तरतर्फ थाई राजाले बनाएको आफ्नै शैलीको विहार छ । त्यहाँ भित्र जाँदा थाई राजाको परिचय पाउन सकिन्छ । यहाँ पाँच/छ जना थाई भिक्षुहरू बस्नुहुँदो रहेछन् । विहारभित्र पस्दा थाइल्याण्ड पुगेको महसुस हुन्छ । त्यसपछि अखण्ड बत्तीको उत्तरतिर सत्यनारायण गोयन्काले स्थापना गर्नुभएको धम्मजननी नामको विपश्यना ध्यानकेन्द्र छ । धम्मजननीको अर्थ हो धर्म जन्मदिने माता । धर्मको अर्थ हो यहाँ असल मान्छे जन्माइन्छ । यहाँ हरेक अंग्रेजी महिनाको १५ तारिखदेखि २५ तारिखसम्म निरन्तर ध्यान शिविर सञ्चालन भइरहेको छ । अखण्ड बत्तीको पश्चिमतिर पण्डिताराम ध्यानकेन्द्र छ । यो बर्मी पण्डित महास्थविरले बनाउनुभएको हो ।

त्यसपछि अति रमणीय दर्शनीय चीन सरकारले बनाइदिएको आफ्नै कलाकृतिले भरिएको विहार छ । त्यहाँ पनि चिनियाँ भिक्षुहरू पाँच छ जना बस्नुहुँदो रहेछ । भित्र पस्नासाथै चीन पुगेको महसुस हुन्छ । त्यसको ठीक अगाडि विशाल कोरियन विहार छ । जहाँ पाँच छ वटा बसबाट गएका तीर्थयात्रीहरूलाई बस्ने व्यवस्था छ । जनही ५० रूपैयाँमा राम्रो खानाको व्यवस्था गरिएको छ । यहाँ सौचालयको पनि राम्रो सुविधा छ ।



*ज्योङहु चाइना टेम्पल*

भियतनामी बुद्धभूमि नामक विहार यहाँको अर्को



Downloaded from http://www.dhamma.digital



*महाबोधिसोसाइटीद्वारा निर्मित दन्तधातु मन्दिर श्रीलंकाको आकारमा*

आकर्षण हो । आफ्नै देशको कला संस्कृति अनुसार बनाइएको यो विहार प्रवासी भियतनामीहरूको आर्थिक सहयोगमा निर्माण भएको हो । विहारका संरक्षक र विहार निर्माता विद्वान् डा. भिक्षु लाम भन्नुहुन्छ– 'हामी विदेशीहरू श्रद्धाले बुद्ध जन्मभूमि लुम्बिनीको विकासका लागि करोडौं करोड रूपैंया खर्च गर्दैछौं । हामीहरूले भवन र मन्दिरहरू आफ्नो देशमा लैजानलाई बनाएका होइनौं, यहीं छोडेर जान्छौं । तसर्थ नेपाल सरकारले विभिन्न करहरू, बिजुली, सञ्चार, visa भीसा आदिमा लाग्ने शुल्कमा सहुलियत दिओस् भन्ने हाम्रो अपेक्षा छ ।'

भियतनामी विहारपछि उत्तरतिर सबैभन्दा दर्शनीय तारा फाउण्डेशन जर्मनीद्वारा निर्माण गरिएको अति आकर्षक मन्दिर हो । मन्दिरको साथमा बगैंचा भएकाले



*तारा फाउण्डेशन जर्मनीद्वारा निर्मित मन्दिर*

वरिपरिको वातावरण स्वच्छ र आनन्ददायक छ । बगैंचामा ठाउँठाउँमा बुद्ध जीवनीसम्बन्धी झाँकीहरू समावेश गरिएका छन् ।

लुम्बिनीका अन्य दर्शनीय स्थलहरूमा फ्रान्सको चैत्य, हाम्रो देशका मनाङ्गेहरूले बनाएको चैत्य, म्युजियम र अन्तर्राष्ट्रिय अन्वेषण अध्ययन संस्थान हो । यहाँ सबभन्दा पहिले श्रीलंकाली धर्मशाला बनाइएको थियो । मायादेवी मन्दिर वरपर बनाउनुपर्ने धर्मशाला तीन किलोमिटर टाढा जंगलको बीचमा बनाइएकाले त्यसको सदुपयोग भएको छैन । हाल सो धर्मशाला बन्द छ । सबैभन्दा उत्तरमा जापानी शान्तिस्तूप दर्शनीय छ । त्यहीं बस्नु भएको जापानी भिक्षु शहीद बन्नु भएको ठाउँमा नेपाली कलाको सानु चैत्य निर्माण गरिएको छ । ■

**धर्म प्रचार** — समाचार

### शील प्रार्थना व बुद्धपूजा

*२०६३ वैशाख १ गते, शुक्रबार*

ल.पु. विश्वमैत्री विहारे शीलप्रार्थना व बुद्धपूजा ........ गुरुमां धर्मचारीं स्रोतापन्न जुलकि मिथ्यादृष्टि दैमखुगु कना बिज्यात । दिलशोभा शाक्यं मनूतय् चाला बामलागुलिं थौं अशान्त जुयाच्वंगु खँ धया दिल । सल्हुपतिकया धार्मिक कार्यक्रमया बारे सँ कना बिज्यापिं अष्टमाया व हेराकाजी सुजिका पिन्त गुरुमां नं सिरपा ल:ल्हागु नापं धर्मराज निभानं कविता ब्वना न्यकादिल । प्रेमबहादुरं लसकुस व शान्तमानं सुभाय् देछागु जुल ।

## मां

■ (प्रेमा) प्रेम लक्ष्मी तुलाधर, न्यत:

**मां** - मायाया समुद्र थें दुग्यंगु थाय् ख:

**मां** - मैत्रिया निर्मलगु भरनाया शितलता ख:

**मां** - करुणाया बिस्वस्तगु सुन्दरगु किच:ख:

**मां** - मुदिताया सुख: दु:खया बुंगा:चा ख:

**मां** - उपेक्षाया शहनसिलताया उच्चगु स्वभाव ख:

**मां** - चतुब्रह्म विहारया खानी ख: ।

● क्रोध नगर, अभिमान नगर, सबै बन्धनबाट पार तरेर जाउ, नाम-रूपमा आशक्त नहुने परिग्रह रहित व्यक्तिलाई दुःख सन्ताप हुनेछैन । - धम्मपद

● जो संधै जाग्रत भएर रातदिन योगाभ्यासमा लागीरहन्छ, निर्वाण नै जस्को एकमात्र अभिलाषा हुन्छ, त्यस व्यक्तिको आस्रव र चित्तमल नष्ट हुन्छ । - धम्मपद

# बुद्ध विहारको सपना

नेपाललाई बौद्धहरूको पुरानो बस्ती भनि भनिन्छ । यहाँको हिमालीखण्ड बौद्धजनजाति शेर्पाहरूको बासस्थान हो । पहाडी क्षेत्रमा तामाङ गुरुङ आदि बौद्धहरूको घना बस्ती रहेका छन् । रूपन्देही, कपिलवस्तु आदि जिल्लाका तराई भाग बौद्धअवशेष्का जिल्ला हुन् । गोपुच्छगिरिको स्वयम्भू रहेको उपत्यका बौद्धदर्शन, बौद्धसंस्कृति, बौद्धकला र बौद्ध विहार रहेको ऐतिहासिक थलो हो । बुद्धानुयायीलाई बौद्ध भन्दछन् । नेपाली बौद्धजगत्मा धेरैप्रकारका बुद्धहरूको नाम पाइन्छन् । पूजा भक्तिका बौद्धव्यवहार पनि अनेकप्रकारका पाइन्छन् । यहाँका बौद्धहरूले कुनचाहिँ बुद्धको पूजा गरी भक्तिभाव दर्शाइराखेका छन् भन्ने कुरा पनि छुट्याउन त्यति सरल छैन ।



■ सुवर्ण शाक्य

'बुद्ध' भन्नासाथ मायादेवी र शुद्धोदनको पुत्र हुन् भनी प्राय: जसोले संझन्छन् तर बुद्धपूजा भनी पूजा गर्दा उनै मायादेवीपुत्र सिद्धार्थ बुद्धकै मात्र पूजा भइरहेको जस्तो देखिँदैन । गौतम बुद्धले शीलयुक्त श्रद्धालाई पूजा मानेको छ । यहाँ बुद्धसंबन्धमा श्रद्धाभिव्यक्ति र पूजाविधि बुद्धउपदेशअनुकूल नरहेको पनि देख्न पाइन्छ । जसलाई जस्तो व्यवहार मनपर्छ त्यसलाई त्यस्तै विधिद्वारा भक्ति पोख्नु नै वास्तविक पूजा हुने हुन्छ । जसलाई जुन कुरा निको लाग्दैन त्यसलाई त्यस्तै कुरा र विधिले पूजा भाव गर्दा त्यस्तो पूजा वास्तविक पूजाको पंक्तिमा आउँदैन । यहाँ गरिने बुद्धपूजामा वास्तविकताको नाममा विविधता पाइन्छ ।

श्रद्धावान्हरूले आफ्नो अनुकूलको जुनसुकै सार्वजनिक ठाउँमा पर्यन्त बुद्धमूर्ति स्थापना गरेको देखिन्छ । त्यस्ता मूर्तिहरूलाई सार्वजनिकरूपमा सबैले प्रदक्षिणा र पूजा गर्ने गर्दछन् । विशेष गरेर संरक्षण र नित्यपूजा गर्ने गरी सविधि सुरक्षित स्थानमा बुद्धमूर्ति प्रतिष्ठापना गरिन्छ । त्यस्तो बुद्धमूर्ति रहेको ठाउँलाई विहार भनिन्छ । विहार कलात्मक, दर्शनीय, शोभनीय किसिमले शास्त्रानुमत विधि पुऱ्याई बनाइएको हुन्छ । विहारका संरक्षकहरू बुद्धाचार अनुसार विहारमै बस्ने हुन्छन् । विहार सर्वसाधारणको लागि बौद्धशिक्षा दीक्षा दिने विद्यापीठको रूपमा रहेको हुन्छ । त्यस विहारमा मुख्य बासिन्दा बुद्धोपदेशित विधिअनुसार प्रव्रजित भई संघको रूपमा रहने गर्दछन् ।

आजकाल नेपालमा २ किसिमका विहारहरू रहेका छन् । एउटा अल्पकालीन प्रव्रज्या ग्रहण गरी गृहस्थी भेषमा गृहस्थको रूपमा रहेकाबाट संचालित विहार र अर्को दीर्घकालीन प्रव्रज्या लिई चीवरसहितको भिक्षुको रूपमा रहेकाबाट संचालित विहार । विहार स्थापित हुनुको उद्देश्य मानिसलाई बुद्धोपदेशित आचरणमा संलग्न गर्नु गराइनु हो । बुद्धको उपदेशमा शीलाचरण र विनय नै मूल विषय रहेको छ । शीलको संक्षिप्त रूप पंचशील हो । जुनसुकै ठाउँमा जतिवटा विहार निर्माण भएपनि यसको उद्देश्य उही एउटै हो । ठाउँ ठाउँमा विहार संचालन हुनु भएको बुद्धशिक्षाप्रति आस्था बढ्दैजानु हो । कुनैपनि विहार स्थापना हुनुको मतलब समस्त प्राणीको हितको लागि मानिसलाई बुद्धउपदेश पालनमा जोड दिनु हो । आफू बसेको विहारको मात्र संरक्षण, सुधार र झकिझकाउ पारी प्रचार प्रसार गर्ने र त्यहाँका निवासीहरूको ख्याति प्राप्त होस् भन्ने संकुचित भावना कुनैपनि विहारको हुँदैन । सारा गाउँ फोहोर भएपनि आफ्नो घर एउटामात्र सफा गर्ने र संपूर्ण घर शोभाविहीन रहेतापनि आफ्नो कोठा एउटामात्र सजिसजाउ पार्ने मनोवृत्ति भएझैं खालको विचारधारा विहारबासी र सच्चा बौद्धको हुँदैन । भौतिकरूपमा निर्जीव भएपनि सजीव संचालक भएको हुँदा विहारले आफ्नै सपना बोकिराखेको हुन्छ । विहारको सपना भनेको पाइला पाइलामा बुद्धोपदेशले मानिस सिञ्चित रहेको होस् भन्ने हुन्छ । सानो गल्तीमा ठूलो गल्ती हुनजाने बीउ रहेको हुने हुँदा बुद्धले सानो गल्तीमा पनि होश पुऱ्याउनुपर्ने र सानो भनी हेलचक्र्याइँ गर्न नहुने शिक्षा दिनुभएको छ ।

आजकाल देखिएका विहारहरूमा शाक्यमुनि बुद्धको मात्र पूजा गर्ने एक खालको र शक्तिशाली मानिएका अन्य देवताहरूको पनि पूजा हुने अर्को खालको रहेको छ । गृहस्थ बौद्धहरू आवासीय भै त्यहाँ संचालित कलापूर्ण विहारहरू व्यक्तिगत पेवाको रूपमा रही पञ्चशीलको समेत ख्याल नरहने आचरण समाहित भएर नाममात्रको विहार रहेझैं परंपरागत विधि पुऱ्याउने थलोको रूपमा रहँदैआएको देखिएको छ र शीलको दुनियामा रही दुश्शीलरूपी हृदय परिवर्तन गराउन असमर्थमात्र होइन विकृत क्रियाकलापको थलोझैं देखापर्दै पनि गइरहेको छ । अर्को भिक्षुजीवन बिताएर समर्पित बौद्ध बनी संचालित विहारमा शील नियम पालन गर्ने अभ्यासमा जोड दिइने भएपनि देशको आवहवा र छरछिमेकको प्रभावमा परी



Downloaded from http://www.dhamma.digital

संचालन व्यवस्था बुद्धदेशनानुकूल गतिलो र दरो रहन सकिएको देखिँदैन । मात्र भौतिक उत्थान र विधिविधान बुद्धको शान्तिसन्देश नभएको अपितु दृढ निश्चित सानुभवको समाजसुधार र व्यक्तिको हृदयपरिवर्तन गराउनु नै वास्तविक शान्तिसन्देश हो भन्ने कुरामा जोड दिन विहारहरू कमजोरी रहेको झैं देखिएको छ ।

बुद्धको शिक्षा ग्रहण गर्नु भनेको कथा सुन्नु र सुनाउनु, पाठ पूजा गर्नु र गराउनु, सूत्र वाचन गर्नु र कण्ठ गर्नु, दान दिनु र दान लिनु अनि पढ्नु र पढाउनुमा विधिमात्र पुऱ्याई व्यवहार गर्नुमा सीमित नभै विधिको साथसाथै मानिसको जीवनमा ती व्यवहारहरू साक्षात्कार हुने गरी बुद्धशिक्षाका एक एक शब्दसँग मिल्ने खालको कार्यक्रम बनाई त्यसलाई जीवनमा प्रयोग गर्नु गराउनु हो भन्नुमा अत्युक्ति हुँदैन होला । सांचैको बुद्धउपदेशबाट शिक्षित व्यक्तिले आफूले सिकेका कुरा हृदयमा धारण गरि सकेपछि त्यो नै शिक्षा उपयोग गर्नका लागि जुनसुकै परिस्थितिमा पनि त्यही शिक्षालाई अपनाउने गरी व्यवहारमा उत्रने गरिन्छ । फितलो हृदयका मान्छे कुनैपनि वातावरणसँग बगेर जाने हुन्छ । असल र दृढनिश्चयी मानिस सज्जन वा दुर्जन जस्ताको संसर्गमा परेपनि आफ्नो शिक्षित स्वभावबाट विचलित हुँदैन । हाम्रा बौद्ध शिक्षा ग्रहण गरी आफूलाई ज्ञाता वा अनुयायी ठान्ने मान्छेहरूको स्वभाव ठाउँपिच्छे फरक रहेको देखिन्छ । बौद्धव्यवहारमा आफू अभ्यस्त रहेको ठान्ने व्यक्तिपर्यन्तले विहारको पूजाविधिमा रहँदा रितिथितिका साना कुरामा पनि अरूलाई संझाएर नियम पालन गराइरहने देखिन्छन् त आफ्नो घर व्यवहार र आफन्त, इष्टमित्रको भोज भतेरमा तिनै व्यक्ति बुद्धशिक्षाको व्यवहारलाई बिर्सेर त्यहाँकै वातावरणमा मस्त रहेको देखिन्छ । यसरी व्यवहार फरक हुनुमा शिक्षा दिइएको र लिइएको मजबूत हुन नसकेकोको प्रमाण हुन आउँछ । विहारको सपना वास्तविक शीलाचरणको जग बसाउनु हो र मानवमा स्थायी आनन्दको अनुभूति दिलाउनु हो । स्थायी आनन्दको लागि उपाय अष्टांगिक मार्ग अपनाइनु हो । अष्टांगिक मार्ग अपनाउनु सितिमितिको कुरा होइन । यही कठिन कुरालाई जीवन्त गराउन सत्प्रयास गरी बुद्धउपदेशप्रति समर्पित हुने व्यक्तिहरू सच्चा भिक्षु भिक्षुणी र उपासक उपासिका हुने हुन्छन् । समर्पित व्यक्तिको कार्यशैली तिलमात्राको पनि फरक हुन नहुने कुरा बुद्धशिक्षाले संझाउँछ । आज गुरु हुने स्वयंमा कर्तव्यनिष्ठता खुकुलो रहेको देखिन्छ । खुकुलोपनले कुनैपनि कुराको सपना साकार हुनेमा विश्वास गर्न सकिन्न । जो व्यक्ति अरूलाई नरिसाऊ भन्छ, ऊ आफै रिसाउँछ र जो व्यक्ति जुन विषयमा अरूलाई परिपक्व बनाउन चाहन्छ ऊ आफै अपरिपक्व रहेको छ भने त्यसबाट आशा गरिने सपना साकारको कुरा पूर्ण हुन्छ भनी सोच्नु पनि हल्का र खुकुलो बिचार मात्र हुनेछ । आफू रहेको ठाउँको कार्यपद्धतिलाई ठोसरूपमा उच्च बनाउनतिर लाग्नुभन्दा अरूलाई कसरी मनपर्छ, अरू कसरी खुशी हुन्छ, आफ्नो नाम कीर्ति कसरी रहन्छ भन्ने जस्ता सोचाइद्वारा काम काज गरिरहँदासम्म कसैको पनि वास्तविक ठोसरूपको सपना साकार नहुने कुरा स्वत: सिद्ध छ ।

आजकाल विहारको नियम पुस्तकमा सीमित रहेझैं भई व्यवहारमा सही ढंगले उत्रन सकेको देखिँदैन । कुन कुरालाई छोड्ने र कुन कुरालाई ग्रहण गर्ने भन्ने विवेक स्वयंलाई पूरा बौद्ध भनी गर्व गर्ने गुरु वा शिष्यले पर्यन्त पुऱ्याउन सकिएको देखिँदैन । कुनैपनि कार्य सीधै सफलै हुन्छ भन्ने छैन तापनि समयलाई पर्खी त्यसको अभ्यास गर्दैरहनुपर्ने कुरालाई मनन गरी दिनको धेरैपटक पंचशील प्रार्थना गर्ने कार्यक्रममा सहभागी भएझैं भई करणीय कार्यमा लागिपरिरहनु उचित कुरा हो ।

बुद्धशिक्षालाई जो कोहीले निरन्तररूपमा पछ्याउने नगरेपनि कमसेकम बौद्धसंस्थाका विशेष पदाधिकारी, विहारबासी शीलानुयायीहरूद्वारा बुद्धउपदेशअनुकूलको व्यवहारसंबन्धी कार्यक्रम विषयमा गहिरिएर चिन्तन मनन गरी त्यस्ता कार्यक्रम संचालनमा मार्गनिर्देशन वा आफै सक्रिय रहनु वाञ्छनीय छ । जिम्मेवार व्यक्ति नै चिन्तनशील र होशियार नहुँदा बौद्धकार्यक्रमहरू खस्कँदै विपरीत दिशातिर लागेको कुरा आज मननयोग्य रहेको छ । चीवरमाथि गृहस्थ कपडा दोसल्ला ओढ्ने ओढाउने एउटै चरित्र पनि कमजोर विचारको नमूनाको रूपमा प्रस्तुत हुन सकिन्छ भने यस्ता अन्य कुराहरूमा पक्का पक्कीका बौद्धहरूले सोच्ने कुराहरूमा पक्का पक्कीका बौद्धहरूले सोच्ने कुरा त बाकी नै रहेको छ । कार्यपद्धति र कार्यशैली नै सहीरूपमा प्रस्तुत नभैदिएमा कुनैपनि कुराको सपना साकार हुन्छ भनी संझन सक्ने ठाउँ हुँदैन । देखौवा नियम र नीतिको पछि लाग्दा प्रत्येक नीतिगत उपदेशको कुराको अवहेलना हुँदैजाने हुन्छ भन्ने कुरा सामान्यजनमा ख्याल रहेको हुँदैन । आज विहारको सपना साकार गर्न धर्मसाकच्छा गर्नुपर्ने बेला देखिएको छ । संख्यात्मकभन्दा गुणात्मक विधिव्यवहारले बौद्धकार्यक्रम अपनाउनुपर्ने कुरा विना द्वेष, विना रिस पूर्ण बौद्धहृदयले अँगाल्नुपर्ने हो भनी बौद्धजगत्मा धारण बलियो हुँदै जानेछ भन्ने आशा लिएका जनसाधारणहरू रहेका छन् । भन्न सजिलो भएझैं गर्न गाह्रो छ तापनि प्रयास जारी रहनेछ र विहार को सपना सधैं सपना नै रहिरहनेछैन भन्ने पनि मानवीय आशावादिताको कुरा हो । ■

# मेरो लुम्बिनी यात्रा : सम्झेर ल्याउँदा, सोचेर हेर्दा



*मायादेवीको मूर्ति*

वि.सं. २०५८ साल चैत्र १९ गते सोमवारका दिन पवित्र भूमि लुम्बिनीमा दोस्रो पटक पुग्दा मेरो मनमा उत्सुकता राम्ररी पलाइरहेथ्यो । त्यस यात्रामा म, जीवन सङ्गिनी शान्ता, बहिनी मुनू र बहिनी ज्वाइँ नारायणगोविन्द गरी हामी चारजना थियौं ।

सर्वप्रथम हामी मायादेवी मन्दिर अर्थात् भगवान् बुद्ध जन्मनुभएको स्थलतिर जान लाग्दा त्यतैतिरको एउटा साधारण कटेरो जस्तो टहरामा मायादेवी मन्दिरमा भएको बुद्ध-जन्म-अंकित नयाँ र पुराना मूर्तिहरू राखिराखेको देख्ता मनमा नियास्रो लाग्यो । पुरानो मूर्ति खिइएर अस्पष्ट झैं भैसकेको थियो भने नयाँ मूर्तिमा बुद्धको जन्म यसरी देखाई राखेको मैले देखें । रानी मायादेवी उभिएर आफ्नो दायाँ हातले एउटा रुखको हाँगा समाइराखेकी छिन् । उनलाई उनैकी बहिनी प्रजापति गौतमी र एउटी परिचारिकाले सेवा गरिरहेका छन् । त्यतैतिर बालक बुद्धलाई हेरचाह गर्न भगवान् ब्रह्मा उपस्थित हुनुहुन्छ । बालक बुद्धचाहिँ उठेर जमिनमा सात पाइला हिंड्ने क्रममा हुनुहुन्छ । यस्तो सजीव मूर्ति देख्ता मनमा आनन्दानुभूति हुनु स्वाभाविकै हो ।



■ घनश्याम राजकर्णिकार

त्यहाँ ती मूर्तिहरूको हेरचाह गर्ने एकजना पण्डित ब्राह्मणलाई पूजारीको रुपमा देख्दा म आश्चर्यचकित भएँ । बुद्धका अनुयायी कुनै पनि भिक्षु वा भिक्षुणी हुनुपर्नेमा एकजना पूजारी बाजे त्यहाँ नियुक्त भइरहेको साह्रै असान्दर्भिक र अनुपयुक्त भएको मलाई लाग्यो । मनको कुरा मनमै राखी भगवान् बुद्धप्रति श्रद्धा व्यक्त गर्न त्यहाँ हामीले बत्ती बाल्ने काम गर्‍यौं र एकछिन त्यतैतिर अल्झिरह्यौं । *(हाल यी मूर्तिहरू नवनिर्मित मायादेवी मन्दिरमा प्रतिस्थापित भएका छन् तथा ब्राह्मण पूजारीलाई हटाइसकेको छ । - सं.)*

**मायादेवी मन्दिर : बुद्ध-जन्म-स्मारक**

त्यसपछि त्यो टहराबाट बाहिर निस्केर मायादेवी मन्दिर भएको भन्ने हाल निर्माणाधीन ठाउँतिर लाग्यौं । त्यतातिर निर्माणकार्य धमाधम भइरहेको देख्ता मेरो मनमा आनन्दको अनुभूति पलाइरह्यो । तर त्यहाँ भेट भएको एकजना कर्मचारीसंग त्यो मन्दिरवारे केही जिज्ञासा राख्दा उसले दिएको रुखो जवाफले मेरो चित्त साह्रै दुख्यो । उसको ठाडो जवाफ सुन्दा हामी नेपाली जाति साह्रै अविकसित छौं कि जस्तो लाग्यो । *(हाल नव निर्मित मायादेवी मन्दिर पूरा भइसकेको छ । - सं.)*

लुम्बिनी विकासको सन्दर्भमा मायादेवी मन्दिरको पुन:स्थापना तथा पुन: निर्माण योजना हाल विश्वभरिका बौद्ध धर्मावलम्बी तथा सम्पूर्ण नेपालीको चासोको विषय बनेको छ । यस मन्दिर छेउमा पलाएका पीपलका जराहरूले मन्दिरलाई नोक्सान पुऱ्याउन थालेको तथा पछि नजिकैको अशोक स्तम्भलाई समेत नोक्सान पुऱ्याउन सक्ने हुँदा पीपलका जरा हटाई त्यहाँ नयाँ आधुनिक मन्दिर बनाउन सन् १९८७ तिर नै दाताको खोजी भएको थियो । यही क्रममा जापान बुद्धिष्ट फेडरेशन (JBF) ले मायादेवी मन्दिर बनाइदिने अभिभारा लिएपछि सन् १९९२ देखि मन्दिर बनाउने कार्य शुरु भयो । पहिलो चरणको कार्य गर्दै जाँदा नै अत्यन्त महत्वका पुरातात्विक बस्तुहरू



Downloaded from http://www.dhamma.digital



*लुम्बिनीमा धम्मवती गुरुमाँको नेतृत्वमा निर्मित बौद्ध चैत्य र धर्मशाला*

ढंगले पुन:निर्माण गरिने भनेको कुरा केवल कुरैमा मात्र सीमित भएको देख्ता मेरो मन दुख्नु स्वाभाविकै हो । बुद्धको जन्मस्थलको सम्मान बढाउने काम पुरा गर्न अझ धेरै गर्न बाँकि रहेको कुरा यस पटकको लुम्बिनीको भ्रमणमा मैले प्रत्यक्ष देखें ।

**अशोक-स्तम्भ : खड्गशमशेरको गराइ, फुहररको भनाइ, नेपालीको उँचाइ**

त्यहाँबाट हामी अशोक-स्तम्भतिर लाग्यौं । गहिरिएर हेर्दा त्यो स्तम्भ मसिनो कालो सुक्ष्म दाग भएको बलौटेढुङ्गा (Sandstone) बाट निर्माण गरिएको देखें । आश्चर्यको कुरा त के पाएँ भने बाइस सय वर्षभन्दा बढी समयको घामपानी हुरीबतासको बावजुद पनि यसको पालिस अहिलेसम्म चिल्लो चम्किलो रहेको छ । यसरी हालसम्म कायम भएको पालिसबाट २२-२३ सय बर्षपहिलेको पुर्खाका प्राविधिक विशिष्टता र रासायनिक ज्ञानको उच्चता राम्ररी झल्किरहेको स्पष्ट हुन्छ । यो स्तम्भको टुप्पोदेखि बीचै बीच तलसम्म केही चर्केको चिरान रहेछ । यस चिरानलाई अझ बढी हुन् नदिन तला माथि दुई ठाउँमा फलामको पेटीले बाँधी राखिएको छ । यसरी मौकामा बुद्धि नपुऱ्याईको भए त्यो स्तम्भ चर्केर अहिलेसम्ममा दुई फ्याँक भइसक्ने थियो । यसो भएमा हाम्रो निधार फुटेको जस्तो नहोला भन्न सकिन्न । हाल त्यस स्तम्भको टुप्पामा यसको गोलाइभन्दा अलि ठूलो एउटा ढुङ्गाको चक्का थपक्क राखिदिइएको छ जुन सुनमा सुगन्ध झैं भइरहेको मलाई लाग्यो । यसले एकातिर चिरानबाट पानी पसेर अरु बढी क्षति हुनबाट बचाइरहेको छ भने अर्कोतिर शिरको शोभा टोपी भने झैं यो स्तम्भको शीर्ष भाग यति नै हो भन्ने आभास राम्ररी दिइरहेको छ । प्रसिद्ध चिनियाँ यात्री ह्वेनसाङ लुम्बिनीमा आउँदा यसको टुप्पामा घोडाको मूर्ति भएको कुरा उनले आफ्नो यात्रा विवरणमा उल्लेख गरेका छन् । साथै हालसालै त्यतैतिर उत्खनन् गर्दा घोडाको जस्तो फुटेको मूर्तिको शीर्ष अंश फेला परेको रहेछ जुन अशोकस्तम्भको बारभित्रै राखिएको छ । यी कुराबाट पहिले टुप्पामा घोडाको मूर्ति थियो भन्ने कुरा प्रमाणित हुन्छ । भनिन्छ १०६ बर्ष पहिले अर्थात् सन् १८९६ मा तत्कालीन पाल्पाका तैनाथवाला खड्गशम्शेरले जंगलको रुपमा

फेला पर्न थाले । भगवान् बुद्धले पहिलो पटक पृथ्वीमा पाइला टेकेको ठाउँमा प्रतीकस्वरूप राखिएको ढुँगा जसलाई "मार्कर स्टोन" (Marker Stone) भनिन्छ त्यो प्राप्त भयो । यो मार्कर स्टोन प्राप्त हुनु भनेको बस्तुत: हामी नेपालीको भाग्य चम्केको हो भन्नुपर्छ । तर विधिको विडम्वना भनौं कि के भनौं मायादेवी मन्दिरको डिजाईनबारे उत्पन्न मतभेदको कारणले जापान बुद्धिष्ट फेडरेशनले निर्माण कार्य नगरी अनेक अडको लगाउँदै नेपालीको भावना विपरित आफ्नै डिजाईन र योजनामा अडिग रही लिँडेढिपी गरिरहेको हुँदा अन्तत: यो मन्दिरको निर्माण कार्य श्री ५ को सरकारको सहभागितामा लुम्बिनी विकास कोष आफैले गर्ने निर्णय अनुसार हाल धमाधम निर्माण कार्य भइरहेको देख्ता मनमा आनन्दको लहर उर्ल्यो । एउटा कुरा मेरो मनमा के लागि रहेछ भने भगवान् बुद्ध जन्मनुभएको ठाउँलाई मायादेवी मन्दिर भन्नुको सट्टा 'बुद्ध-जन्म-स्मारक' भन्नु बढी उपयुक्त र सान्दर्भिक हुने हो कि ?

**त्यो पोखरी जहाँ धार्मिक भावना जाग्यो**

मायादेवी मन्दिरको निर्माणाधीन स्थलबाट हामी नजिकै रहेको पोखरीतिर लाग्यौं । भनिन्छ बुद्ध जन्मनुअघि महारानी मायादेवीले यहीं नुहाउनु भएको थियो र बुद्ध जन्मेपछि यही पोखरीको पानीले शिशु बुद्धलाई पहिलो पटक नुहाइदिएको थियो । यस्तो पवित्र पोखरीको पानी लिई श्रद्धासाथ जलको रुपमा शिरमाथि छर्क्यौं र त्यस पानीले मुख धोई आफ्नो मनमा धार्मिक भावना जगायौं । लुम्बिनीको गुरु योजनामा यो पोखरीलाई पनि आधुनिक

रहेको लुम्बिनीको रुख कटान गरी भारतमा निकासी गरिरहेको बेला रुख काट्ने कामदारहरूले एउटा बडेमाको स्तम्भ ठिङ्ग खडा भएको देखे । त्यसैबेला खड्गशम्शेरले ३-४ ओटा हात्तीद्वारा यस स्तम्भलाई उखेल्न खोजेका रहेछन् तर सकेनछन् । यो स्तम्भलाई त्यो बेला उखेलेर नष्ट गरिदिएको भए बुद्ध नेपालमा जन्मेको लिखित प्रमाण माटोमै बिलाएर हराइसकेको हुन्थ्यो । सौभाग्यवश त्यसैबेलातिर बुद्धको जन्म स्थलको खोजनीति गरिरहेका पुरातत्वविद डा. फुहरर भारतबाट नेपालको तराईतिर घुम्दैफिर्दै पडेरिया स्थित जनरल खड्गशमशेरको क्याम्पमा पुगेछन् र उनले संयोवश नजिकै रहेको एउटा बडेमाको स्तम्भ देखेछन् । उनकै सल्लाहअनुरुप यस स्तम्भलाई उत्खनन् गर्दा ५ हरफको ब्राह्मी लिपिको अभिलेख भेटिएछ । त्यस लिपिको गहन अध्ययनपश्चात् सन् १८९६ मा डा. फुहररले यो स्तम्भ अशोक-स्तम्भ हो र यहाँ बुद्ध जन्मनु भएको हो भनी ठोकुवा गरे । नेपाल र नेपालीको लागि यो भन्दा ठूलो सुख, सन्तोष र गौरवको कुरा अरु के हुन सक्थ्यो ! यसैले गर्दा आज हामीले छाती फुलाएर शिर ठाडो पारेर नेपाल बुद्ध जन्मेको देश हो भन्न पाइरहेका छौं । यसको मुख्य कारक डा. फुहररको अन्वेषणात्मक अध्ययन हो र डा. फुहरर जस्ता इमान्दार अन्वेषकलाई म स-सम्मान अभिवादन गर्न हिचकिचाउन्न ।

सम्राट् अशोकले बुद्धधर्म अवलम्बन गरेपछि तथा आफ्नो राज्याभिषेकको २० वर्षपछि भगवान् बुद्धको जन्मस्थल लुम्बिनीको सालवनमा आउँदा स्मृतिस्वरूप भारतबाट जतनसाथ ल्याइएको बडेमाको स्तम्भमा अभिलेख लेखी खडा गरिदिएका थिए । आफ्नो कीर्ति पनि रहोस् र बुद्धधर्मको प्रचार पनि होस् भन्ने उनको मनसाय यस स्तम्भबाट छर्लङ्गिन्छ । खुशीको कुरा के हो भने त्यतिका वर्ष पुरानो यो स्तम्भको मूल अभिलेखका अक्षर तथा शब्दहरू कुनै पनि बिग्रिएको, कोरिएको वा मेटिएको छैन । यद्यपि यो अभिलेखका केही शब्दहरूबारे विभिन्न विद्वान्हरूले विभिन्न अर्थ लगाएको देखिन्छ । तैपनि मूल रूपमा यो स्तम्भ सम्राट अशोकले आजभन्दा २२-२३ सय वर्ष पहिले खडा गरेको र भगवान् बुद्ध जन्मनु भएको ठाउँ यही हो भन्ने तथ्य अकाट्य रूपमा प्रमाणित भएको छ । यस्तो महत्वपूर्ण स्तम्भलाई स्याहार, सुसार र संरक्षण गर्न लुम्बिनी विकास योजनाले कुनै काम सुरु गरेको नदेख्ता कताकता हीरालाई कीरा सम्झने हाम्रो दरिद्र मानसिकता हो कि जस्तो मनमा लाग्यो ।

**नेपालीको मति, लुम्बिनीको दुर्गती**

लुम्बिनीमा गुरुयोजना कार्य सुरु भएको दुई दशकभन्दा बढी भैसक्यो । यसको लागि विदेशी सहयोग करोडौं लगानी भैसकेको छ । तर यहाँको विकासको गति देख्ता मनमर्ने अनुभव हुन्छ । यहाँ चारैतिर प्राकृतिक सौन्दर्य अभिबृद्धि गर्ने सिलसिलामा भर्खरमात्र बृक्षारोपण कार्य सुरु भएको देखें । भव्य केन्द्रीय नहर निर्माण गर्ने नाममा केही अंश नहर खनी त्यसलाई त्यसै छोडी निर्माण कार्य बन्द गरिराखेको देखें । १९-२० वर्ष अघि नै बनाइसक्नुपर्ने निर्माणाधिन चक्रपथमा भर्खर ग्रेभलिङ भएको देखें । *(हाल चक्रपथ पूरा भइसकेको छ - सम्पादक)* यसरी लुम्बिनी विकासको लागि विदेशी सहयोगबाट करोडौं लगानी भैसक्दा पनि जुन रुपमा लुम्बिनीको विकास हुनुपर्ने थियो त्यो नभएको मैले प्रत्यक्ष देखें । सोचेर हेर्दा पछौटे कार्यप्रणाली, दरिद्र मानसिकता र पंगु बुद्धिको प्रतिफल स्वरूप आजसम्म लुम्बिनीले आफ्नो चेहरा हँसिलो पार्न नसकेको यसपालीको लुम्बिनी भ्रमणमा मलाई अनुभव भयो । बेलामौकामा लुम्बिनीको विकास भएन, विदेशीले दिएको रकम व्यक्ति विशेषले भ्रष्टाचार गरे, पदाधिकारीहरू केवल आ-आफ्नो मान्छेलाई यहाँ भर्ती गर्न तल्लीन भए, गोष्ठी, चियापान र भत्तामा मात्र खर्च गर्ने गरियो, राजनीतिकरण धेरै भयो, कर्मचारीहरू केवल सुतेर खाइरहेका छन्, सरकार केवल दातृराष्ट्रहरूसँग पैसा हसुर्न व्यस्त छ आदि आदि भनी बौद्धिक बर्गले विभिन्न पत्रपत्रिका मार्फत सचेत गराउँदा गराउँदै पनि सरकार मौन छ, केही कदम चाल्दैन । कस्तो विडम्बना ! कस्तो अचाक्ली ! म जस्तो एकजना राष्ट्रप्रेमी नेपालीको लागि यो भन्दा दु:ख र आक्रोशको कुरा अरु के हुन सक्छ ?

**मनमोहक बौद्ध स्थलहरू**

यस्तै यस्तै कुराले मेरो मन गन्हुँगो हुँदैथियो । तैपनि लुम्बिनी घुम्ने उत्कण्ठामा केही कमी आएन । हामी लगत्तै मित्रराष्ट्रहरूले बनाइदिएका बुद्धमन्दिर वा अतिथिगृहहरू हेर्न गयौं । जापान, कोरिया, जर्मनी, चीन, भियतनाम, श्रीलंका आदिले आ-आफ्ना राष्ट्रिय पहिचान गर्ने खालका मन्दिरहरू राम्ररी बनाइसकेका देख्यौं । ती सबै आ-आफ्नो ठाउँमा भव्य छन्, सुन्दर छन्, मनमोहक छन् । तैपनि ती सबैमध्ये चीनले निर्माण गरेको बुद्ध मन्दिर भव्य भएको मैले देखें । जापानले निर्माण गरेको मन्दिर परिसरमा केही जापानी तरुनीहरूले ज्यामीको रुपमा श्रमदानकार्य गरिरहेको देख्ता छक्क परें । बुद्धप्रति यी कलकलाउँदा




Downloaded from http://www.dhamma.digital

युवतीहरूको श्रद्धाभाव देख्ता हाम्रा नानीहरूलाई पनि यहाँ ल्याएर पाठ सिकाउनु पर्ने हो कि जस्तो लाग्यो । लुम्बिनीको सेरोफेरोमा मलाई कस्तो लाग्यो भने मित्रराष्ट्रहरूले बनाएका सुन्दर मन्दिरहरूले मात्र यहाँ केही भौतिक परिवर्तन भएको देखिन्छ अन्यथा यहाँको विकास कार्यमा कुनै गतिशीलता नभएको मैले अनुभव गरें।

**शान्तिद्वीप : त्यो ठाउँ जहाँ बुद्धको सन्देश प्रज्ज्वलित भइरहेझैं लाग्यो**

जाँदा जाँदा बाटैमा शान्तिद्वीप प्रज्ज्वलित भैरहेको देख्यौं । यतातिर 'शान्तिद्वीप' पनि छ भन्ने कुरा पहिले हामीलाई थाहै थिएन । गाडीलाई त्यहाँ एकछिन रोकेर हामी त्यतातिर केहीबेर चक्कर लगायौं । हरदम ज्योति निकालि रहने त्यो शान्तिद्विप हाल प्रारम्भिक अवस्थामा नै रहेपनि यसको प्रतिस्थापन ज्यादै उपयुक्त भएको ठानें । यसले पछि भावनात्मक समन्वय कायम गर्न प्रमुख भूमिका खेल्नेछ भन्ने मैले सोचें । वास्तवमा भगवान् बुद्ध नै यस्तो अतुलनीय व्यक्ति हुनुहुन्छ जसले संसारका मानिसहरूको हृदयमा शान्ति, प्रज्ञा, करुणा, मित्रता, स-हृदयता आदि प्रस्फुरण गराउन अनुपम योगदान पुऱ्याउनु भएको छ । यस्तो महामानवको जन्मभूमि लुम्बिनीमा हरदम प्रज्वलित भइरहने दीपले बुद्धको शिक्षालाई मूकभावले संकेत गरिरहे झैं लाग्यो ।

**गौतमी भिक्षुणी विहारमा केहीबेर**

त्यहाँबाट हामी काठमाडौंको धर्मकीर्ति विहारका भिक्षुणी धम्मवतीको सक्रियतामा निर्मित गौतमी भिक्षुणी विहारमा पुग्यौ । त्यहाँ एकजना गुरुमांले हामीप्रति गरेको राम्रो सद्व्यवहार देख्ता हामीलाई मन हलुङ्गो, जिउ सञ्चोको अनुभव भयो । केहीबेरसम्म त्यहाँ विहारमा आराम गऱ्यौं । त्यसपछि हामी त्यतैतिर नजिकै रहेको म्यानमार (बर्मा) को बौद्ध स्तूपमा चक्कर लगायौं । म्यानमारको गोल्डेन पैगोडाको रूप देखाउने यो स्तूप आफैमा सुन्दर, विशाल र मनमोहक छ ।

**धम्मजननी : बुद्धले प्रतिपादन गर्नुभएको विपश्यना सिक्ने केन्द्र**

म्यानमारको यो स्तूपकै अगाडितिर 'धम्मजननी' नामक विपश्यना ध्यानकेन्द्र देख्ता म उल्लसित भएँ । गुरु सत्यनारायण गोयन्काज्यूको अग्रसरतामा आज नेपालमा मात्र होइन किन्तु संसारका विभिन्न मुलुकमा यस्ता विपश्यना ध्यानकेन्द्रहरू धमाधम स्थापित हुँदैछन् । तदनन्तर हजारौं लाखौं मानिसहरूले विपश्यना ध्यानजस्तो अमूल्य निधिको रसास्वादनबाट मनमा शान्ति र समता तथा अनित्यबोध अनुभूत गर्दैछन् । अरूले झैं मैले पनि विपश्यना शिविरहरूमा सम्मिलित हुने मौका पाई हाल यसको दैनिक अभ्यासले आफूले आफैलाई सुकर्मको खुड्किलोतिर डोऱ्याइरहेको अनुभव गर्दैछु । २५०० वर्षअघि भगवान् बुद्धले खोजी गरी लोककल्याणका लागि सर्वसुलभ गराउनुभएको यो ध्यानको गहनता र महत्ताबारे जति बोले पनि, जति लेखे पनि कमै हुनेछन् । वस्तुत: ध्यानबारे पढेर, लेखेर वा सुनेर भन्दा स्वयं आफैले अनुभव गरेर मात्र थाहा हुने कुरा हो । लुम्बिनीको त्यो ध्यानकेन्द्रमा एक जना परिचित पुरुषसँग भेट हुँदा रमाइलो अनुभव भयो । उनको भनाइअनुसार काठमाडौंको नेपाल विपश्यना केन्द्रबाट सञ्चालित यो 'धम्मजननी' मा भर्खर एक महिनाअधिदेखि नियमित रूपमा ध्यान शिविरहरू सञ्चालन हुँदैछन् । बुद्धले प्रतिपादन गर्नुभएको विपश्यना ध्यान आज बुद्धको जन्मस्थल लुम्बिनीमा सञ्चालन भइरहेको देख्ता म जस्तो विपश्यना साधकलाई खुसी लाग्नु स्वाभाविकै हो ।

लुम्बिनीतिर विदेशी पर्यटकहरू मात्र होइन, नेपाली दर्शकहरू पनि धमाधम आइरहेका हामीले भेट्दै गयौं, देख्तै गयौं । साथै स्कूलका टिठाठिटीहरू लुम्बिनीयात्रामा आइरहेका धेरै देख्यौं । त्यसबाट विदेशीले मात्र होइन, नेपालीले पनि लुम्बिनीको महत्त्व ढिलै भए पनि बुझ्दै आएको जस्तो मलाई लाग्यो । यसरी लुम्बिनीमा करिब पाँच-छ घण्टासम्म फन्को मार्दा ठाउँठाउँमा स्वदेशी तथा विदेशी पर्यटकहरूको घुँइचो देखेर म आनन्दले विभोर भएँ ।

**विश्वशान्ति स्तूप : एक भव्य उपहार**

त्यसपछि हामी विश्वशान्ति स्तूप दर्शन गर्न गयौं । ४१ मिटर उचाई तथा ५९ मिटर गोलाकार रूपमा चौडाई भएको यो निर्माणाधिन स्तूपको विशालता र भव्यता देख्ता मैले जिब्रो काढें । दक्षिण एशियामा भएका स्तूपहरूमध्ये सबभन्दा अग्लो हुने भनेको त्यो स्तूपले लुम्बिनीको चेहरालाई हँसिलो पारिरहने कुरामा दुइमत नहुने मैले ठानें । बुद्धको गरिमा यसरी दिन प्रतिदिन बढ्दै गइरहेको देख्ता म जस्तो बुद्धप्रेमी नेपालीको हृदयमा खुशी र सन्तुष्टिका झन्कारहरू प्रस्फुटित हुनुमा के आश्चर्य छ र ? लुम्बिनीको विकासमा विभिन्न राष्ट्र र त्यहाँका संघ-संस्थाको सहभागिता ज्यादै प्रशंसनीय ठान्दछु । यही क्रममा विश्वशान्ति स्तूपका निर्माणकर्ता जापानी बौद्ध संस्था 'निप्पोनजान' हाल अग्रपंक्तिमा प्रस्तुत भईरहेको प्रशंसनीय मान्नुपर्छ ।

## निप्पोजान संस्था : एक परिचय

मैले सुनेको थिएँ 'निप्पोनजान' संस्थाका संस्थापक जापानी भिक्षु निचिदात्सु फुजिले भगवान् बुद्धप्रति श्रद्धासुमनको रूपमा जापानका विभिन्न ठाउँ तथा संसारका विभिन्न मुलुकमा गरी एकसयओटा विश्वशान्ति स्तूपहरू बनाउने इच्छा राखेका रहेछन् । उनी सय वर्ष बाँची सन् १९८५ मा परलोक भए । उनको जीवितावस्थामा जापानका विभिन्न ठाउँ तथा विभिन्न मुलुक जस्तै: भारत, श्रीलङ्का, संयुक्त अधिराज्य, अष्ट्रिया, इटली र संयुक्त राज्य अमेरिकामा गरी जम्मा त्रिहत्तर ओटा विश्वशान्ति स्तूपहरू निर्माण भैसकेका रहेछन् । तर उनको सदिच्छा यत्तिकैमा सीमित भएन । उनीद्वारा स्थापित 'निप्पोनजान' संस्थाले विश्वशान्ति स्तूप निर्माण अभियानलाई निरन्तरता दिइरहेको छ । यही क्रममा भगवान् बुद्धको जन्मस्थल लुम्बिनीमा विशेष महत्त्वका साथ उनका शिष्य युताका नावातामेको अग्रसरतामा विश्वशान्ति स्तूपको निर्माणकार्य सन् १९९३ देखि सुरु भएको थियो तर सन् १९९७ मा धर्मप्रति समर्पित युताका नावातामेको छ जना नर पिशाचहरूले हत्या गरिदिए । तैपनि यो विश्वशान्ति स्तूपको निर्माणकार्यमा कुनै शिथिलता आएन । हाल निर्माणकार्य सम्पन्न हुन लागेको यो स्तूपको लागत खर्च ९-१० करोड रुपैया हुने कुरा सुनें ।



*निर्माण कार्य पूरा भैसकेको विश्व शान्ति स्तुप*

त्यतातिर घुमिरहँदा मलाई यो विश्वशान्ति स्तूप केवल बौद्ध स्मारकको रूपमा मात्र नभई यसले विश्वमा शान्ति, मित्रता, प्रेम, करुणा, समानताजस्ता बुद्धका कल्याणकारी सन्देशलाई फैलाउँदै पूर्वी र पश्चिमी राष्ट्रलाई एकसूत्रमा बाँध्न सघाउनेछ भन्ने लाग्यो । यस्तैयस्तै विचारका लहरहरू मेरो दिमागमा उर्लिरहेकोले म त्यस बेला त्यहाँ आनन्दले विभोर हुँदै गएँ ।

लुम्बिनीभ्रमणको क्रममा जब हामी भिक्षु युताका नावातामे बस्ने गरेको एउटा सानो टहराजस्तो आश्रममा पुग्यौं, हामी सबैले मूकभावले उनीप्रति श्रद्धाभाव व्यक्त गर्‍यौं । मलाई लाग्यो, क्रुद्ध दानवको हातबाट उनको असामयिक निधन भएपछि देश-विदेशका हजारौँहजार मानिसको हृदयमा न्यानो स्थान पाएका भिक्षु युताका नावातामे लुम्बिनीमा अजर बने, अमर भए । यस्तै कुरा सोच्तै थिएँ, सम्झँदै थिएँ ।

घडीले हामीलाई ४:०० बज्न लागेको सङ्केत गर्‍यो । ५:०० बजे भैरहवा विमानस्थल पुग्नुपर्ने हुँदा लुम्बिनीभ्रमणलाई यत्तिकैमा टुङ्ग्याउनुपर्ने बाध्यता हामीलाई हुँदै थियो । त्यसैले मन नलागीनलागी लुम्बिनीबाट १८ किलोमिटर पूर्वतिर अवस्थित भैरहवा विमानस्थलतिर लाग्नुपर्ने हुँदा लुम्बिनीमा फेरि आउने धोको लिँदै हामी हिँड्यौं । यो यात्राले हामीलाई बुद्ध र बौद्ध धर्मबारे थप जागरूक हुन प्रेरणा दिँदै थियो । अझ भनौं हाम्रो मनमा एक किसिमको नूतन ज्योति प्रस्फूरण हुँदै थियो । ■

### बालआश्रमलाई सहयोग

- [illegible] बनेपाबाट 'बनेपा मैत्री केन्द्र बालआश्रम [illegible]'लाई सहयोग [illegible]
- [illegible] रु. [illegible]
- [illegible] बनेपाबाट [illegible] बाल-बालिकाहरूलाई [illegible] सामान प्रदान गरिएको छ ।
- [illegible]



Downloaded from http://www.dhamma.digital

# समाजको विकासमा धर्मको महत्व-१



■ डा. गणेश माली

समाजको उत्थान वा विकास भन्नाले हामी के सम्झन्छौं ? समाजमा रहने व्यक्तिहरूलाई भौतिक सुख सुविधा प्राप्त होस् (सुविधायुक्त घर, बाटो घाटो, पानी, बिजुली, वस्त्र, खाद्य पदार्थ, शिक्षालय, अस्पताल, इत्यादि) फेरी यी सबै सुविधाहरू उपभोग गर्न आयको स्रोत पनि हुनु पर्‍यो, कामको व्यवस्था हुनुपर्‍यो । यसको अलावा ती व्यक्तिहरूको जीवन विना झंझट, दुख, र अशान्तिले गुज्रोस्, शान्तिपूर्वक बाँचेर जीन्दगी बिताउन सकुन्– यसको पनि जरुरत हुन्छ ।

तर सुख सुविधा युक्त शान्तिमय जीवन आकाशबाट बर्सने कुरी होइन । यी सबै समाजमा रहने व्यक्तिहरूको मानसिक प्रवृत्ति, रहन सहन र व्यवहारमा निर्भर गर्छन् । समाजका व्यवस्थापकहरू बेइमान, भ्रष्टाचारी, स्वार्थी, र स्वेच्छाचारी भै दिए भने, समाज चलाउने व्यक्तिहरू वा जनताहरू, मा राग, द्वेष, काम, क्रोध, लोभ, प्रमाद, पाशविक प्रवृत्ति, विखण्डन (विभिन्न वाद, मत, जाति, आदि मा विभाजन), अन्धविश्वास, मिथ्यादृष्टि, भै दिए भने, त्यस्तै जनसंख्याको वृद्धि देशको सुविधाले नभ्याउने गरी बढ्दै गयो भने अथवा जीवनमा विलासिता कुसंस्कार, मादक पदार्थ सेवन, मानसिक र शारीरिक स्वास्थ्यलाई हानी पहुँचाउने परिस्थिति भै दियो भने– जनताहरू दुख अशान्ति र संघर्ष झगडा र लडाईं मय माथि अभाव र गरीवीको जीवन जिउनु पर्ने हुन्छ । अथवा सारांशमा भन्ने हो भने यसो भन्न सकिन्छ– यदि धार्मिकता भैदिएन भने मान्छेहरूको जीवन अन्धकारमय, दुख र अशान्ति पूर्ण हुन्छ ।

समाजको विकासमा धर्मको र धार्मिक व्यवहारको अत्यन्त महत्वपूर्ण स्थान हुन्छ । यो त निर्विवाद सत्य छ नै । तर अधर्मलाई नाशगरी धर्म संस्थापन गर्ने भनी समय समय धर्मका प्रचारकहरू ननिस्केका होइनन्, कसैलाई 'तिम्रो धर्म कुन् हो ?' भनी सोधे केही न केही अवश्य बताउँछन्, तैपनि समाजमा किन अधार्मिक व्यवहारनै बढी देखिन्छ ? किन धर्म प्रभावकारी हुन सकेन ?

यी प्रश्नहरूको उत्तर खोज्दै जाने क्रममा हामी केही यस्ता प्रकृतिका र मान्छे जातिमा पनि स्वभाव-धर्म वा प्रकृयाहरूमा आई पुग्छौं, जसमा हामी जमाना देखिने अभ्यस्त हुनाको कारणले प्राकृतिक वा स्वाभाविक आचार विचार बर व्यवहार जस्तो लाग्छ, तर ती नै वास्तवमा हाम्रा दुख र अशान्तिको मूल कारक तत्वहरू हुनाको कारणले प्रकृतिको तथा मान्छे जातिका 'दोष' हरू भनी यहाँ उल्लेख गरिएको छ । मुख्यतया प्रकृति हुने ४ वटा दोष पूर्ण प्रकृयाहरू र मान्छे जातिमा चली आएका ५ वटा दोष पूर्ण प्रकृया वा स्वभावहरू नै अधार्मिक को मूल कारक तत्वको रुपमा रहेका छन् ।

छोटकरीमा तिनीहरूबारे यहाँ वर्णन गरिन्छ ।

**१. प्राकृतिक दोषयुक्त प्रकृयाहरू–**

**(क) आहार चक्र (Food Cycle)**

प्रकृतिमा जीवन विकासको सिलसिलामा वनस्पति (बोट बिरुवा) र जनावरहरू संगसंगै विकास भइ आएका हुन् । शुरुमा सरल जीवकोषको रुपमा शुरु भएको प्राणीहरूको शारीरिक बनोट क्रमशः वहुको वीय भई झन् झन् जटिल हुँदै आजको अवस्था सम्म आइपुगेका हुन् ।

यिनीहरूमध्ये धेरै जसो बिरुवाहरूले आफ्नो खाना (कार्वोहाइड्रेट, भिटामीन, प्रोटिन, खनिजपदार्थ, आदि, माटो पानी हावा र घामको संयोगबाट आफैं तयार गर्छन् भने, जनावरहरू शाकाहारी (बिरुवाहरू खाएर बाँच्ने), मांसाहारी (अरु जनावरहरूलाई मारेर खाई बाँच्ने) तथा उभयहारी (बिरुवाहरू र जनावरहरूको मासु दुवै खाएर बाँच्ने) हुन्छन् । यी मध्ये मान्छे जाति उभयहारी हुन् ।

यस प्रकृतिको आहार चक्र भित्र हिंसा अभिन्न अंगको रूपमा आउँछ वनस्पतिहरूको पनि ज्यान हुन्छ नै । 'जंगलको राज्य' मा जो बलियो छ उसैको बोलवाला हुन्छ (Might is Right) । सिंहलाई जनावरहरूको राजाको रुपमा दिइन्छ । हिंसा र अकाल मृत्यु जंगली वा सामुद्री जीवनको पनि अभिन्न अंग रहेको छ ।

**(ख) बढीमात्रामा सन्तानोत्पादन**

विशेष गरी निम्न वर्गका जनावर वा बिरुवाहरूमा धेरै संख्यामा बीज लाग्ने, फुल पार्ने र बच्चा जन्माउने क्षमता हुन्छ । अन्नको एउटा वोटमा जति दाना अन्न लाग्छ, त्यतिकै मात्रामा नयाँ बोट उमार्ने क्षमता हुन्छ; त्यस्तै झिंगा, कमिला, माकुरा, माछा, कछुवा, माछा आदि जनावरहरूले एकै बेलामा सैयौं फुल पार्छन् वा बच्चा जन्माउन्छन् । एकजोडी कछुवाका बच्चाहरू सबै अकालमा नमरी अरू बच्चाहरू जन्माउदै गए भने २।४ हजार वर्ष भित्रै सारा महासागर कछुवै कछुवाले भरिन्छ होला ।

तर सानै उमेरमा फुलहरू वा बच्चाहरू मर्ने हुनाले वा अरु जनावरहरूले खाइदिने हुनाले, यी जनावरहरूको संख्या त्यति बढ्न पाउँदैन । प्रकृतिमा चलीरहेको प्रकृयामा हिंसा र अकाल मृत्यु एउटा अत्यन्त मामुली कुरा हुन गएको छ ।

त्यस्तै एक जोडी मान्छेले आफ्नो जीवन कालमा १०।१२ जना बच्चाहरू जन्माउन सक्छन्, र साधारणतया केही बच्चाहरू सानैमा मरेर गए पनि ६।७ जनात जीवितै रहन्छन् । अचेल परिवार नियोजनको प्रयास बावजूद एक दम्पतिका ३/४ बच्चा त हुन्छन् नै । हाम्रो देशको जनसंख्या नै गत ६० वर्ष भित्र ३ दोवर (१ करोड बाट ३ करोड) पुग्न लागेको छ । पुरुषको प्रत्येक शुक्रकोष (Spermcele) र स्त्रीको प्रत्येक डिम्व (Ova) कोषमा जीव हुन्छ । यिनीहरू लाखौंको संख्यामा उत्पादन भैरहन्छन् जसमध्ये केही मात्र भ्रूण (Embryo) बन्ने हुन्छ, बाँकि शुक्रकीत र डिम्ब कोष त्यसै मरेर जान्छन् । यस प्रकारको अकाल मृत्यु प्रकृतिको स्वभाव नै बनेको छ ।

यसरी बढीमात्रामा सन्तानोत्पादनको प्रकृयामा बाँच्नेहरू बीच पनि संघर्ष चलीरहेको हुन्छ र जो समर्थवान छ उही बाँच्छ । बढी जनसंख्या भएको गरीब देशमा यस्तै भैरहन्छ ।

*(क्रमशः)*

# धम्मपद–१८९



■ रीना तुलाधर
'परियत्ति सद्धम्म कोविद'

**ददाति वे यथासद्धं यथापसादनं जनो**
**तत्थ यो मङ्कु भवति परेसं पानभोजने**
**न सो दिवा वा रत्तिं वा समाधिं अधिगच्छति**

*अर्थ–* लोकजनले आ-आफ्नो श्रद्धा तथा प्रसन्नतानुसार दान दिन्छ । जसले अर्काले खाएको, लाएको देखेर असन्तुष्ट भई खिन्न भएर बस्छ, त्यस व्यक्तिलाई दिन-रात कहिल्यै शान्ति प्राप्त हुँदैन ।

**यस्स चे तं समुच्छिन्नं-मूलघच्चं समूहतं**
**स वे दिवा वा रत्तिं वा-समाधिं अधि गच्छति ।**

*अर्थ–* जसले यस्तो मनोवृत्तिलाई जरै देखि उखेलेर फाल्छ, त्यसले दिन रात सदैव शान्ति र समाधि प्राप्त गर्छ ।

*घटना–* उपरोक्त गाथाहरू भगवान बुद्धले तिस्स नामका एक बालक श्रामणेरको कारणमा बताउनु भएको थियो ।

तिस्स नामका त्यस श्रामणेरले जहिले पनि अरुले दान दिएको माथि निन्दा गरेर हिँड्थे । अनाथपिण्डिक महाजन तथा विशाखा महाउपासिका जस्ताले दिएको अतुलनीय दानमा समेत निन्दा गर्थे । कहिले अलि चीसो खाना पायो भने चीसो पो दान दियो भन्थे, अलि तातो दिइयो भने यस्तरी पोलेको दियो भन्थे । केही गरी थोरै दानमा पायो भने यति थोरै पनि दान दिने हो भन्थे । अलि धेरै दान दिइयो भने "यति धेरै पनि दान दिने हो, तिनीहरूको घरमा राख्ने ठाउँ छैन होला र यहाँ धेरै दान दिन ल्यायो । भिक्षुसंघलाई भनेको चाहिने जति मात्र दान दिनुपर्छ । खानेकुरी जम्मै खेर गयो ।" भन्दै नाना तरहले निन्दा गर्थे । उनले अर्कोतिर आफ्ना आफन्त कुटुम्बको बारेमा भने खूब वर्णन गर्थे– "हाम्रा आफन्तले त चारै दिशाबाट आएका भिक्षुहरूलाई साझा दानशाला जस्तै गर्छ ।"

वास्तवमा त्यो श्रामणेर त कुनै एउटा द्वारपालेको छोरो थियो । सिकर्मिहरूको एक समूहसँगै देश घुमेर श्रावस्तीमा आईपुग्दा त्यहिं प्रव्रजित भएर श्रामणेर बनेको थियो । भिक्षुहरूले त्यो श्रामणेर सँधैभरि आफ्नो आफन्तको मात्र प्रशंसा, गुणगान गर्ने र अरुको दान माथि निन्दा गरी हिँडेको देखेर साँच्चैपनि यसको बारेमा सत्य कुरा पत्ता लगाउनु पर्‍यो भनीकन विचार गरे । अनि उनीसँग 'तिम्रो घर, गाउँ कहाँ हो' भनेर सोधे । उनले फलानो फलानो ठाउँमा भनेर बताएपछि भिक्षुहरूले श्रामणेरहरूको एक समूह त्यस गाउँमा जाँचबुझ गर्नको लागि पठाईदियो ।

श्रामणेरहरूले त्यस गाउँमा पुगेर सोधपूछ, जाँचबुझ गरेर हेर्दा त्यहाँ कुनै पनि धनी, घरानीको घरबाट अहिलेसम्म कोही प्रव्रजित नभएको थाहा पाए । साथै गाउँलेहरूले 'द्वारपालेको छोरो एकजना प्रव्रजित भएको सुनेको त थिएँ, त्यसैको कुरा गर्न आएको हुनुपर्छ, यहाँहरूले भनीकन जानकारी दिए ।

यस प्रकार तिस्सको बारेमा सच्चाई जानी लिंएपछि त्यसको गलत कार्यको बारेमा भिक्षुहरूले भगवान बुद्ध समक्ष उजुरी गर्न गए । भगवान बुद्धले यसै सन्दर्भमा भन्नुभयो– "तिस्सले यस प्रकार आफ्ना कुटुम्बको झूठो बढ्‌वाँई गर्ने, झूठो फूर्ति देखाउने गरेको अहिले मात्र होइन, पहिलेको जन्ममा पनि गर्थ्यो' भनीकन अतीत कथा सुनाउनु भयो ।

बुद्धले पुनः भन्नु भयो– "जुन व्यक्तिले थोरै होस् वा धेरै, राम्रो होस् वा कमसल अरुले दिएको दानमा खुशि हुँदैन, अरुलाई मात्र, दियो आफूलाई दिएन भनीकन मन खिन्न पार्छ, त्यस्ताले ध्यान एवं मार्गफल साक्षात्कार गरेर लिन सक्तैन ।"

यसरी धर्म देशना दिनु भएपछि भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

क.सं. ४७१
**लक्ष्मी देवी रंजितकार**
बज्रयोगिनी साँखु
रु. १०२५।-

क.सं. ४७२
**विष्णु भक्त रंजितकार**
वडा नं ५ ढुंगाअड्डा
रु. १०२५।-

क.सं. ४७३
**सहना तुलाधर**
बोधिचुक, असन
रु. १०५०।-

क.सं. ४७४
**अष्टनारायण महर्जन**
यटखा वहाल, काठमाडौं
रु. १०००।-

क.सं. ४७५
**सुजनकाजी पलान्चोके**
बनेपा, च्यार दोबाटो
रु. १०१०।-



Downloaded from http://www.dhamma.digital

# कञ्जुसी इल्लीस सेठ दानी बन्यो



■ भिक्षु संघरक्षित

अस्सी करोड धन भएको इल्लीस सेंठ। धेरै धन छ, तर पनि साह्रै कपटी र कञ्जुसी। धनै मात्र थुपार्ने, बिल्कुल खर्च नगर्ने उसको स्वभाव। पुस्तौंदेखि चलिआएको दानशाला पनि आगो लगाएर खरानी पारिदियो। दान दिनु त कता हो कता, माग्न आउने जतिलाई गालि गरेर, कुटपिट गरेर भगाइदिन्थ्यो। अरू त अरू, परिवारको लागि पनि उसले कहिल्यै केही गर्दैनथ्यो।

इल्लीस सेंठ एउटा आँखा नदेख्ने कानो र एउटा खुट्टा कमजोर भएको लङ्गडो थियो। ऊ बरोबर राजाको सेवामा पनि हाजिर हुन जान्थ्यो।

एकदिन। राजाको चाकडीमा जाँदै गर्दा उसले बाटोमा एकजना मान्छे देख्यो। त्यो मान्छेले हेर्दै मिठो लाग्दो माछासंग गिलासमा रक्सी हालेर मज्जाले पिइरहेको थियो।

यो देखेर इल्लीस सेंठको मुखबाट र्‍याल चुहियो। मनमा सान्है लोभ लाग्यो। उसलाई पनि एकपल्ट त्यसरी नै माछासंग रक्सी पिउन मन लाग्यो। तर पनि उसले यो कुरा कसैलाई भनेन। उसलाई राम्ररी थाहा थियो, यदि उसको यो मनको कुरा अरू कसैलाई भन्यो भने त्यहाँ उसको धन खर्च हुन्थ्यो। धन खर्च हुने कुरा आउनुपर्छ, सेंठ तीनकोसबाटै टाढा।

इल्लीस सेंठ राजाको सेवाबाट घर फर्क्यो। उसको मनमा त्यही माछासंगै रक्सी पिउने इच्छा आइरहन्थ्यो। जति नै बिर्सन खोज्दा पनि बिर्सनै सकेन। बरू झन्झन् त्यो इच्छा बढ्दै आयो। तर पनि आफ्नो धन खर्च होला भनी कसैलाई भनेन। घरमा आएर एक ठाउँमा चुपो लागेर बस्यो। परिवार लाई पनि केही भनेन।

केही दिन बित्यो तर उसको त्यो आशा भने हराउँदै हराएन। उसको मनमा त्यही दृश्य झलझली आइरह्यो। त्यही आशाले अब त त्यो सेंठ बिस्तारै दुब्लाउन पनि थाल्यो। उसको दुर्दशा देखेर उसकी श्रीमतीले उसलाई सोधिरहन्थिन्– "होइन, तपाईंलाई यो के भएको हो ? केवल टोलाएर मात्र बस्नुहुन्छ। राम्रोसंग खानु पनि हुन्न, पिउनु पनि हुन्न। दुब्लाउँदै गएको पनि देख्छु। मन सन्चो छैन कि क्या हो ?"

आफ्नी श्रीमतीको कुरा सुनेर त्यो सेंठ झर्किन्थ्यो– "आ, मलाई केही भएको छैन। जान्नी भएर बढ्ता कराउन नआऊ है।"

उसको श्रीमतीलाई चित्त बुझेन। उसले कर गरी सोधिरहिन्। जति नै गालि गरे पनि जति नै झर्के पनि चुप लागेन। त्यही कुरा दोहोर्‍याइ दोहोर्‍याइ सोधिरहिन्। उसको अगाडि केही नचलेपछि इल्लीस सेंठलाई भन्न करै लाग्यो। उसले राजाको चाकडीमा गएको त्यो दिनमा बाटोमा एकजना मान्छेले माछासंग रक्सी पिएको देखेर आफूलाई पनि त्यस्तै आशा भएको आदि सबै कुरा भन्यो।

*श्रीमतीले हाँस्दै भनिन्*– जाबो यति कुरामा पनि यत्रो चिन्ता ? म अहिल्यै घरमा तयार गरि दिइहाल्छु नि।

घरमा ल्याउँदा परिवारलाई पनि ख्वाउनुपर्‍यो, पैसा धेरै जान्छ। त्यसैले झर्किंदै उसले भन्यो– पर्दैन, पर्दैन, घरमा ल्याएर बढी खर्च गरिरहनु पर्दैन। बरू ल लेऊ यो एक मोहर। मलाई मात्र पुग्ने गरी माछा र रक्सी पसलबाटै किनेर ल्याइदेऊ।

श्रीमतीले कञ्जुस लोग्नेले भनेजस्तै पसलबाट उसलाईमात्र पुग्ने गरी किनेर ल्याइदिइन्। रक्सी र माछा एकजना नोकरलाई समाउन लगाएर त्यो सेंठ अलि टाढा खोला-छेउमा गयो। त्यहाँ रक्सी र माछा आफैंले लिएर नोकर लाई फर्काइदियो। ऊ त्यहीं एउटा झाड्मुनि छिर्‍यो र मज्जाले स्वाद लिईलिई माछासंग रक्सी पिउन थाल्यो। उसलाई सान्है आनन्द लागिरहेको थियो।

त्यो सेंठका बाबुले जीवनभरि दानपुण्य गरेर मृत्युपछि स्वर्गमा इन्द्र भएर उत्पत्ति भएको थियो। इन्द्रले आफ्नो कुलमा पहिलाजस्तो दान आदि पुण्य हुँदै आइरहेको छ कि छैन भनेर हेर्दा आफ्नो छोराले कुनै दानपुण्य नगरी लोभमात्र गरिरहेको देखे। उसले विचार गरे, अब त छोरालाई नचेटाइ भएन। केही पाठ त सिकाउनै पर्‍यो।

इन्द्र आफ्नो छोरा इल्लीस सेंठजस्तै रूप लिएर पृथ्वीमा आए। उनी सरासर राजाको दरवारमा गए। अचानक सेंठ दरवार मा आउनुको कारण राजाले सोधे। तब भेषधारी इन्द्रले भने– महाराज, आजभोलि मसंग ८० करोड धन छ। म ती सबै धन राजासमक्ष चढाउन चाहन्छु।

*यो सुनेर राजाले भने*– हे महाजन, मसंग तिम्रो धनभन्दा पनि कयौं बढी धन छ। मलाई तिम्रो धनको कुनै आवश्यकता छैन। त्यो धन तिमीमा नै होस्।

*भेषधारी इन्द्र*– महाराज, त्यसो भए म आफूले चाहेजस्तो गरिब गुरूवाहरूलाई दान दिऊँ त ?

*राजा*– हे महाजन, त्यो तिम्रो धन हो। तिमी दान दिन चाहन्छौ भने यसमा मेरो के समस्या छ त ? तिमी हेरेर गर।

भेषधारी इन्द्र सरासर इल्लीस सेंठको घरमा आइपुगे।

त्यहाँ कसैले पनि उनलाई इल्लीस सेंठ होइन भन्न सकेनन् । उनी सरासर महलमा गए । त्यहाँ द्वारपालहरूलाई भने– यहाँ कोही म इल्लीस सेंठ हुँ भनी आयो भने कुटेर धपाइदिनू ।

उनी सरासर कोठामा गए । त्यहाँ सेंठको श्रीमती पनि आइपुगिन् । परिवारका अरू मानिसहरू पनि जम्मा भए । अनि भेषधारी इन्द्रले भने– प्रिय पत्नी, आज हामी गरिब गुरूवाहरूलाई दान दिऔं न, है ।

श्रीमती र परिवारको मनमा यस्तो लाग्यो, आज बाहिर गएर रक्सी खाएर आएकोले रक्सीको सुरमा दान दिने कुरा गरिरहेको छ । नत्र त कहिल्यै धन खर्च गर्ने त के, खर्च गर्ने कुरा समेत नगर्ने मान्छे । रक्सीले चमत्कारै गऱ्यो ।

श्रीमतीचाहिंले भनिन्– हुन्छ हुन्छ, आज हजुरले मन खोलेर इच्छा मेट्ने गरी दान दिनुस् ।

भेषधारी इन्द्र– त्यसो भए, मान्छेहरू बोलाएर शहरैभरि खबर पठाइदिनू कि इल्लीस सेंठकहाँ गरिब गुरुवाहरूलाई जति जति चाहिने हो धन दान दिइरहेको छ, सबै आउनू ।

परिवारले पनि त्यस्तै मान्छे लगाएर चारैतिर खबर पुऱ्याइदिए । सबैतिरबाट गरिबहरू हातमा झोला, बाकस जेजे धन राख्ने चीजहरू छन्, लिएर इल्लीस सेंठको घरमा जम्मा हुन आए । भेषधारी इन्द्रले ढुकुटीबाट धनहरू तल ल्याएर गरिबहरूलाई बोक्न सक्ने जति धनहरू दान दिएर पठाउन थाले । सबै खुशी खुशी हुँदै धन लिएर फर्कन थाले ।

माग्न आएकै एकजना मान्छेले त सेंठकै गाडामा टन्न धन राखेर आफ्नो गाउंतिर फर्क्यो । फर्किंदै सेंठको जय जयकार गर्दै थियो– धन्य इल्लीस सेंठ तिम्रो । तिम्रै कृपाले आज मैले यो जीवनभरिलाई त्यसै बसेर खानपुग्ने जति धन पाएं । यो गाडा पनि तिम्रै हो । यो गोरूहरू पनि तिम्रै हो । यो गाड़ामा राखेको धन पनि तिम्रै हो । धन्य होस् तिमीलाई, धन्य ।

त्यही छेऊको झाङमा बसेर माछासंगै रक्सी खाइरहेको सक्कली इल्लीस सेंठले त्यो मान्छेको कुरा सुनेर झसंग भयो । आफ्नो नाउं लिएर त्यस्तो धन ल्याएको कुरा सुनेर उसको सातोपुत्लो नै उड्यो । हत्तरपत्तर झाङबाट निस्केर हेऱ्यो । साँच्चै, उसले आफ्नो गाडामा धन ल्याइरहेको मान्छे देख्यो । दौडेर गाडा समाउँदै भन्न थाल्यो– "ए दुष्ट मान्छे, यो मेरो गाडा कहाँ लिएर जान लागेको ?"

"मलाई यो गाडा र धन इल्लीस सेंठले दान दिएर ल्याएको हो । यदि तिमीलाई पनि चाहिन्छ भने त्यहीं जाऊ न" भन्दै त्यो मान्छे गाडाबाट ओर्ल्यो र बिजुली चम्केजस्तै उसको गालामा एक थप्पड दिएर गाडालाई कुदायो । सेंठले केही विचारै गर्न सकेन । ऊ जुरूक्क उठेर जीउमा लागेको धूलो झार्दै फेरि गाडा समाउन पुग्यो । यसपटक त्यो मान्छे गाडाबाट ओर्लेर माछालाई पछारेजस्तो पछारी छिटो छिटो गाडीलाई कुदायो ।

सेंठलाई होश आएजस्तो भयो । रक्सीले छोड्यो । यो के भइरहेको ? कसरी भइरहेको ? आफ्नो धन त्यो मान्छेले कसरी ल्याएको ? कि राजाले आफ्नो धन लुटाइरहेको छ ? उसको दिमाग रन्थनियो । जिउ थरथर काँप्न थाल्यो । शरीर चिसो भएर आयो । चाँडचाँडै आफ्नो घरतिर दौड्यो ।

आफ्नो घरबाट गरिबहरूले धनहरू लर्दै गरेको देख्दा ऊ बहुलाहा जस्तै भयो । सबैलाई समाउन थाल्यो । तर सबैले उसलाई गालि गरेर पछारेर जान्थ्यो । पछार्दा पछार्दा उसको हुलिया नै नचिन्ने बनाइदियो । उसले केही ठम्याउनै सकेन । बिस्तारै उठेर आफ्नो महलतिर लाग्यो तर त्यहाँ आफ्नै द्वारापालहरूले पनि भित्र जान दिएन । उसले भन्यो– हे मूर्ख द्वारपालेहरू, मलाई चिनेनौं ? म इल्लीस सेंठ हुँ ।

इल्लीस सेंठ हुं भनेको कुरा सुनेर द्वारपालेहरू हाँस्न थाले र "बडो आफूलाई सेंठ हुं भन्ने" भनेर खूबसंग पछारी पछारी पिटेर धपाइदियो । सेंठको नराम्रो हालत भयो । अझै पनि के भइरहेको छ भन्ने कुरा पत्तै पाएन । अब राजाकहाँ गएर मात्र आफ्नो उपकार हुने सम्झेर ऊ त्यतैतिर हान्निएर गयो ।

*राजाले सेंठ आएको देखेर सोधे*– हे महाजन, अब के भयो ?

*इल्लीस सेंठ*– महाराज, के हजुरले मेरो सर्वस्व हरण गर्नुभएको हो ? कि लुट्न लगाउनुभएको ?

*राजा*– महाजन, किन र ? के भयो ?

*इल्लीस सेंठ*– महाराज, मेरो घरबाट मासिसहरूले धमाधम धनहरू बोक्दै लगिरहेका छन् । मलाई घरमा समेत छिर्न दिएन, उल्टो नराम्ररी पिटेर ल्यायो ।

*राजा*– महाजन, तिमी नै अघि म कहाँ आएर आफ्नो धन दान दिन्छु भनी गएका हौइनौ र ?

*इल्लीस सेंठ*– महाराज, हजुरले मेरो स्वभाव थाहानै छ । आजसम्म एक थोपा तेलसम्म कसैलाई दान दिएको छैन, यस्तो दान गर्ने त परै जाओस् । फेरि महाराज, आज म हजुर कहाँ आएकै छैन । महाराज, केही गडबड अवश्यै छ । जति सक्दो चाँडो एकपल्ट परिक्षण गराउनुहोस् ।

राजाले सेंठको मन राख्नको लागि सेंठको घरमा दूतहरू पठाएर छनबिन गराए । त्यहाँ अर्कै सेंठ भएको पायो । राजाले सेंठको भेष धारण गरेका इन्द्रलाई पनि दरवारमै हाजिर गराए । दुवैलाई एकै ठाउंमा राखे । दुबै उस्तै । कानो । लंगडो । छुत्याउनै नसक्ने ।

इल्लीस सेंठले आफूजस्तै अर्को मान्छे देखेर अचम्ममा पऱ्यो । आँखालाई विश्वासै भएन । पछि आफूलाई सम्हाल्दै



Downloaded from http://www.dhamma.digital

उसले भन्यो– महाराज, भन्नुहोस्, हामीमध्ये कोचाहिं सक्कली हो ?

*राजा*– खै महाजन, मैले त सक्कली र नक्कली ठम्याउनै सकिनं । अरू तिमीलाई चिन्ने अरू कोहि छ कि ?

*सेंठ*– महाराज, मलाई मेरी श्रीमतीले चिन्छिन् ।

राजाले सेंठको श्रीमतीलाई दरबारमा हाजिर गराए । तिनले इन्द्रलाई नै आफ्नो श्रीमान् हो भनी इन्द्रको छेऊमा उभिन गइन् । अरू परिवार, आफन्तहरूले पनि इन्द्रलाई नै सक्कली भनी त्यतैतिर उभिन गए । सेंठलाई रिंगटा लाग्न थाल्यो । सहन गाह्रो भयो । उसले राजालाई भन्यो– महाराज, मेरो कपाल काट्ने नाउले मलाई चिन्छ । मेरो टाउकोमा एउटा गिर्खा भएको उसलाई राम्ररी थाहा छ ।

राजाले तुरून्तै नाउलाई दरवारमा हाजिर गराए । नाउले दुबैको टाउकोमा जाँच गऱ्यो । आश्चर्य, दुबैको टाउकोमा उसले उस्तै गिर्खा पायो । उसले राजालाई भन्यो– महाराज, दुबै सेंठ कानी र लंगडो छन् । टाउकोमा भएको गिर्खालाई हेरेर सक्कली र नक्कली छुत्याउन सकुंला भनेको त दुबैको टाउकोमा उस्तै गिर्खा रहेकोले मैले पनि सक्कली सेंठ छुत्याउन सकिनं ।

नाउको यो कुरा सुनेर इल्लीस सेंठ त्यहीं बेहोश भएर लड्यो । त्यसपछि भेषधारी इन्द्रले भन्यो– महाराज, वास्तविक इल्लीस सेंठ उही नै हो, नक्कली सेंठ म नै हुं ।

सबैले इन्द्रको मुख हेर्न थाले । आश्चर्य सबैलाई लाग्न थाले । भेषधारी इन्द्रले आफ्नो सक्कली रूपमा आएर आकासमा उभिन गए । इल्लीस सेंठको मुखमा पानी राखेर उसलाई पनि होशमा ल्यायो । त्यसपछि इन्द्रले भने- हे इल्लीस, म तिम्रै बाबु हुं । आफ्नो धनको सदुपयोग गरी दानपुण्य गरेको धर्मले म देवलोकको राजा इन्द्र भएको छु । तिमी भने पुस्तौदेखि चलिआएको दानशाला पनि नष्ट गरी लोभी कञ्जुस भइरह्यौ, पुस्ताको इज्जतलाई फालिदियौ । हे इल्लीस, तिमीले आफ्नो पापी स्वभावलाई छाडेर दानपुण्य गर्ने भए गर, नत्र यी सबै धनलाई लोप गराएर तिमीलाई पनि म यही बज्रले नाश गरिदिनेछु ।

इन्द्रको कुरा सुनेर इल्लीस सेंठलाई साह्रै डर लाग्यो । उसले क्षमा मागेर अबदेखि गरिबहरूलाई दान दिने, धनको सदुपयोग गर्ने र धर्म गर्ने कबुल गऱ्यो । तबदेखि उसले कञ्जुसी स्वभावलाई छोडेर दानपुण्य गर्न थाल्यो, गरिबहरूको सेवा गर्न थाल्यो । यो कामले उसलाई वास्तवमै आनन्द आयो । उसले जीवनभर यस्तै राम्रो सेवा र परोपकार गर्न थाल्यो । उसको धन सार्थक भयो । उसको जीवन सार्थक बन्यो ।

*( स्रोत- इल्लीस जातक )*

# "परिवर्तन"

■ आनन्दमानसिंह तुलाधर

जीवनया दबुलिई म्वायम् खःसा
सत्कर्मया अभिनय याना वनेनु ।
हिलावनी सकतां विनय थ्व विश्वया
पूर्वं लुइम्हन पश्चिमे तनीथें ।
चुलिजाया वोगु यौवन मवायक फुइथें
गृष्मया ऋतु हायावनी हःथें ।
बसन्त ऋतु न्हूचुलि जायकी
थ्वहेखः सृष्टिया अटल नियम ।
उकिहे खः बुद्ध कनावंगु भीत
यौ उत्पतिहे कन्हेया विनाश ।
न्ह्याना च्वंगु खुसिया अन्त मरूथें
म्वायगु जीवनया चिन्ह मरू ।
च्याना च्वंगुमत गवले फ्वाकक सिइथें
धायमफु थ्व नुगःचु गवले दिइथें ।
तैमखु बाकिन्व ई फुइ धुनेव
लिमलाः जिलाघी. वयमखु धाःसा
हेतुया मार्प प्रत्यय दैथें
जन्म लिसें धाना दै मरण ।
म्वाना च्वना यौ भी भौतिक जगते
मोज मस्ति जक याना. फगते ।
फस्स छुभ्का लुमके नुगलं
बनेमानि खला उगु लोकय्नं ।
प्योगु आर्यसत्यया तःजिगु ज्ञानं
कनाच्वंगु भीत गुरुमांया ज्ञानं ।
पंचशील अधिस्थान याःगु कर्म
बने जुइमा सकस्यां तःजिगु मर्म ।
स्वच्छगु नुगलं बुद्ध लुमंका
वनेनु अलौकिक मार्ग लिना ।
स्मरण यायनु बुद्ध लुमंका
बुद्धं शरणं गच्छामि ।
धम्मं शरणं गच्छामि ॥
संघं शरणं गच्छामि ।।।
चिरं तिट्ठतु सद्धम्मो ।
भवतु सब्ब मंगलं ।।।



Downloaded from http://www.dhamma.digital

# ऐतिहासिक देवदह र विचित्र पाकरी रूख

■ डिल्लीप्रसाद आचार्य

ऐतिहासिक यो पाकरी रूख 'देवदह' को पहिचान नै बनेको छ। रूख लुम्बिनी अञ्चलको रूपन्देही जिल्लाको देवदह गाविस वडा नं. ६ स्थित पूर्व-पश्चिम राजमार्गभन्दा दक्षिण एक किलोमिटरमा छ। राजमार्गबाट भित्र स्थानीय जनताले खण्डीस्मित सडक बनाएकोले यो वृक्ष हेर्न आउने तीर्थयात्री, भिक्षु, पर्यटक आदि पाहुनाहरूलाई सुविधा भएको छ। यो रूखको नाम संस्कृत र पाली भाषामा **'फलाक्ष'** भनिएको छ। नेपालीमा **'पाकरी'** र अवधि भाषामा **'पाकड'** भन्ने चलन छ। भीमसेन थापाका पालामा यस



वघौर तप्पामा बस्ती बसाल्ने अधिकार पाएका डिठ्ठा मनिरत्न मुनाङ्कले गाउँको नाम **'पाकरी'** राखेको कुरा उहाँका सन्तान महेन्द्रबहादुर मुनाङ्कीले बताएका छन्।

वि.सं. १८८० मा जन्मेको गाउँ १८७ वर्ष भएको छ भने यो रूख कति वर्षको भयो होला, अनुसन्धान गर्नुपर्ने भएको छ। गाउँको बीचमा भएको यो रूखलाई कुनै किसिमले क्षति पुऱ्याउन हुँदैन, क्षति पुऱ्याए वृक्षदेवले सजाय गर्छन्, यो रूखको हाँगा काट्न खोज्दा जग्गाधनी लोकनाथ पटवारीको जेठा छोराको मृत्यु भएको हो भन्ने धारणा जनमानसमा छ। रूखको फेदमा केटियामाई देवीको पूजा हुन्छ। यो रूखको गोलाई ८२ फिट र उचाइँ ९७ फिट छ। यो रूख करिब तीन कठ्ठा जग्गाभरि फैलिएको छ। यस साततले रूखमा गीद्ध, काग आदि कुनै चराहरू पनि बस्दैनन्। गुढ पनि लगाउँदैनन्। हात्ती नजिकसम्म जाँदैन। यस्ता धेरै विचित्रता लिएर सधैं हराभरा भई पाकरी गाउँ देवदहमा पाकरीको यो रूख उभिएको छ।

'देवदह' सिद्धार्थ शाक्य वा भगवान् गौतम बुद्धको मावली गाउँ हो र विवाहपछि ससुराली गाउँ पनि भएको कुरा बुद्ध जातक निदान र ललितविस्तर आदि प्राचीन ग्रन्थहरूमा उल्लेख छ। कपिलवस्तुका शाक्य राजा जनसेनकी छोरी लुम्बिनीसँग देवदहका शाक्य वंशीय राजा अञ्जनको विवाह भएपछि गौतम बुद्धकी आमाहरू मायादेवी र प्रजापति गौतमी जन्मेका थिए। त्यस बखतको चलनअनुसार पहिलो सन्तान माइतमा जन्माउनु पर्दथ्यो र त्यसैले गर्भवती मायादेवी कपिलवस्तुबाट देवदह जान हिँडेकी थिइन् र कपिलवस्तु र देवदहको बीचमा पर्ने लुम्बिनी बगैंचामा **फलाक्ष (पाकरी)** को रूखको छहारीमुनि मायादेवीले विश्राम गरेको बेला सिद्धार्थ शाक्यको जन्म भएको हो। देवदहमै जन्माइने भनिएको सिद्धार्थ त्यहाँ नजन्मे पनि उनको बाल्यकालको लामो समय एवं शिक्षा-दीक्षा मावली देवदहमा नै भएको थियो। यस्तै यहाँका राजा सुप्रबुद्ध जो सिद्धार्थका मामा थिए, तिनै कै छोरी यशोधरासँग उनको विवाहसमेत यसै स्थानमा सम्पन्न भएको थियो। यस्तो विशेष महत्त्वको देवदहको स्थानीयस्तरमा संरक्षण संवर्द्धनमा स्थानीय जनसमुदायहरूको जागरूकता बढ्दै गएको छ र खासगरी करिब चार वर्षयता देवदह संरक्षण प्रतिष्ठान गठन भएपछि यहाँ धेरै प्रकारका क्रियाकलापहरू सम्पन्न भएका छन्।

राजमार्ग चोक, देवदह बजारमा भगवान् गौतम बुद्ध र उहाँका साथ देवदह पाल्नुभएका महामुनि सारीपुत्रको मूर्ति स्थापनाको तयारी पूजा भएको छ। २०५५ साल मंसिरमा लुम्बिनीमा भएको विश्वबौद्ध सम्मेलनले लुम्बिनी र कपिलवस्तुसरह नै देवदहको र रामग्रामको विकास गर्ने प्रतिबद्धता जनाएको छ। यस्तै, सो सम्मेलनपछि निदरल्यान्ड, श्रीलङ्का, थाइल्यान्ड, म्यानमार, कोरिया आदि देशका ख्यातिप्राप्त भिक्षुहरूले देवदहको भ्रमण गर्नुभयो। यस्तै, स्थानीय जनस्तरमा स्व. श्री ५ वीरेन्द्रको शुभ जन्मोत्सवको उपलक्ष्यमा देवदह महोत्सव सम्पन्न गरेका छन्। देवदह संरक्षण प्रतिष्ठानले देवदहमा स्थापना गरेको पुस्तकालय उद्घाटनमा जापानको बुसिमोकाई संस्थाका संस्थापक भिक्षु श्री किचिरो फुन्तोले गर्नुभएको थियो। उहाँले पनि यस विचित्र पाकरीवृक्ष र देवदहका पुरातात्विक क्षेत्रको भ्रमण गर्नुभयो। उहाँले देवदहमा बैरीमाई, कन्यामाईको मन्दिर पुनःनिर्माण, प्रार्थनागृह एवं विशाल बगैंचा आदि बनाइदिने वचन दिनुभएको थियो। श्री ५ को सरकार एवं पुरातत्व विभागले स्वीकृति दिँदासाथ तत्कालै निर्माणकार्य सम्पन्न गर्ने उद्देश्यले नाप-नक्साहरू तयार भइसकेका थिए। मुलुकमा विशिष्ट व्यक्तिहरूले समेत देवदहको भ्रमण गरिसक्नुभएको छ।

देवदह संरक्षण प्रतिष्ठानले देवदह, रामग्राम, कपिलवस्तु, लुम्बिनी आदि ठाउँको प्रमाणिक इतिहासमा शोध गरी दिनदयाल उपाध्याय विश्वविद्यालय (गोरखपुर) बाट विद्यावारिधिको उपाधि प्राप्त गर्नुभएकोमा प्युठान निवासी गीतु गिरीलाई अभिनन्दन कार्यक्रमसमेत सम्पन्न गरेको छ। देवदह पनि लुम्बिनी, पशुपति, मालिका, कपिलवस्तु, रामजानकी मन्दिर, स्वयम्भू, मुक्तिनाथ, देवघाट, बराहक्षेत्र, त्रिवेणी आदि जस्तै अत्यन्तै पवित्र र गौरवमय स्थान हो। यसको संरक्षण र विकासमा सरकार एवं जनसमुदायका तर्फबाट हालसम्म देखापर्ने उदासीनतालाई पन्छाउनु जरुरी छ। ■

*साभार: राजधानी*



Downloaded from http://www.dhamma.digital

*दशदिने शिविरको अनुभवमाला-५*

# मनभित्र खन्न र खोतल्न जाँदा ...



● कोण्डन्य, बुद्ध विहार

***साधनाको सातौं दिवस***

आजपनि सदाझैं घण्टी ठोक्न अगावै उठिएं, किन हो कुन्नि राति चाँडै सुत्ने भएर हो वा खानाको ब्यालेन्सले हो, उठ्नचाहिं बिलैमा उठिन्छ, अहिलेसम्म घण्टीले उठाउनु पऱ्याछैन, हेरौं अझै चारदिन कसरी कटिने हो ? विहानी ध्यानका लागि धम्महलतिर लागें, शुरूमा एकदमै समाधिष्ठ अवस्थामा पुगेसरी जीउ नै हल्काहल्का भएझैं शीरसे पावँतक यात्रा गर्ने जमर्को हुन्छ, स्थूल संवेदना अलिकम छ, तरपनि सूक्ष्म संवेदनालाई निरन्तर रूपमा धाराप्रवाहकी तरह पछ्याउँदै जान सकिएन, टुट्छ, फुट्छ पुनः त्यही ठाउँबाट यात्रा शुरू गरिन्छ तर पाँवतक पुगेर त्यहाँबाट फर्किनै सकिएन । जतिबेला शीरबाट अनुहार हुँदै हुँदै घाँटीबाट छाती-पेटतर्फको यथाभूत संवेदनालाई हेर्ने प्रयास हुन्छ त्यतिबेला विशेषतः बायाँ छातीको भागमा अलिकति चस्किने, हड्डी नै दुखेझैं त्यो भागको अवयमा देखिएको संवेदना बेग्लै थियो र क्या हो यो त ! भनेझैं भो, त्यस संवेदनाको प्राप्तिपछि नै समताभाव जगाई अगाडि बढ्नुपर्ने म, तर त्यहीं रोकियो र परिणामतः त्यो दुखाइकै संवेदनापूर्ण आरम्मणमा टाँसिनपुग्दा समता टुट्यो, रागले रंजित एवं द्वेषले दूषित अवस्थाभन्दा भिन्न तर भय पो जाग्यो, तर त्यो समता टुटेको अवस्था करीब १५ मिनेटभन्दा बढीमैं केन्द्रित पछि बल्ल धत् कति त्यसैमा अल्झिएकोझैं अनुभूत हुँदा अगाडि बढ्न उर्जा मिल्यो ।

गुरुजीले आज बिहान बोज्झङ्ग सूत्रपाठ गर्नुभयो, कण्ठ आएकै पाठ भएर सँगसँगै पढ्दै जाँदा संवेदना त्यसमै विलीन भएझैं हुन्छ, केही छिनपछि त भवतु सब्ब मङ्गलं वाचन भइहाल्छ । जलपानपछि केही बेर घुम्न बगैंचातर्फ लागें, सामूहिक साधनामा अधिष्ठानकै चक्करमा संवेदनालाई हेर्नेक्रमलाई निरन्तरता दिन सकिएन; मन पनि क्याहो क्याहो, एकपटककोमा साधना राम्रो भए अर्को पटक अर्कै, फेरि अर्कोपटक झन अर्कै, आखिर यस प्रकृयालाई साक्षीभाव-द्रष्टाभाव एवं समतापूर्ण भावले जान्ने प्रयास गरिनु पर्छ भनेको त्यसैले होला, यही त परिवर्तित चक्र-प्रकृया हो, आफ्नो वशभन्दा वाह्यपक्ष हो र जसलाई अनित्यानुपश्यी भई हेर्न सकेमा प्रज्ञाभाव पुष्टहुँदै जाने हुन्छ भनेको त्यसैले होला ।

९:००-११:०० को साधनामा निर्देशन सुनिसकेपछि कोठाकै शून्यागारतर्फ लम्किएं, शून्यतामा आफू पनि शून्यभई बिलाउने त्यो प्रयास साधनाको माध्यमबाट जमर्को त बार बार गरिन्छ तर पार लाग्न भने खोई कयौं बार पो लाग्ने हो ! भवसागररूपी सागरैपार गर्न त जीवन्तरूपमै धाराप्रवाहसरी प्रत्येक यथाभूत संवेदनाउपर अनित्यताको बोध, त्यो पनि समतामयी भएर जस्को पुष्टताले प्रज्ञाको पुष्टतामा अनुबल थपिंदैजाने हुन्छ । आफू भने चाहे धम्मागार धम्महलमा होस् चाहे शून्यता छाएको शून्यागारमा होस् निरन्तररूपमा मनोमयाको तरङ्गमा तरङ्गित हुन सकिरहेको छुइनं, त्यसैले कहिले माछा माछा भन्ने यो मेरो मन, चित्तले पुनः भ्यागुतो भ्यागुतो भनिरहेको हुन्छ । यो वास्तविकतालाई पछ्याउन सक्नु नै वर्तमान अवस्थाको मूल दायित्व भएको छ, त्यसलाई स्मृति सम्प्रजन्यअवस्थामा डोऱ्याउने जुन भावितामयरूपमैं वीर्याधिकरूपमा प्रयास जारी छ त्यो पनि सहज परिस्थिति नै हो । मूलतः बारबार अभ्यासका रूपमा गरिने यी साधनामयी अभ्यास, विपश्वीसाधकका रूपमा गरिने चर्या जसप्रति तटस्थ हुन सकिरहेको छुइनं, भोग-उपभोगको अवस्था जकडिएको छ, राम्रो र नराम्रो, सुखद् र दुखद् आनन्द र पीडामैं समय वितिरहेको छ, वस्तुतः साक्षी भावले हेर्दैजाने प्रकृया जुन छ त्यसलाई निरन्तर रूपमा पछ्याउने त्यो स्मृतियुक्त भावितामयी अभ्यासलाई मजबूत बनाउन सकिएको छैन, परिणामतः आहा ! ओहो, सुखद्-दुखद्कै रूपमा मूल्यांकन गर्दै रागले रंजित हुँदै लिप्त हुने, द्वेषले दूषित बन्दै आवेश आउने, मोहले मूढित हुँदै बेहोस् बन्ने, अनासक्त होइन आसक्तयुक्तपनरूपी



Downloaded from http://www.dhamma.digital

आलम्वनमैं भासिंदै जाने कार्य पनि भइरहेको हो कि जस्तो अनुभूत पनि हुने गर्छ ।

११ बजे भोजनपछि एकछिन ढोकैमा उभी जीउलाई घामले सेकें, घण्टा बजिहाल्यो । १:००-२:३० को साधनामा गएं, आधा घण्टा जति बसी फेरी उही आफ्नो शून्यागारमै रमाउन उठी हिंडे । शिरसे पावँतक हेर्ने प्रकृयालाई नै निरन्तरता दिएं, बस एक फड्को मारियो होला तर त्यसभित्र कतिवार यो चित्त असम्यक् एकाग्रतातर्फ उन्मुख भए होलान् खोइ, कसरी लेखाजोखा गर्ने ?

२:३०-३:३० को साधनामा संवेदनालाई पछ्याउँदै जान धाराप्रवाहसरी अगाडि बढियो, निर्देशनानुरूप अगाडि बढ्ने जमर्कोमध्ये सो बसाई साह्रै नै उपलब्धिपूर्ण रह्यो । करीब ५० मिनेट त्यसै प्रकृयामा रमाउन सकें, जतिबेला अहँ, आहा, उहु, याई र उईं आवाज बढी पीडाको विस्फोट सुन्ने आरम्मणमा गई त्यो धाराप्रवाहले विश्राम पायो । स्थूलभन्दा पनि क्रमिकरूपमा सूक्ष्म संवेदनासमेत एकपछि अर्को गर्दै पछ्याउँदै जानसक्नु कुनैबेला कुनै चाल नपाईंदा उहीं टक्क रोकिएर फेरि क्रमिकरूपमैं अगाडि बढ्नसक्नुले आफू भित्रभित्रै हौसिएझैं लुरूलुरू हिँड्दै त्यो यात्रामा लीन थिएँ, जे होस् क्रमिकतालाई पछ्याउने क्रममा स्थूल वेदनालाईसमेत पन्छाई पन्छाई अनुभूतजन्य संवेदनालाई हेर्दैजान सकिने रहेछ । यसरी अगाडि बढ्दा समयबितेको चालै नपाउने, होइन भने उही कहिले अनिच्चावत वाचन होला र केही छिनपछि भवतु सब्ब मंगलं गुन्जिएला अनि एकछिन भएपनि विश्रामका लागि बाहिर जान पाइने हुन्छ, दुखाइले पनि कैही क्षणका लागि किन नहोस् विश्राम पाउने हुन्छ भनेझैं मनमा दहीच्यूरा मुछिएसरी मुछिने गर्छ पनि ।

३:३०-५:०० सम्मको साधना कोठाकै शून्यागार मा आई साधनारत हुने अभ्यास त गरियो, तर भरखरै सकिएको सामूहिक साधनामा धाराप्रवाह निर्देशनानुरूप गर्न सकिएको त्यो साधनारतभाव पूर्णत: हरायो नै । साधना बस्नु पनि घामपानी घामपानीझैं मनोवृत्तिअनुरूप यस्तै येनकेन प्रकारले गर्न सकिएला भन्नु भ्रम मात्र हुँदोरहेछ । भलै पलेंटी कसी बस्न सकिएला त्यो बेग्लै भो तर मनोगतरूपमा यथाभूत अवस्थालाई साक्षीभाव एवं समतामा बसी धाराप्रवाहकी तरह निरन्तर रूपमा पछ्याउँदै जानसक्नुमा भने सोचेझैं नहुँदोरहेछ । कहिले प्रयास जारी रहेपनि बाह्य आरम्मणरूपी चित्त बेगको धार कसिलो-गाँठिलो हुँदा भने ठम्याउनै मुश्किलमात्र कहाँ हो र हम्मेहम्मे नै भई जुरूक्क जुरूक्क उठुँ उठुँ लाग्छ, चिच्याउन र हल्लागर्न, बेस्करी कराउन समेत मन गर्ने हुन्छ, यतिबेला धैर्यता गुम्यो वा स्मृतिलाई ठम्याउन पायो भने त ठीकै होला, विस्तारै कूल डाउन होला होइनभने त्यसैअनुरूप चल्ने संस्कार बस्न गयो भनेचाहिँ अनर्थ हुन के बेर ?

५:००-६:०० को सामूहिक ध्यानमा धाराप्रवाहलाई निरन्तरता दिंदै जाँदा समतामा भने बस्न धेरै कठीनताको अनुभूत भो, सूक्ष्म संवेदनालाई पछ्याउँदै जान सफलता प्राप्त गरेजस्तो भएपनि त्यसलाई साक्षीभावले हेरी भुक्तभावलाई छोड्नुपर्ने, अनित्यानुपश्यी भई परिवर्तित स्वभावलाई हेर्दै गहिरिएर समतामा बस्ने प्रयास जारी हुनुपर्ने तर ठीक विपरित छिनछिनमैं उही आसक्तपनले झ्याप् झ्याप् समाएझैं त्यही भावमा तैरिन पुग्छु । त्यसो त एकघण्टा समाधिमा बस्दा अर्थात् साधनारत अवस्थामा पुरै समय धाराप्रवाहरूपमैं सूक्ष्मातिसूक्ष्म संवेदनालाई क्रमिकरूपमा यथाभूत दर्शन गर्दै, समतामा स्थीर रही पुरानो संस्कार टुटाउँदै नयाँ संस्कार निर्माण नगर्नेतर्फ उत्मुख हुन सफल हुँदैमा पूर्णत: मुक्ति पाउने अवश्य पनि होइन होला । यस प्रकारले कयौं समय यसरी यथाभूत दर्शन गरी पूर्णत: समतामा रही संवेदनाउपर अनित्यताको बोधले प्रज्ञाको पुष्टी हुँदै त्यसै प्रकृयाअनुरूप सम्पूर्ण पुराना संस्कार-धर्महरूलाई छेदन गर्दै, धुजा धुजा पार्दै च्याट्चुट् पार्दै ती नयाँ बन्ने संस्कारका द्वारलाई पूर्णत: बन्द गर्ने काम हुँदै जानुपर्छ, नयाँ संस्कारका निर्माणाधीन अवस्था जरैदेखि उखेलिदै अगाडि बढ्दैजाँदा नै जीवन मुक्तिको आभास पाउँदो होली मत्र भने सही ढंगबाट सम्यक् रूपमा साधनारत हुने भावितामयी अभ्यास गर्न नजान्ने, गरें गरें जस्तो माछामाछा भ्यागुतो भनेको अवस्थामा त उही हो आकाशको फल आँखातरी मर भनेझैं पो होला ।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# शाक्य राज्य एवं कोलीय राज्यका कपिलवस्तु तथा देवदह शाक्यवंशका पूर्वज

शाक्यवंशको कुरा उत्थान गर्दा सर्वप्रथम महासम्मत राजादेखिको कुरा ल्याउन उचित ठान्दछु । यस भद्रकल्पको प्रथमकल्पमा जब धेरै जनताले सुव्यवस्थित रूपले राज्य संचालन गर्न, जनतालाई सुखी एवं सभ्य तुल्याउन, सरल रूपले जीवन यापन गराउन सबैको सम्मतिले महासम्मत राजा भनी राजा स्थापना गरे । उनै महासम्मत राजाबाट शासनको भार ग्रहण गरी राज्य संचालन गरी जनतालाई अनुशासन गरे । यसपछि उनका छोरा रोज, रोजका छोरा वररोज, वररोजका छोरा कल्याण, उनका छोरा वरकल्याण, वरकल्याणका छोरा मान्धाता, उनका छोरा चर, चरका छोरा उपचर, उनका छोरा मखादेव, मखादेवका छोरा, नाति पनाति इत्यादि गरी ८४,००० चौरासी हजार क्षत्रिय सन्तानहरू भए ।



■ धर्मरत्न शाक्य, त्रिशूली

यसपछि तीन पुस्तासम्म ओक्काकवंश रह्यो । यिनै ओक्काकवंशका तेस्रो पुस्ताका ओक्काकवंशीय राजाकी मत्ता, चित्ता, जन्तु, जालिनी र विशाखा नामका पाँच रानी थिए । तिनी मध्ये जेठी महारानीले ओक्कामुख, करकण्डु, कत्थिनीक र कासिनीपुर नामका चार छोरा र प्रिया, सुप्रिया, आनन्दा, विजिता र विजितसेना नामका पाँच छोरी समेत ९ छोरा छोरी जन्माइन् ।

**कपिलवस्तुको उत्पत्ति**

शाक्यवंशका पूर्वज पुरुष यिनै ओकाक्क राजा हुन् । यी राजाले कुरा गर्दा उनको मुखबाट चिराक जस्तै रश्मि वा ज्वाला देखिन्थ्यो । त्यसकारण उनको नाम उक्काक ओक्काक भनिएको हो । यसरी छोरा छोरीहरूले सम्पन्न भएर पनि उनले पछि फेरि एक अर्की सुन्दरी स्त्रीसँग विवाह गरे । जसबाट एउटा छोरो जन्म्यो । उसलाई जन्तु भन्ने नामकरण गरे । कान्छी रानीबाट छोरा जन्माएको खुशियालीमा रानीलाई वर माग्ने आज्ञा दिए । रानीले "पछि चाहिएको बेलामा मागुँला" भनी वर नासो राखिन् । समय बितेपछि एकदिन रानीले आफ्नो छोरालाई राजा तुल्याउने कुरा गरिन् । राजाले यो कुरा सुनेर चार-चारवटा जेठी रानीका जल्दा बल्दा छोराहरू छँदा छँदै कान्छीरानीपट्टिको कान्छो छोरालाई राजा बनाउँदा जनताले के भन्ला ? यो न्यायसम्मत पनि होइन भनी रिसाए । पछि रानीले राजालाई अनेक प्रेम-लीलाले प्रसन्न पारी पहिलेको नासो राखी छोडेको वरको सम्झना गराउँदा ओक्काक राजा बाध्य भएर चारैवटा छोराहरूलाई डाकी अत्यन्त दु:ख तथा प्रेमपूर्वक आफूले बाचा हारेको कुरा बताए । साथै स्त्रीहठको स्वभावले तिनीहरूलाई अनेक षड्यन्त्रको सामना गर्नुपर्ने, अनेक विघ्न बाधा आउन सक्ने कुरा सम्झाई बुझाई आठ मन्त्रीहरू तथा अनेक मानिसहरू साथ लगाई "आफ्नो मृत्युपछि राज्य लिन आउने कुरा बताई आफ्नो देशबाट बाहिर पठाइदिए ।

ओक्कामुखआदि चारै राजकुमारहरूले आफ्ना पिताको वचनलाई शिरोपर गरी "केही त्रुटि भए क्षमा गर्नुहवस्" भनी क्षमा प्रार्थना गरे । जाने बेलामा पाँचवटी दिदी बहिनीहरू पनि बाबुसँगै नसोधिकन नै उनीहरूका साथ लागेका हुनाले तिनीहरूलाई पनि साथैमा लिई देशबाट निस्के ।

"यी राजकुमारहरू राजाको मृत्युपछि राज्य लिन आउनेछन्" भन्दै हजारौं मानिसहरू राजकुमारहरूका साथ लागे । यसरी साथलागी आएका परिषद दिनका दिन बढ्दै गयो । परिषद् बढ्दै गएको देखी राजकुमारहरूले आपसमा सल्लाह गरे "यदि चाहेको खण्डमा हामीले अरू कुनै राज्यलाई हरण गर्न पनि सक्छौं, तर त्यसरी हिंसायुक्त काम गर्नु उचित छैन । कसैलाई पीडा दिनु ठीक छैन । जम्बुद्वीपमा त्यत्रा बन जङ्गलहरू छन्, कुनै एक जङ्गलमा किन बस्ती नबसालौं" यसरी सल्लाह गरी ती राजकुमारहरू बस्ती बसाल्न उचित स्थान खोज्दै क्रमश: हिमालयखण्डतिर लागे ।

त्यस बखत बुद्ध बन्ने प्रबल इच्छा राखी पारमिता पूर्ण गर्दै आउनुभएका बोधिसत्व एक महाधनी ब्राह्मण कुलमा कपिल नामको ब्राह्मण भई जन्मी गृहत्याग गरी ऋषि भेष लिई हिमवत्खण्डको आसपासमा एक सुरम्य पोखरीको किनारमा शाकखण्ड पर्णशाला बनाई बसेका थिए । उनी अनेक भू-गर्भ विद्या जान्दथे । त्यस ठाउँको जङ्गल दक्षिणतिरबाट पूर्वतिर फैलिएको, सिंह बाघ आदि अनेक जीव जन्तुहरूको भयले गर्दा त्यस ठाउँमा कोही पनि बास गर्न सक्दैनथे ।

ती राजकुमारहरू नगर बसाल्ने ठाउँ खोज्दै यिनै कपिल ऋषिकहाँ आइपुगे । उनीहरूले ऋषिसँग सल्लाह मागे । ऋषिले उनीहरूप्रति अनुकम्पा राखी आफ्नै कुटी भएको ठाउँमा बस्ती बसाल्ने सल्लाह दिए । यस्तो सल्लाह दिनुको कारण के थियो भने, सो भूमिभाग अत्यन्त गुण सम्पन्न तथा लक्षण युक्त थियो । त्यस ठाउँमा बास गर्ने जस्तै दरिद्र पनि श्रीसम्पत्ति युक्त भई शक्तिसम्पन्न हुन सक्थ्यो । यो कुरा सुनी ती राजकुमारहरूले भने– "भन्ते, यहाँ त तपाईं बस्नुभएको छ ।" राजकुमारहरूको कुरा सुनेर कपिल ऋषिले "मलाई कतै एक छेउमा एउटा कुटी बनाई तिमीहरू यसै ठाउँमा नगर बसाली "कपिलवस्तु" अर्थात् कपिलको ठाउँ हो भन्ने नामाकरण गरी बस" भन्नुभयो । राजकुमारहरूले त्यस्तै गरी सो ठाउँको जङ्गल फाँडी नगर बसाए । त्यसै बेलादेखि नै "कपिलवस्तु" भन्ने नगर स्थापना भई कपिलवस्तु नामाकरण भएको हो ।

**शाक्यवंशको उत्पत्ति**

समय बित्दै गए । एकदिन ती राजकुमारहरूका साथमा आएका मन्त्रीहरूले बिचार गरे "यदि यी राजकुमारहरू आफ्ना बाबु आमाका साथमा भएका भए



Downloaded from http://www.dhamma.digital

थिनीहरूको कस्तो ऐश्वर्यका साथ विवाह मंगल हुन्थ्यो होला। अब यी कामहरू हामीले पूरा गर्न सक्नुपर्दछ" यति कुरा आपसमा विचार विमर्श गरी मन्त्रीहरूले राजकुमारहरूसँग सल्लाह गरे। राजकुमारहरूले भने "हामीलाई यहाँ को कस्ता हुन् भन्ने कुरा थाहा छैन, को कुन जातिका हुन् भन्ने कुरा पनि थाहा छैन। त्यसकारण जातिसम्भेद गरी सन्तान जन्माउनु भन्दा आफ्नै बहिनीहरूसँग विवाह गर्नु बेश हुनेछ र हामी यस्तै गर्न चाहन्छौं।" भने। अनि उनीहरूले आफ्नी जेठी बहिनी प्रियालाई मातृ स्थानमा राखी अरू चारवटी बहिनीहरूलाई आ-आफ्ना पत्नी बनाई राज्याभिषेक गरी कपिलवस्तुलाई राजधानी तुल्याई शासन गरे।

ओक्काक राजाले आफ्ना चारपुरुषद्वारा यो खबर थाहा पाएपछि "सक्या वत भो कुमाराति" अर्थात् भो राजकुमार हो, अवश्य नै सक्छौ" भन्ने उद्गार वचन प्रकट गरेका हुनाले सक्का सक्या भन्ने नाम पर्न गएको हो। यसै बेलादेखि नै शाक्य-वंशको शुरु भएको हो।

**कोलीय-वंशको उत्पत्ति**

चारै राजकुमारहरूका छोरा छोरीहरू क्रमशः बढ्दै गए। जेठी राजकुमारी प्रियालाई भने कुष्ठरोगले छोयो। उनको शरीर कोलिय (कोविदार) पुष्प जस्तै देखिन थाल्यो। अनि राजकुमारहरूले सोचे "यदि यी कुष्ठरोगीका साथ एकै ठाउँमा खान पान तथा बसोबास गरेमा अरू परिवारलाई पनि यो रोग सर्न सक्छ" यस्तो विचार गरी उद्यानक्रीडामा जाने बहाना गरी एक दिन ती राजकुमारहरूले उनलाई रथमा राखी एक जङ्गलभित्र गए। अनि त्यहीं जमिनमुनि ठूलो गुफा बनाई खाने पिउने सरसामानहरूको प्रबन्ध गरी उनलाई त्यसै गुफामा राखी माथिबाट माटोले छोपिदिए।

सोही समयमा वाराणसीका राम नामक राजालाई पनि कुष्ठ रोग लागेको थियो। त्यसैले उनलाई तल्लो श्रेणीका नर्तकीहरूले समेत घृणा गरेको बुझी विरक्त भई जेठो छोरालाई राज्य दिई आफू जङ्गलतिर लागे। जङ्गलमा स्वयं पाकेका फल फूल तथा कन्दमूलहरू खाँदा खाँदै राम राजाको कुष्ठरोग निको भयो र उनको वर्ण पहिले भन्दा पनि धेरै सुन्दर र हृष्ट पुष्ट देखियो। जङ्गलमा यता-उता घुम्दा-घुम्दै एक ठाउँमा १६ हात जति मोटो एउटा खोक्रो रूख देखे। अनि सोही खोक्रो रुखलाई सफा गरी रूखमा ढोका, झ्याल तथा भरेङ्ग राखी सोही रूखभित्र राजा बास गर्नथाले। रातभरि आगो बालेर बस्दथे र राति जताबाट बाघ तथा मृगहरूको आवाज आउँथ्यो भोलिपल्ट उतैतिर गई सिकार गरी त्यसैको मासुले आफ्नो जीविका गरेर बसेका थिए।

एक दिन प्रातःकाल हुने बेलामा कुष्ठरोगी प्रिया राजकुमारीको शरीरको गन्ध पाई बाघले भुईं खोस्री गुफा छोपिराखेको फलेक समेत उघ्रिन थालेपछि राजकुमारी बाघदेखि भयभीत भईन् र बेसरी चिच्याईन्। उता रूखमा बसेका राजा रामले यो आवाज सुनी "यो आवाज त स्त्रीको आवाज जस्तो लाग्छ।" भन्ने विचार गरी बिहानै त्यस ठाउँमा गई "यहाँ" भित्र को छ?" भनी सोधे। भित्रबाट "म एक स्त्री हुँ।" भन्ने जवाफ आयो। "कुन जातकी हौ?" भनी राजाले सोधे। "ओक्काक राजाकी छोरी हुं।" भन्ने जवाफ पाए। "त्यसो भए बाहिर निस्क" भनी राजाले भने। "म बाहिर निस्कन सक्दिनँ।" भन्ने उत्तर पाए। "किन?" भनी सोधेपछि राजकुमारीले आफूमा चर्मरोगादि भएको कुरा बताइन्। अनि राजाले क्षत्रियाभिमानले ननिस्की बसेकी राजकुमारीलाई आफू पनि क्षत्रिय वंशोत्पन्न राजा भएको कुरा बताए। त्यसपछि भरेङ्गद्वारा राजकुमारीलाई बाहिर निकाली आफू बस्ने ठाउँमा लगी आफूले खाएको फल फूल कन्दमूल औषधि खुवाई रोग निको पारिदिए। त्यसपछि वाराणसीका राजा रामले ओक्काक राजाकी छोरी प्रिया राजकुमारीलाई आफ्नी रानी बनाए। उनले १६ पटक सम्म जुम्ल्याहा छोराहरू जन्माइन्। ती ३२ राजकुमारहरूलाई राजा रामले राम्रोसँग शिक्षा दीक्षा दिई पालन पोषण गरे।

एक दिन राम राजाको देशबाट आएको एक वनचर पुरुषले टाढैबाट राजालाई देखी चिन्यो। अनि सो पुरुष राजाकहाँ गई "महाराज, म तपाईंलाई चिन्दछु।" भनी निवेदन गरेको कुरा सुनी राजाले आफ्नो देशको हाल खबर सोध्न थाले। सोही समयमा ३२ राजकुमारहरू पनि जङ्गलबाट आइपुगे। अनि वनचर पुरुषले ती राजकुमारहरूको बारेमा राजाद्वारा जानकारी लियो। त्यसपछि अत्यन्त खुशी भई "अब म फर्केर राजालाई राम्रो खबर सुनाउनेछु।" भनी नगरमा गई खबर सुनाएपछि राम राजाका छोरा चतुरङ्गिणी सेनाका साथ त्यहाँ आई आफ्ना पितालाई प्रणाम गरी "पिताज्यू, तपाईंको राज्य लिनुहोस्।" भनी प्रार्थना गर्दा राम राजाले "भो पुत्र, भइहाल्यो, मलाई यहीं नै ठीक छ। यदि तिमीहरू चाहन्छौ भने मलाई यही रूख काटी यहाँ नगर बसाईदेऊ" भने। अनि राजकुमारले राजाको इच्छा अनुसार त्यहाँ नगर बसाइदिए।

कोलबृक्ष (कोविदार बृक्ष) काटेर बसाएको नगर र ब्याघ्रपथ बाघहरूको बाटो पनि भएको हुनाले त्यस नगरको दुइवटा नाम रहन गयो। यहींबाट कोलीयवंशको शुरुवात भएको बुझिन्छ। एकदिन प्रिया रानीले आफ्ना छोराहरूलाई कपिलवस्तुका शाक्यहरू मामा पर्ने कुरा बताइन्। साथै शाक्यवंशका कन्याहरू नुहाइरहेको बेलामा आ-आफ्ना इच्छानुसार उनीहरूलाई ल्याए पनि हुन्छ भन्ने कुरा पनि सुनाइन्। आमाको कुरा सुनी ती राजकुमारहरू तदनुसार आ-आफ्नो इच्छानुसार शाक्य राजकुमारीहरूलाई ल्याई शाक्य र कोलीयवंशका बीच विहेवारी गर्ने परम्परा चलाएको बुद्धकालसम्म अविच्छिन्न रूपले चलिआएको देखिन्छ।

**शाक्य गणराज्य**

बुद्धकालीन भारतको १६ महाजनपदहरूमा तथा ६ प्रमुख महानगरहरूमा कपिलवस्तु नगर शाक्यहरूको प्रमुख नगर तथा शाक्य जनपदको राजधानी भएको थियो। कपिलवस्तु नगर पराक्रम सम्पन्न कोशल जनपद अन्तर्गत रहेको र यो शाक्य राज्यमा वैशालीका वज्जी, लिच्छवी र कुशीनगर तथा पावाका मल्लहरूको जस्तै प्रजातन्त्र गणराज्य थियो। यहाँ जनताबाट चुनिएको प्रमुख व्यक्ति नै राजा कहलाइन्थ्यो। त्यस्तै शाक्य जनपदमा भएका नगर, गाउँ तथा निगमहरू मध्ये केही नगर वा गाउँ यस प्रकारका छन्–

चातुम, खोमदुस्स, सामगाम, देवदह, सक्करवा, नगरक, मेदलुम्प, शीलावती र उलुम्प। यही शाक्य जनपदको देवदह नगर



Downloaded from http://www.dhamma.digital

का राजा दण्डपाणि सिद्धार्थ गौतमका मामा थिए । यिनै दण्डपाणिको महामायादेवी र प्रजापति गौतमी दुई बहिनीहरू कपिलवस्तु राज्यका राजा शुद्धोदनकी अग्रमहिषी थिइन् । सुप्रबुद्ध शाक्य दण्डपाणी राजाका भाई हुन् । यिनै सुप्रबुद्ध शाक्यका छोरा देवदत्त तथा छोरी यशोधरा देवी हुन् । यिनै यशोधरा देवीसंग सिद्धार्थ गौतमको विवाह भएको हो ।

शाक्यहरूको राजधानी कपिलवस्तु र कोलीय राज्यको सिमाना रोहिणी नदीले छुचाइएको छ । यो नदीमा बाँध बाँधिएको थियो । यही नदीको पानी बारेमा एकदिन शाक्य र कोलीयहरूको बीच झगडा परी युद्ध समेत हुन लागेको थियो र बुद्धको उपस्थितिले गर्दा आपसमा युद्ध हुन सकेन । रोहिणी नदी उत्तरबाट दक्षिणतिर बगिरहेको छ ।

**कोलीय राज्य र देवदहरूको संयुक्त उपवन लुम्बिनी**

यही शाक्यहरूका गणराज्यहरूमा कपिलवस्तु र देवदह दुई राज्यबीच पहिलेदेखि निकै घनिष्ठ सम्बन्ध रहेको र वैवाहिक सम्बन्ध रहेको हुनाले लुम्बिनी उपवन यी दुवै राज्यको संयुक्त उपवन हो । जहाँ महामायादेवीले विश्ववन्द्य भगवान् सिद्धार्थ गौतमलाई जन्म दिनु भएको हो । शाक्यहरूको गौरव शाक्यमुनि कहलाउनु भयो । नेपाल माताका सुपुत्र एवं नेपालका विभूति हुनुभयो । एसियाको ज्योति मात्र होइन विश्वभरका प्रज्ञाज्योति तथा विश्वशान्तिका नायक पनि हुनुभयो । ■

## भगवान छपिं लुमना वइगु

*च्वमि*– प्रा. आशाराम शाक्य

संगीत– स्व. पद्मज्योति वज्राचार्य

दुःखं प्याख्यें च्यू वैगु इले
याय् मैं मखु जिं धैर्य मने
जीवन केवल दुःखं जागु
अनुभव जक हे तइगु इले
भगवान छःपिं लुमना वइगु
बुद्धं सरणं गच्छामि ॥धु॥

वंले वन नल त्वन केवल थुलि हे
जीवनया ज्या मीगु थन
प्रश्न दना वई झीगु न्ह्योने सदा
उत्तर मदया सुंक अले
भगवान छःपिं लुमना वइगु
धम्मं सरणं गच्छामि ॥१॥

अविरल धारा ख्वबि हायका
गन वने गन च्वने जुइगु इले
शील, समाधि व प्रज्ञा लुमना
मन जिगु अतिकं सिचुइ बले
भगवान छःपिं लुमना वइगु
संघं सरणं गच्छामि ॥२॥

# सम्यक् दृष्टि

■ **वीरेन्द्र श्रेष्ठ**

आर्य आष्टांगिक मार्ग अर्थात् निर्वाणप्राप्ति र दुःखबाट मुक्ति पाउनका लागि हिंड्नुपर्ने आठ खुड्किलामध्ये प्रथम खुड्किलोस्वरूप सम्यक् दृष्टिलाई प्रस्तुत गरिएको छ, बौद्ध दर्शनमा । सम्यक्‌को अर्थ राम्रो, सही र दृष्टिको अर्थ हेराई , कुनै कुरालाई सही तवरले हेर्नु र अवलोकन गर्नु सम्यक् दृष्टि हो ।

बौद्ध दर्शनअनुसार, संसार दुःखमय छ । जन्मिनु, बूढो हुनु, बिरामी हुनु, मन परेका कुरा नपाउनु, प्रियजनबाट टाढिनु र मर्नुपर्ने जस्ता दुःखबाट कोही पनि अछुट छैनन् । यसरी ध्रुवसत्य दुःखबारे ज्ञान पाउनु नै सम्यक् दृष्टि हो ।

संसारमा कुनै घटना स्वयंसिद्ध नहुने तथ्य विज्ञानले पुष्टि गरिसकेको छ । दुःखका पनि विभिन्न कारकतत्त्व हुन्छन् । ती दुःखका कारणबारे सही ज्ञान हासिल गर्नु सम्यक् दृष्टि हो । कुनै घटना कुनै कारणबाट हुन्छ भने अवश्यमेव ती कारणलाई नियन्त्रण गर्दा ती घटना पनि नियन्त्रण हुन पुग्दछन् । यसरी दुःखलाई नियन्त्रण गर्ने बाटोबारे जान्नु नै सम्यक् दृष्टि हो ।

दुःखका कारण र दुःख नियन्त्रण गर्ने उपायबारे ज्ञान हासिल गरिसकेपछि दुःख हटाउने बाटो अवलम्बन गर्नु पनि सम्यक् दृष्टि पाउनु हो । गरिब हुनु दुःख हो, तर भाग्यलाई मात्र दोष दिई बसेमा गरिबीबाट कहिल्यै उठ्न सकिदैन । त्यस दुःखलाई राम्ररी बुझी आफू गरिब हुनुमा कुनकुन कारण छन् त्यसबारे मनन गरी ज्ञान हासिल गर्नुपर्दछ ।

गरिब हुनुमा ज्ञानको कमी, मेहनतको कमी, आफ्नो खुबीबारे अज्ञानता वा हीनताबोध आदि हुन सक्छ । यी गरिबीका कारकतत्त्वलाई राम्ररी केलाई बुझी यसबाट मुक्ति पाउनका लागि कदम चाल्नु सम्यक् दृष्टि हो । यसरी कुनै घटनाको सुरुवातदेखि त्यसको निराकरणसम्मका घटनालाई हेर्ने हेराई वा त्यसप्रतिको ज्ञान नै सम्यक् दृष्टि हो ।

लोभ, ईर्ष्या, मोह र स्वार्थ भावनाबाट प्रेरित भई हेरिने दृष्टि मिथ्या दृष्टि हो । मिथ्या दृष्टि नहुनु नै सम्यक् दृष्टि हो । दान दिइएकोमा फल छैन । पूजा गरिदैमा फल पाउँदैन । इहलोक छैन, परलोक छैन, आमा छैन, बुबा छैन, ओपपातिक प्राणी छैन, संसारमा धार्मिक कुनै श्रमण छैन जस्ता गलत दृष्टिलाई त्यागी सही दृष्टि अँगाल्नुलाई नै सम्यक् दृष्टिको रूपमा लिन सकिन्छ । ■

# ध्यान र स्वस्थ जीवन

■ पूर्णमान महर्जन

चंचलता/अस्थिरता मनको स्वभाव हो। बितिसकेको भूतकाललाई स्मरण र आउने भविष्यको कल्पना गर्दै हामी हाम्रा मनलाई अस्थिर बनाइराखेका हुन्छौं। त्यसैले प्रायः मानिसमा तनाव, खिचाव, अशान्ति, व्याकुलता आदिले मन/चित्त अस्थिर भइरहेको हुन्छ। शरीरको लागि शारीरिक व्यायाम आवश्यक भए जस्तै यस प्रकारको अस्थिरता या मनको विकार हटाउन मनको व्यायाम आवश्यक छ। ध्यान मनको व्यायाम हो। सामान्यतः मनमा एकाग्रताको भावना जागृत या चित्त स्थिर गर्नु ध्यान हो। बौद्ध ध्यान भावना मोटामोटी रूपमा दुई तहका छन्– क) शान्ती (एकाग्रता) को ध्यान ख) अर्न्तज्ञान (अन्तर्मुखी) को ध्यान

मनलाई शान्त र नियन्त्रण गर्न शान्ति ध्यानको स्थान महत्वपूर्ण छ भने प्रज्ञाको विकास गर्न अन्तर्ज्ञान (विपस्सना) ध्यानको ठुलो स्थान छ। निर्वाण साक्षात्कारका लागि दुवैको अत्यावश्यक छ। निर्वण प्राप्ति सहज कुरो होइन। यसैले निर्वाण प्राप्त गर्न नसकेतापनि ध्यानले मनलाई शान्त र नियन्त्रण भने अवश्य गर्न सकिन्छ। यसको लागि कुनै नाम, मन्त्र, जप, शब्द, वस्तु आदिको सहारा आवश्यक छैन। मात्र मनलाई एकाग्रह बनाउन श्वास, शरीर र शारीरिक संवेदनामा केन्द्रित रहेर गर्न सकिन्छ, जसको मनको विकार साथ गहिरो सम्बन्ध रहेको हुन्छ। उदाहरणको लागि जब जब मनमा क्रोध जाग्छ, भय जाग्छ, वासना जाग्छ, तब तब श्वासको गति तिब्र तेज हुन्छ, तर जब मन विकार रहित हुन्छ, तब श्वासको गति मन्द र सामान्य हुन्छ। श्वास प्रश्वासलाई ख्याल गर्दा श्वास भित्र आउँदा नाकका प्वालमा शितलताको अनुभव हुन्छ भने बाहिर जाँदा उष्णताको अनुभव हुन्छ। त्यस्तै सिर देखि पाउसम्म मनलाई सुस्त र मन्द रूपमा चक्कर लगाउँदा जहाँ जुन ठाउँमा सुखद या दुखद संवेदना भईरहेको हुन्छ, त्यसलाई प्रतिक्रिया विना मन केन्द्रित गर्नु पर्दछ। हाम्रो शरीरको बाहिर अंगहरू इच्छा आदेश अनुसार कार्य गर्दछन् भने भित्री अंगहरू प्रकृतिको नियमानुसार संचालन भईरहेको हुन्छ। हाम्रो शरीर स-साना परमाणु अनि जीव कोषले बनेको हुन्छ। समग्र शरीर भित्र केहि न केहि जीव रासायनिक र विद्युत चुम्बकीय प्रतिक्रिया निरन्तर भईरहेको हुन्छ। श्रद्धा, वीर्य, स्मृति समाधि र प्रज्ञालाई विशेष नजर राखेर अर्न्तमुखी भई वर्तमानमा मनलाई केन्द्रित गरेमा शारीरिक प्रतिक्रियाको अनुभव गर्न सक्छौं। यसका लागि सैद्धान्तिक भन्दा कुनै शिविर या ध्यान केन्द्रहरूमा गएर विधिवत अभ्यासको आवश्यक हुन्छ।

ध्यान साधना रोगमुक्त पार्ने एक महत्वपूर्ण वैकल्पिक एवं प्रमाणित चिकित्सा हो। किनभने यसले हाम्रो शरीरमा अनेकौं सकारात्मक प्रभाव पार्दछ। ध्यानबाट श्वासप्रश्वासको चाल कम हुनुको साथै मुटुको धडकन सुचारु रुपले चल्ने हुनाले मुटुको रोग लाग्दैन। यसले शरीरको सामान्य रक्तप्रवाहमा उत्पन्न हुने अवरोधलाई नियन्त्रण गर्ने र रक्तकोषिकाहरू सुचारु रुपले चल्नेहुन्छ। यसबाट मांसपेशीहरूमा आवश्यक अक्सिजनको पूर्ति हुने हुनाले दिमागलाई आराम पुऱ्याउँदछ। दिमागमा उठ्ने तर्कलाई सहि दिशामा डोऱ्याउनुको साथै स्मरणशक्ति एवं स्वस्थ विचार बढाउनको लागि आवश्यक उर्जा प्रदान गर्दछ। दिमाग स्वस्थ र सन्तुलित हुने हुनाले मनोकायिक रोग लाग्न पाउँदैन। ध्यानले शरीरको विविध अंगहरूमा सहि ढंगले आवश्यक रसायन निष्काशन गराउन मद्दत पुऱ्याउँदछ, जसबाट रोग प्रतिरोधात्मक क्षमता सबल भई शरीरको सम्पूर्ण अंगहरूको सहि र सकृय रूपले कार्य गर्ने टेवा पुऱ्याउँदछ। त्यसैले आज पश्चिमी जगतका अधिक भन्दा अधिक अनुभवि चिकित्सकहरू उच्च रक्तचाप, दम, मधुमेह, अनिद्रा, मनोकायिक लगायत अरु विविध रोगको उपचारको क्रममा ध्यानलाई विशेष जोड दिएको देखिन्छ। अमेरिकाका डा. हर्वट वेन्सन र अरु चिकित्सकहरूको अनुसार "Meditation can lower blood pressure, improve productivity and decrease health care costs". त्यस्तै अमेरिका, ईंगल्याण्ड र विश्वका अन्य शहरमा भएको अनुसन्धानले यो प्रमाणित गरेको छ कि "Meditation can lower blood pressure, decrease the frequency of irregular health rhythms, reduce cholesterol level and so on". ध्यानबाट आधुनिक चिकित्सा पद्धतिले समेत उपचार गर्न नसकेका रोगहरूमा पनि विशेष लाभ पुगेको र निको भएका धेरै उदाहरणहरू छन्। त्यसैले नियमित रुपमा गरेको ध्यानले व्यक्तिको शारीरिक, मानसिक एवं संवेगात्मक अवस्थालाई सन्तुलनमा राख्ने गर्दछ। मिलिन्द राजाले ध्यानको आवश्यकता बारे बुझ्न खोज्दा भन्ते नागसेनले ध्यानका २८ प्रकारका गुणहरू बताउनु भएको कुरा मिलिन्द प्रश्नमा उल्लेख भएको पाईन्छ। यसरी मानविय जीवनमा ध्यान साधनाको विविध गुणहरू / लाभहरू भएको हुनाले आध्यात्मिक दृष्टिकोणको साथ साथै स्वस्थ जीवनको लागि यसको अत्यन्त महत्वपूर्ण स्थान छ। ■




Downloaded from http://www.dhamma.digital

# कर्म र कर्म फलमा आर्य अष्टाङ्गिक मार्गको भूमिका

भगवान बुद्धको कर्म सिद्धान्त अनुसार कर्म भनेको काम हो भने कर्मफल भनेको ज्याला वा पारिश्रमिक हो भनिएको छ। कुशल कर्मको फल कुशल नै गर्न भगवान बुद्धले देशना गर्नु भएको आर्य अष्टाङ्गिक मार्गलाई जीवनमा आचरण गर्न सके राम्रो नै हुने हुन्छ। कारण बुद्धले वर्तमान जन्मलाई जोड दिइ भन्नु भएको छ कि 'मानिसको जीवन वंश परम्पराबाट आएको गुणमा त्यति निर्भर गर्दैन जति उसको वर्तमान परिस्थितिमा निर्भर हुन्छ।' तसर्थ भनिन्छ कि 'हामीले जे रोप्छौं त्यही फल्छ', धान रोपे धान फल्छ, मकै रोपे मकै नै फल्छ। त्यही कारण वा हेतुले बुद्ध वचनमा भनिएको छ–



■ विजय लक्ष्मी शाक्य

***"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा,***
***सचित्त परियो दपनं एतं बुद्धान सासनं।"***

*अर्थात्*– यही वर्तमान जीवनमा अकुशल कर्म त्यागि चित्त शुद्ध पारी कुशल कर्म गर्नु नै बुद्धको अनुशासन वा विशेषता हो भनि देशना गर्नु भएको रहेछ।

उहाँको उपदेश अनुसार मानिसहरूले चार किसिमले कर्म गरी फल पनि भोगिरहेको हुन्छ। १. पहिला कुशल कर्म गरी अहिले पनि कुशल काम गरी प्रकाशतिर गइरहेका। २. पहिला कुशल काम गरी पछि अकुशल कर्म गरी अन्धकारतिर गइरहेका। ३. पहिला अकुशल कर्म गरी पछि कुशल कर्म गरी प्रकाशतिर जान कोशिश गरिरहेका। ४. पहिला पनि पछि पनि अकुशल कर्म गरी अन्धकारबाट अन्धकार कै बाटो वा दुःखपूर्ण बाटोमा गइरहेका।

मानिस सचेत भइ अन्धकारको बाटो छोडी प्रकाशतिर जानलाई अकुशल कर्म त्याग गर्नु पर्ने हुन्छ। होइन भने व्यक्ति, समाज 'परिवार, कार्यालय, संघ, संस्था देश भित्र, बाहिर कहीं पनि शान्ति हुँदैन। सँधै भय, त्रास, अशान्ति भइ अनुशासन रहित भइ डांवाडोलको अवस्था विद्यमान भईरहने यथार्थता बुद्ध शिक्षामा प्रष्ट देखिन्छ।

**दश अकुशल कर्म–**

बुद्धले देशना गर्नु भएको दश अकुशल कर्महरू निम्न प्रकारका छन्–

१. प्राणी हिंसा गर्ने २. चोरी गर्ने, ३. व्यभिचार गर्ने, ४. झूठ वचन बोल्ने ५. चुकली वचन बोल्ने ६. कडा वचन बोल्ने ७. बेकारको कुरा वा फजुल कुरा गर्ने ८. लोभ गर्ने ९. बदला लिने भावना गर्ने १०. मिथ्या दृष्टि वा कुविचार गर्ने।

यदि यी दश अकुशल कर्म त्यागी दश कुशल वा पुण्य क्रिया वा कर्मलाई जीवनमा आचरण गर्न सके बुद्धले बताउनु भएको आर्य अष्टाङ्गिक मार्ग मध्ये शील खण्डमा पर्ने सम्यक वचन, सम्यक कर्म, र सम्यक आजीविका उचित रुपले पालना नहुने कुरामा सन्देह छैन। समाधी खण्डमा पर्ने सम्यक सति, सम्यक समाधी र सम्यक व्यायाम पूर्ण रुपमा पालना भइ समाधीको अभ्यासले मानिस संधै होसियार र सतर्क भएमा अकुशल कर्म, वचन मनमा आउनासाथ छोड्ने प्रयत्न गरेमा सम्यक व्यायाम पनि व्यवहारिक रुपमा पालना हुने कुरा निर्वीवाद छ।

त्यस्तै प्रज्ञा खण्डमा पर्ने सम्यक संकल्प र सम्यक दृष्टिले मानिसको कर्म सुधार भई कुशल कर्मफल भई प्रकाशतिर वा शान्ति सुखको मार्गमा जान सक्ने कुरा सर्व सम्मत हुने हुन्छ।

**दश पुण्य क्रिया–**

बुद्धले बताउनु भएको दश पुण्य क्रियाहरू मध्ये १. दान २. शील ३. भावना ४. अपचापन (आदर णीयहरूलाई आदर गर्ने) ५. वेय्यावच्च सफा-सुघर गरेर सेवा गर्ने ६. पत्तिदान (पुण्य वितरण गर्नु) ७. पत्तानुमोदन (अरूले गरेको पुण्य कार्यमा प्रसन्न हुनु) ८. धम्म सवन (धर्मको उपदेश श्रवण गर्नु) ९. धम्मदेसना (धर्म देशना गर्नु) १०. दिट्ठिजु कम्म (दृष्टि सोझो) हुनु हो।

यी पुण्य क्रियाहरू अष्टाँगिक मार्गलाई आचरण गर्ने मानिसहरूले आ-आफ्नो जीवनमा सके जति सहज रूपले पालना गर्दै लग्न सकेमा त्यसको फल स्वरूप मैत्री, करुणा मुदिता र उपेक्षा भावको सुवृद्धि हुन्छ। अनि व्यक्ति, समाज, देशमै शान्ति सुरक्षा र सुख कायम भइ भयरहित, आत्मानुशाषित भइ उन्नति र प्रगतिको मार्गमा अगाड़ी बढ्न सक्ने हुन्छ। बुद्धको असल धर्म वा शिक्षा को विशेषता हो–

१. सन्दिट्ठिको (साँदृष्टिक यही जीवनमा फल दिने)
२. अकालिको (अहिलेको अहिले फल दिने)
३. एहिपस्सिको (आऊ र यो आर्य धर्मलाई हेर)

यसरी हरेक गरेको फल समय नबित्दै दिने कुरा बुद्धको शिक्षामा प्रष्ट गरिएको छ।

अर्को शब्दमा भन्ने हो भने बुद्ध धर्म हेतुवादमा आधारित हुने हुनाले कुशल वा अकुशल कर्मको कार्य, कारण र फल सर्व देशिय र सर्वकालिक भएको कुरा बुद्धले बताउनु भएको रहेछ।

Buddha's Light International Association (BLIA) को संस्थापक अध्यक्ष र Humanistic Buddhism मानवीय बुद्ध धर्मको प्रवर्तक श्रद्धेय भिक्षु सिं यून (Hsing Yun) को भनाइ हो Stand Locally, think Globally उहाँको भनाइ अनुसार भगवान बुद्धको उपदेशहरू चार आर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग, चतुब्रह्म विहार आदि महत्वपूर्ण शिक्षाहरू बारे प्राज्ञिक चेतना व्यावहारिक रूपमा, जागरण गर्न संसारकै विषयमा विचार गरेर आजको २१ औं शताब्दीमा **'बुद्ध ज्योति युग'** को सन्देश फैलाउनु पर्नेमा जोड दिनु भएको देखिन्छ। उहाँको धारणा अनुसार बुद्ध शिक्षा रूपी आर्य अष्टाङ्गिक मार्गलाई जीवनमा आचरण गर्न सके त्यही हेतु वा कारणको फलले यही जीवनमा स्वर्गीय वा पारलौकिक सुख, शान्ति र आनन्दको कर्मफल लाभ हुन्छ। अन्धकार भइ दुखित जीवन बिताइरहेका मानिसहरूलाई बुद्धको शिक्षा ज्योति रूप भइ अन्धकार नास गर्न सहायक हुनेछ।

**सम्यक् दृष्टि भएका एक राजाको उपमा–**

एका बिहान एउटा राजाले दरवारको झ्यालमा बसी बाह्य दृश्य अवलोकन गरिरहेका बेला एक जना दरिद्र मगन्ते बाटोबाट आइरहेको देखेर अब अशुभ हुने भयो भनी

हतपत झ्यालबाट टाउको भित्र तान्दा सिलिङ्गमा ठक्कर खाएर टाउकोमा घाउ भएछ । राजाको रिसको सिमा रहेनछ । त्यस मगन्तेलाई डाकी ज्यान सँजाय दिने घोषणा गरेछ । तर मगन्तेले मर्न अगाडि मनको कुरा पोख्न राजासंग अनुरोध गरे । राजाको आज्ञा अनुसार उसले भनेको रहेछ कि "मेरो उ अनुहार देखेर राजाको टाउकोमा मात्र प्वाल पऱ्यो तर राजाको अनुहार देखेर मेरो त ज्यानै जाने भयो" अब अलक्षण व्यक्तिको ठहरियो ? यस प्रश्नले राजा बिउँझे । उ झसंग भए । आफ्नो कुविचार त्यागी फाँसि दिने सजाँय फिर्ता लिए । सम्यक् दृष्टिले विचार गरेर एक गरीब व्यक्तिको ज्यान बचाए । समयमै होश फर्क्यो र अशान्ति हुन पाएन । राजाको चित्त एकाग्रता, शीलवान र क्षमाशील भइ क्रोध र द्वेषलाई नियन्त्रण गरे । त्यतिमात्र होइन आफ्नो बेहोसीपना हटाएर त्यो गरीबलाई घर, खेत र खान लाउन पुग्ने गरी सवै बन्दोवस्त गरिदिए । राजा सम्यकदृष्टिले परिपूर्ण भएको प्रमाणित भयो कारण अष्टाङ्गिक मार्गलाई व्यवहारिक रुपमा पालना गरे । राजाको चित्त शुद्ध भई कर्म पनि कुशल भइदियो । बुद्ध वचन **'चेतना हं भिक्खवे कम्मं वदामि'** अर्थात चेतना नै कर्म हो भन्ने भनाई सत्य भइदियो । राजाको परिवर्तित चित्तले वातावरण शान्तिपूर्ण भइ न्यायिक ढंगले मोड लियो ।

**अभिधर्म अनुसार चार प्रकारका कर्म र कर्मफल–**

कुशल कर्मको फल राम्रो र अकुशल कर्मको फल नराम्रो नै हुने कुरा अभिधर्ममा प्रष्ट पारिएको देखिन्छ ।

१. दिट्ठ धम्म वेदनीय कम्म–
   वर्तमान जीवनमा गरेका कुशल अकुशलकर्मको फल वर्तमान जीवनमा नै भोग गर्नुपर्ने कर्म ।
२. उपपज्ज वेदनीय कम्म– दोस्रो जन्ममा फल दिने कर्म ।
३. अपरापरीय वेदनीय कम्म– तेश्रो जन्मदेखि निर्वाण प्राप्त नहुञ्जेल फल दिने कर्म ।
४. अहोसी कम्म- कर्म फल भोग गर्न नपाउँदै निर्वाण पद प्राप्त भएमा उक्त कर्मफल भष्म हुनजान्छ । यस्तो कर्मलाई अहोसी कम्म भनिन्छ ।

बुद्धकालिन अंगुलिमाल डाँकालाई हेऱ्यो भने उनी एक जना पहिले अहिंसक नामको विद्यार्थी थियो । साथीहरूको द्वेष र इर्ष्याको कारणले गुरुलाई चुक्ली गरेकोले गुरुले रिसाएर एक हजार मानिसहरूलाई हत्या गरी औंलाहरूको माला उन्नपर्ने आदेश पालना गर्न हिंस्रक भएको रहेछ । नौ सय उन्नान्सय वटा औंलाहरू उन्न सकाएर अन्तमा एउटा औंलाको लागि मातृहत्या गर्न सम्म तयार भयो । उ मिथ्यादृष्टि भइ प्रज्ञारहित भयो गुरुप्रतिको अन्धश्रद्धा भक्तिको कारणले । तर तथागत बुद्धले उक्त अंगुलिमाल पूर्व कर्म वा कुशल पारमिताले पूर्ण व्यक्ति भएकोले उसबाट पञ्चमहापाप हुन नदिन उसलाई रक्षा गर्न आफै जानु भयो ।

समयमै आफ्नो मन वा चित्त परिवर्तन गरी बुद्धको शरणमा गएर उपदेश सुनी त्यही अनुसारले आचरण गर्न भिक्षु भयो तर उसले मानिसको हत्या गरेको कर्मको कारणले मानिसहरूले ढुंगाले हाने, तिरस्कार गरे, रगत बग्ने गरी पिटे । उसले सबै सहे । यस अवस्थालाई विपस्सनाचार्य श्री सत्यनारायण गोयन्का गुरुले भन्नु भयो कि रगत रूपी मैत्री, करुणा बगाई त्यत्रो ठूलो पूर्व कर्मलाई त्यतिसानो फल वा दिट्ठधम्म वेदनीय कम्मको फल भोगे । फेरि त्यही जन्ममा अरू कर्मको फल भोग्न नपर्ने गरी अपरापर वेदनीय कम्म, अहोसि कम्म सबैको अन्त गरी निर्वाण पद प्राप्त गरे । उही जीवनमा कडा परिश्रम र मेहनत गरी शान्ति सुखको अमृत पद, निर्वाण पद पनि लाभी भइ धन्य भइ दियो । फेरि-फेरि यस दुःखमय संसार चक्रमा घुम्नै परेन ।

यस किसिमले कर्म सुधार गरी त्यसको फल पनि कुशल पार्न र त्यस कुशल फलको बिउ रोपी जानलाई बुद्धले प्रतिपादन गर्नु भएको धर्ममा आर्य अष्टाङ्गिक मार्गको गहन भूमिका भएको देखिन्छ । ■

## ऋषिणी प्रव्रज्या शिविरया अनुभव – ४

■ सुजाता स्थापित

अस्थायी ऋषिणी प्रव्रज्या धयागु छगू निश्चय लागि छूयँ त्याग यायगु प्रव्रज्या खः । न्हेन्हु तक अष्टशील पालन यानाः बुद्ध शिक्षा थःगु मनयात शान्त शुद्ध यायगु थुगु जीवने अपो यानाः मभिंगु अकुशल विचाः तनावनी । थुकथं श्रामणेर व ऋषिणी प्रव्रज्या शिविर न्ह्याबलें थ्याकः तक सञ्चालन ज्वीधुंकूगु दु । थुगु पाले २०६२।९।१५ निसें २०६२।९।२२ तक अमरापूर बुंगमती विहारे ऋषिणी प्रव्रज्या शिविर सम्पन्न जुल । थुगु शिविरे जि नं भाग काय् दया जितः तसकं लय्ताःवो । च्यादं निसें न्हेय्दं तक यापिं ऋषिणी व छम्ह गुरुमां याना जम्मा [illegible] व्यक्तिपिं सहभागी जूगु थुगु शिविरे गुरुमांपिसं कम्ह [illegible]पिन्त व यक्को उमेर दुपिन्त नं लोलोकथं [illegible] धर्म देशना याना बिज्याइगुलिं कार्यक्रम तसकं न्ह्यइपुक न्ह्यानावन । सुथे ७ बजे निसें बुद्ध पूजा श्रद्धेय इन्दावती गुरुमां नं शुरु याना बिज्याइ । वयां लिपा जलपान, [illegible] आदिया बाँलाःगु प्रबन्धं थुगु शिविर सफलपूर्वक सम्पन्न जुल । श्रद्धेय सुजाता गुरुमां नं आनापान ध्यान व विपश्यना ध्यान विषये धर्मदेशना याना बिज्यात । सुमना, कमल तता चतुर्ब्रह्म विहारया महत्त्व विषये; प्रफुल्ल [illegible], कीर्ति, व रीना ततापिसं थौंकन्हे २१ औं शताब्दी [illegible] गुकथं याय्माः धयागु विषये, व लेख गुकथं [illegible]यागु विषये, कनादिल । अथेहे श्रद्धेय वीर्यवती गुरुमां नं भिंगु मनयात फयांफक्को वर्तमान अवस्थाय् केन्द्रित याना क्लेशयात हटेयाय्गु विधि कनाबिज्यातसा मदन [illegible] नं पञ्चशीलया महत्त्व कनादिल । शिविरया अन्तिम दिने धर्मवती गुरुमां नं मंगल सूत्रया विषय कनाबिज्यात ।

थुकथं बुद्ध शिक्षा यक्को सयकेगु मौका प्राप्त जूगु थुज्याःगु ऋषिणि प्रव्रज्या शिविर अमोलिक [illegible] जूगु खनेदु । ■



Downloaded from http://www.dhamma.digital

# दानपारमिता

■ हरिप्रसाद पराजुली

मानिस विशिष्ट कुलमा जन्मेर पनि बदनामीको खाडलमा खसेको उदाहरण समाजमा प्रशस्त पाइन्छ । भनिन्छ, पारिवारिक संस्कार नयाँ पुस्ताको मानसिक विकासमा जिम्मेवार हुन्छ । यहीमात्र सत्य भने होइन । दीनहीन परिवारमा जन्मेर पनि आफ्ना गुणका कारण समाजमा अविस्मरणीय छाप युगयुगान्तरसम्मका लागि छोडेर गएका महापुरुषहरू इतिहासका पानामा यत्रतत्र पाइन्छन् । त्यस्तै सम्पन्न, सभ्य, नागरकुलमा जन्मेर दुर्जनका रूपमा समाजमा छाप छाड्नेको पनि कमी छैन । मुख्य कुरा व्यक्तिले आफूमा विकास गराउने सद्गुण र परहित चिताउने स्वभावले नै उसलाई अविस्मरणीय बनाउँछ । गौतम बुद्ध यस्तैमध्येका एक हुन् ।

आफूमा सद्गुण विकास गराउन तपश्चर्याको आवश्यकता पर्छ । यो तपश्चर्यालाई अभिधेय अर्थमा मात्र लिनु भने त्यति उपयुक्त हुँदैन । एकान्त बनकन्दरामा गएर शरीरको हाडछाला मात्र रहने गरी गरिने तपस्यामात्रै तपस्या होइन । दैनिक जीवनमै पनि, आफ्नै घरगृहस्थीमा रत रहेर पनि तपश्चर्यालाई जीवनको अंग बनाउन सकिन्छ । यस्तो खालको तपश्चर्या बौद्धदर्शनमा पारमिताका नामले चिनिन्छ । हुन त प्रत्येक बुद्ध, सम्यक बुद्ध र अर्हत हुनलाई पारमिता अनिवार्य भएको उल्लेख बौद्ध धर्मग्रन्थहरूमा पाइन्छ र पनि त्यस्ता बुद्धलाई चिन्न र आफुमा पनि बौद्धत्व गुण अभिवृद्धिका लागि पारमिताको ज्ञान एवं अभ्यास अनिवार्य हुनेमा बौद्ध दार्शनिकहरूले जोड दिइआएका छन् ।

पारमितालाई गुणधर्म पनि भनिन्छ । आफूले पाएको सुखसुविधाको अवसर अरूका निमित त्याग्नु पनि पारमिताकै मूलभूत अंश हो । सामान्य मानिसमा यस्तो गुण सामान्यतया पाइँदैन । यही कारण नै ऊ दुःखको भुँमरीबाट मुक्त हुन पनि सक्दैन ।

ऊभित्र रहेका लोभ, अहंकार आदिका कारण भोगवृत्तिबाट मुक्त हुन नसकी ऊ बारम्बार दुःखचक्रमा परिरहन्छ । जसले लोककल्याणका लागि वैयक्तिक सुखसुविधा त्याग्न किञ्चित विलम्ब गर्दैन, उसलाई बौद्धत्वतिर अग्रसर हुन पनि त्यति गाह्रो हुँदैन । सिद्धार्थ गौतम राजकुलमा जन्मे । दरबारमा उनका लागि लौकिक सुखसुविधाको कुनै कमी थिएन ।

एक मात्र छोरो संन्यासी होला भन्ने डरले बाबु शुद्धो धनले दरबारमा विलासी सामग्रीको थुप्रो नै लगाइदिएका थिए । ऋतुअनुसार बनाइएका बेग्लाबेग्लै प्रासादमा बसी सुन्दरीसान्निध्यमा जीवन बिताउन सक्थे सिद्धार्थले । सिद्धार्थलाई पिताले कुनै कुराको पनि कमी हुन दिएका थिएनन् । अज्ञानताको बादलले ढाकिएको आँखासहितको लोकको दृष्टिमा त यस्तै न हो सुखसुबिस्ता ।

सिद्धार्थले भने यसलाई वास्तविक सुख ठानेनन् । उनले त यसलाई आध्यात्मिक सुखप्राप्ति अर्थात् मुक्तिमार्गमा तेर्सिएको अवरोध ठाने । यो अवरोध आफ्नो मात्र होइन, सम्पूर्ण जीवजीवात्माकै मुक्तिमार्गमा तगारो रहेको ठहर गरिसकेपछि उनी विलासी भवनलाई चटक्क छोडेर संन्यस्त मार्गमा प्रवृत्त भए । संन्यस्त मार्गमा लागेर राजकुमार सिद्धार्थ बुद्धत्व प्राप्त गर्न सफल भए ।

हुन त देवदत्तको जन्म पनि राजकुलमा नै भएको हो । उच्च कुलमा जन्मँदैमा महान् बन्ने भए यी पनि आजपर्यन्त श्रद्धाका पात्र बन्थे होलान् तर ठीक उल्टो यिनी घृणाको पात्रका रूपमा मानवस्मृतिमा बाँचिरहेका छन् । बाल्यकालमा अबोध पशुपंक्षीको सिकार गर्दै हिँड्ने यी राजकुमार पनि गौतम बुद्धको प्रभावमा भिक्षु त बने तर यिनको क्षुद्र मति परिवर्तन हुन सकेन । संन्यस्त मार्गमा प्रवृत्त भइसकेपछि पनि यिनले पारमिता गुणधर्म आफूमा वृद्धि गराउन सकेनन् ।

मानिसलाई सदुगुणले महान् बनाउँछ भने आफैंभित्रको दुर्गुणले मानिस बदनामीको खाडलमा खस्छ । सद्गुण सामान्यतया पैत्रिक सम्पत्तिका रूपमा स्थानान्तरित भएको हुँदैन । सद्गुण स्वआर्जित हुन्छ ।

आपसमा दाजुभाइ नाता भएका सिद्धार्थ र देवदत्तको जीवनीबाट नै यसको पुष्टि हुन्छ । आफूमा सद्गुण विकास गराउन उचित अभ्यास आवश्यक हुन्छ, यही अभ्यास पारमिताको अध्ययन तथा त्यसको व्यवहारमा रूपान्तरण हो । पारमिताले नै मानिसलाई अर्हत बनाउँछ, प्रत्येक बुद्ध बनाउँछ, सम्यक् सम्बुद्ध बनाउँछ, नभए पनि कम्तीमा उसमा बौद्धत्व गुणको अभिवृद्धि त गराउँछ नै । बौद्ध दर्शनअनुसार यस्ता पारमिताको संख्या दश छ ।

सबैजसो धर्ममा दानको महिमा गाएको पाइन्छ । इस्लाम धर्ममा हरेक शुक्रबार नमाज पाठपछि आयको दसमांश दान गर्न निर्देश गरिएको छ । त्यस्तै हिन्दू धर्ममा पनि विभिन्न धार्मिक तथा सांस्कारिक अनुष्ठानमा दानलाई अनिवार्य अंगका रूपमा लिइएको छ । यसका लागि संकल्पको औपचारिक विधान नै गरिन्छ । बौद्ध धर्ममा पनि दानलाई महत्त्वपूर्ण जीवनवृत्तिका रूपमा लिइएको छ । बौद्ध चिन्तन अनुसार दान लोभको नियोजनका लागि लक्षित हुन्छ ।

हुन त दान दाताको सामर्थ्य, इच्छामा निर्भर हुनुपर्ने हो तर समाजमा विकसित पुरोहितवादका कारण दानदातालाई बाध्यात्मकजस्तो बन्न पुगेको पाइन्छ । दान गरेका सामग्री मरिसकेका पितृले पाउने विश्वास हिन्दू धर्मावलम्बीमा छ । यही विश्वासको ढाडमा टेकेर दातालाई उसको क्षमताले नभ्याउँदानभ्याउँदै पनि दान गर्न बाध्य

बनाइन्छ । उसलाई स्वर्गप्राप्तिको आस देखाएर पनि दानका लागि प्रेरित गरिन्छ ।

स्वर्गको आस राखी दान दिनु बौद्ध चिन्तनमा स्वीकार्य छैन । स्वर्गको आस गर्नु प्रकारान्तरले लोभ जीवित रहनु हो, जुन दानको मूलभूत उद्देश्यको विपरीत प्रवृत्ति हो । बौद्ध चिन्ताको दानको अभिप्राय पुरोहित्याइँ लाभ होइन । यहाँ दानका दुई अभिप्राय प्रचलित छन् । पहिलो अभिप्राय हो अशक्त, दीनदु:खी आदिलाई सहयोग गर्नु । त्यस्तै दोस्रो अभिप्राय हो समाजहितका लागि जीवन उत्सर्ग गरेकाहरूको न्यूनतम आवश्यकता पूर्तिका लागि सामग्री उपलब्ध गराइदिनु ।

बौद्ध भिक्षु, बोधिसत्व आदिलाई दिइने दान दानको दोस्रो अभिप्रायअन्तर्गत पर्छ । आफू दान लिन योग्य पात्र हो कि होइन, यसको विचार दान लिनेहरूले पनि गर्नुपर्छ ।

बौद्ध वाङ्मयमा तीन प्रकारका दान चर्चित छन् : आमीस, अभय र धम्म (धर्म) दान । वस्त्र, खाद्यान्न, रुपैयाँजस्ता भौतिक वस्तुको दान आमीस दान हो । हाल समाजमा प्रचलित यही दान नै समग्र दानको पर्याय बनेको छ । लोभको तिरोहणका लागि उपयुक्त दान पनि यस्तै प्रकार को दान हो । यस्तो दानका लागि सत्पात्रको चयन अति विचारणीय पक्ष हो । सत्पात्रको चयन नहुँदा धर्मका लागि गरिएको दानबाट पाप कमिने सम्भावना पनि हुन्छ ।

काटमार गर्नेलाई हतियार र बिरामीलाई उसका लागि वर्जित अन्न दान गर्नु हुँदैन । शस्त्र र मद्यको दान त पूर्णतया वर्जित नै छ । राम्रो हुने, उपकार हुने अर्थमा दान लक्षित हुनुपर्छ । दाताको चित्त अकम्पित र अविचलित भएको अवस्थामा गरिएको दानमात्र दु:खनिवृत्ति मार्गका लागि सहायक सिद्ध हुन्छ ।

बौद्ध चिन्तनमा आमीसदानअर्न्तगत चार प्रत्ययको चर्चा पाइन्छ । ती हुन्- भिक्षान्न, चीवर वस्त्रादि (अष्टपरिष्कार) विहार/शयनासन/निवासस्थान र औषधि । जसरी पुरस्कार ठूलो वा सानो हुँदैन त्यसैगरी दान पनि ठूलोसानो हुँदैन । शान र मानका लागि लक्षित दान वास्तविक दान नभएकाले आफूले नसक्ने बोझ उठाउनु आवश्यक छैन । मुख्य कुरा सत्पात्रलाई आफ्नो क्षमताअनुसार सत्वस्तु प्रदान गर्नु नै वास्तविक अर्थमा दान हो ।

कसैलाई आफ्ना तर्फबाट भय नदिनु अभयदान हो । बाँच र बाँच्न देऊ भन्ने हिन्दू आदर्शसँग यस दानको निकट सम्बन्ध छ । बुद्धका अनुसार प्राणीमात्रलाई आफ्ना तर्फबाट भयभीत नबनाउनु प्रत्येक मानवको कर्तव्य हो । अभयदानबाट समाजमा शान्ति कायम हुन्छ । अभयदानले शीलपालनामा पनि सहयोग पुऱ्याउँछ ।

सबैलाई बाँच्न मन पर्छ । निर्भयपूर्वक बाँच्ने मेरो अधिकारमा अरूले खलल पुऱ्याएको मलाई मन पर्दैन । यही स्वभाव अरूको पनि हुन्छ । आफू अरूका लागि भयदायक भइएन भने अरू पनि आफना लागि भयदायक हुँदैन । त्यसैले बोधिसत्वहरू आफ्ना तर्फबाट सर्वसाधारणलाई भय त दिँदैनन् नै, यस्तो भयबाट मुक्त बनाउन आफ्नै जीवनसमेत उत्सर्ग गर्न पछि पर्दैनन् । महाकपिजातक यसैको उदाहरण हो ।

यस जातकअनुसार एकपटक बोधिसत्व असी हजार बाँदरको नाइके भएर जन्मे । बोधिसत्व र अन्य बाँदर नदीतीरमा रहेको आँपको जंगलमा आँपकै भोजन गरी जीवननिर्वाह गर्थे । यस्तैमा त्यस आम्रवनका आँपको स्वाद अन्य आँपको भन्दा मीठो भएको खबर राजा ब्रह्मदत्तकहाँ पुग्यो । उनले आफ्ना सैनिकलाई ती आँप टिपेर ल्याउन खटाए । यो कुरा बोधिसत्वले पनि थाहा पाए । उनले कुनै उपाय नगरेमा आफ्ना अनुयायी बाँदर राजाका सिपाहीँबाट मर्ने सम्भावना देखे ।

जंगलकिनारको नदी ठूलो थियो । नदी पार गरी पल्लो किनारमा जानसके राजाका सिपाही त्यता आउन सक्दैनथे । बाँदर पनि त नदी पार गर्न सक्दैनथे । त्यसैले बोधिसत्वले जंगलबाट लहरा खोजी ल्याए ।

उनले नदीको वल्लो किनारको रूखमा लहराको एउटा टुप्पो बाँधे र अर्को टुप्पो समाई आफू नदीपारि गए । लहरा छोटो भएकाले नजिकैको रूखसम्म पुगेन । अर्को लहरो खोज्न जानलाई समय थिएन । राजाका सिपाही नजिकै आइसकेका थिए । बोधिसत्वले आफ्नै कम्मरमा लहरा बाँधे र बाँदरहरूलाई नदी पार गर्न लगाए । त्यही लहरा भई नदीपारि गएर बाँदरहरूको ज्यान बच्यो ।

बाँदरहरूको ज्यान त बच्यो तर त्यत्रा असी हजार बाँदरलाई पारि तार्दासम्म बोधिसत्वको अवस्था निकै गम्भीर भइसकेको थियो । अन्तिम बाँदरले नदी पार नगरुन्जेल उनले जसरीतसरी सहे र पछि उनको प्राण गयो । यसरी बोधिसत्वले बाँदरलाई नजिकै आइसकेको मृत्युबाट अभयदान त दिए नै, बहुजनको हितका लागि आफ्नो प्राणसमेत उत्सर्ग गरे ।

बुद्धले मृत्युलाई जितेका थिए र पनि उनले असी बर्षको उमेरमा मृत्यु स्वीकारे । उनी बारम्बार संसारमा जन्मिएर दु:खको भुमरीमा पर्नुपर्ने प्राणीको नियतिबाट मुक्त भइसकेका थिए । त्यसैले उनलाई मृत्यु स्वीकार्न कुनै कठिनाइ भएन । प्राणीमात्रको कल्याणसँग आफ्नो जीवनचर्यालाई जोडी आफूलाई मुक्तिमार्गको अन्वेषणमा लगाउने साधकका लागि मृत्यु दु:खदायक घटना होइन भन्ने सिकाउनु थियो बुद्धलाई । त्यही भएर नै उनले मृत्युवरण गरे । बुद्धको मृत्युवरण पनि मृत्युबाट प्राणीमात्रलाई अभयदान गर्न लक्षित छ ।

त्यस्तै प्राणीलाई दु:खचक्रबाट मुक्त गराउन आफूले आर्जन गरेको ज्ञानको उपदेश गर्नु धर्मदान हो । बुद्धले बुद्धत्वप्राप्तिपछि आफ्नो जविनभर यही काम गरे र मानवसमाजमा अविस्मरणीय बने । वर्तमान सन्दर्भमा शिक्षादानसँग धर्मदानको निकटता देखापर्छ । तर विचारणीय पक्ष के छ भने व्यापारीकरण गरिएको शिक्षाप्रणाली वास्तविक धर्मदानबाट निकै टाढा छ । दान लाभका लागि होइन, यो बुद्धवाणी यहाँ मननीय छ । *साभार: अन्नपूर्ण पोष्ट*





Downloaded from http://www.dhamma.digital

# धर्मबहादुर धाख्वायात जय जुइमा

■ मेघदूत

गौतम बुद्धं पारिवारिक जीवन हनाच्वंपिं गृहस्थ तयत बरोबर उपदेश बिया बिज्याइगु छगू दु- मनूतसें खूब मेहनतयाना कमेयाय्मा: । वनं इमान्दारी साथ याकुप्वालं च:ति नाना: वयेक कुत: याना कमे याय्मा: । नयत जक गाक्क कमेयानां मगा: । अपो हे कमे याय् फयकेमा: । थ:मचाखाचा तयत पालन पोषण याय्मा: । थ: थितिपिन्त नके त्वंकेमा: । थ:म्हं मफैबले वास: यायत व धर्मकर्म यायत नं मा: । बुद्धं हानं थथे नं धया बिज्याइगु दु- कमे याय्गु धयागु धन मुंका स्वथना तयत जक मखु । मेपिन्त उपकार यायत नं ख: ।

थुगु वचनं कथं श्री धर्मबहादुर धाख्वाजुं थ:म्हं मेहनतयाना कमेयाना तयागु धन मेपिन्त उपकारया लागि– "धर्मबहादुर धाख्वा कल्याणकेन्द्र" संस्था स्थापना याना दँय् दसं धैथें योग्यपिं व्यक्तिपिन्त व संघसंस्था तयत हनेगु ज्या भ्रो: दय्का त्याग चेतनां दान याय्गु ज्या बांलागु जक मखु मेपिंसं नं आदर्श काय् बहगु खँ ख: । धर्मशास्त्र कथं सिनावने बले जोना वनेगु छुं मदु । नांगा वल, नागां वन । थज्योगु कल्याण कारी ज्या याय् फुसा थ:त गुहाली बीम्ह पासा छम्ह नं ल्यू ल्यू वइ धाई । बुद्धं धया बिज्यागु दु बी फुसा पासा नं दइ, थ:थितिपिं दइ । बांलागु ज्या याय् फुसा लिपा थ्यंकं नां ल्यना च्वनी ।

आ: विचा: याय्नु धर्मबहादुर धाख्वा कल्याण केन्द्रं आ:तक याना च्वंगु ज्या भ्रोया बारे । बुद्धवचन कथं– "पूजा च पूजनीयानं एतं मंगल मुत्तमं ।" अर्थात् पूजा याय्बहपिन्त हनेगु नं उत्तमगु मंगल ख: । थुगु बुद्ध वचन कथं धर्मबहादुर कल्याण केन्द्र पाखें २०५१ सालंनिसे. योग्यपिं व्यक्तिपिन्त व संघ संस्था तयत हना च्वंगु धल: थथे ख: ।

२०५१ सालय् पं. दिव्यवज्र वज्राचार्य व पं. हेमराज शाक्यपिन्त हना बिज्यात । अथे हे

२०५२ सालय् श्रद्धेय भिक्षु अमृतानन्द महास्थविर व श्रद्धेय ज्ञानपूर्णिक महास्थविर नापं करुणाकर वैद्य ।

- २०५३ सालय् श्री सत्यमोहन जोशी, श्री प्रा. आशाराम शाक्य ।
- २०५४ सालय् श्री पं. निष्ठानन्द बज्राचार्य श्री मोहन राज वज्राचार्य व पं. श्री आशाकाजी वज्राचार्य ।
- २०५५ स श्री धर्मादित्य धर्माचार्य, श्रद्धेय भिक्षु सुमंगल महास्थविर, श्री रमानन्दसिं, श्री रणबहादुर गुरूङ्ग ।
- २०५६ स श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर, श्री भुवन लाल प्रधान ।
- २०५७ स हिरण्यवर्ण महाविहार, नेपाल बौद्ध परियत्ति, आनन्दकुटी विहार ।
- २०५९ स श्रद्धेय छोकिन्हिमा रिम्पोछे, श्रद्धेय भिक्षु सुदर्शन महास्थविर, श्री धर्मरत्न शाक्य त्रिशूली ।
- २०६० स श्रद्धेय धम्मवती गुरुमाँ, बौद्ध विहार संघ ल.पु ।
- २०६२ स श्रद्धेय भिक्षु अश्वघोष महास्थविर, श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविर, धर्मोदय सभा, युवक बौद्ध मण्डल, थौंकन्हे पत्रिका नापं लुम्बिनी धर्मोदय सभा पाखें निर्माणाधीन स्वयम्भू चैत्य निर्माण कमिटी ।

धर्मबहादुर धाख्वा जुं न्हूगु संस्कृति छगू शुरु याना बिज्यात । थज्योगु मूल्याङ्कनया ज्या याय्गु धैगु ध्यबा दय्वं याय् सैगु मखु । थुकिया लागी धन दुथें मन व श्रद्धा नं सत्संगत नं बांलायमा: । हना पौ नापं धर्मबहादुर धाख्वाजुं रु. ५०,०००।- न्येदो दाँ नं ल: ल्हाना बिज्यात । लुम्बिनी स्वयम्भू चैत्य निर्माण जुया च्वंगुयात रु. २,००,०००।- निगू लाख दाँ त्याग याना बिज्यात । थुगु पुण्यं धर्म बहादुर धाख्वाया आयु आरोग्य लाभ जुइमा । वसपोलया परिवार सकसितं भिंजुइमा ।

आ: प्रसंग हीकेनु । धर्मबहादुर धाख्वाया इच्छा ख: धर्म व संस्कृति नापं मां भाय् संरक्षण याय्गु ख: थें च्वं । भगवान् बुद्धया धापू कथं दानबीगु धयागु गरिबी निवारण याय्गु थें च्वं । उकिं मेपिं ध्यबा दुपिं महानुभावपिंसं अनाथालय, बालआश्रम व वृद्धाश्रम नापं गरिबपिं विद्यार्थीपिन्त छात्रवृत्ति बीगु संस्कृति नं शुरु जूसा सुनमाथि सुगन्ध हे जुइला । उदाहरणया लागी गणविहारया उपासक उपासिका पिसं लिक्कसं च्वंगु गणबहाल मा.वि. यात सच्छिं मयाक गरिबपिं विद्यार्थीपिन्त छात्रवृत्ति बी धुंकल ।

मेगुनं छगू खँ न्ह्यथने । बनेपा ध्यान कुटी विहारे मैत्री केन्द्र बाल आश्रम स्थापना याना तगु न्यादँ दत । भिंनिम्ह मस्त दु । जसो तसो चले जुया च्वन धाय्मा: । व बाल आश्रमयात धम्मवती गुरुमाँ नं छगू लाख व न्येदो (रु. १,५०,०००।- दाँ त्याग याना बिज्यात । अथे हे भाइराजा तुलाधरं रु. १,३५,०००।- छगू लाख व स्वीन्यादो त्याग याना दिल । श्रीमती मोतिशोभा तुलाधर बखुंडोल पाखे. छगू लाख रु. १,००,०००।- त्याग याना दिल । अथे हे राजेश श्रेष्ठं नं एक लाख रु. १,००,०००।- दान याना दिल । थुखे पाखें नं छक ध्यबा दुपिसं ध्यान तया दी फुसा गरिबी निवारणया लागी गुहाली जूवनी ला ! थुगु पत्ति खँ अपो थें च्वंसा क्षमा फोना च्वना । ■

# न्ह्याक्व द:सां मगा:गु जीवन

भगवान बुद्धं धया बिज्यागु दु कि 'करपिन्त दु:ख बिया थ:जक सुख भोगया इच्छा याइम्ह मनू द्वेषया जंजाले फसे जुया: गुबलसं द्वेषं मुक्त जुइ मखु।' थथेहे न्ह्याक्व द:सां मगा:गु भौतिक सुखया चाहना (तृष्णा) हे असन्तोषी व स्वार्थया भावनायात बोलंका च्वनी।' न्ह्याथासं न्यना च्वंगु भ्रष्टाचार, हाकुबंजा अशान्तिया मू कारण थ्व हे ख:। थुकें मनूतय्त विलासी व सुविधामुखी जीवन न्ह्याकेगुली लालची स्वभाव पिज्वयका बिइ।' थुगु हे कारण मनूतय्त न्ह्याक्व द:सां मगाइगु जू वन। यक्व यक्व दय्केगु प्रयासं मनुखं 'थ:सु' धयागु हे ल्वमन। मनुखं न्ह्यागुं बांलागु बांमलागु ज्या याइ व थम्हं स्वयं खना च्वनी। भिंगु ज्याया:सा भिंगु फल दइ, मभिंगु ज्याया: सा मभिंगु फल दया: कुकर्मय् लगे जुइ। उके न्ह्याक्व द:सां मगा:गु जीवनयात छक्व वा: चाय्के मा:गु दु।



■ मुनीन्द्ररत्न वज्राचार्य

न्ह्याक्व द:सां मगा:गु जीवनया लागि मनुखं धन दौलत, जग्गा जमीन ऐस आरामयात हे विशेष ध्यान बिया च्वन। धन दौलतया लागि पापाचरण ज्या घूस नयगु, ठगे याय्गु, खुइगु, डाँका मारे याय्गु, व्यभिचारी आदि याना वया च्वन। जग्गा जमीनया लागी दाजु किजा तता केहें थथितिं सुं हे मधाइगु। त्यागया भावनाला मनूतय्के दहे मदे धुंकल। फुक्क मनूतयके न्ह्याक्व द:सां मगा:गु मन जुइ धुंकल। मोज मज्जां जीवन हनेगु दकले त:धंगु स्वार्थ जुइ धुंकल। लोभ, क्रोध वैमनष्यता व ईर्ष्या हे मनूतयके बांमलागु चित्त जुइ धुंकल। अझ दकले गौण विचा:याय्मा:गु थोंकन्हे प्रतिस्पर्धात्मक जीवन ख:। सु स्वया सु कम ? अले न्ह्याक्व द:सां मगात। न्ह्याथे याना नं तितिपापा याना धन दौलत, जग्गा जमीन दयकेगु स्वत। ऐस आरामया जीवन हनेगु स्वत।

खय्तला जुजुथें जा:पिन्त नं धन दौलत न्ह्याक्व दुसां गा:गु मखु। तर अयुसां थ्व भौतिक सम्पत्ति थ: यत्थे दइ मखु। न्ह्याथे हे तितिपाया याना संरक्षित याना त:सां व न्ह्याबलें थ:गु ल्हाते ल्यना च्वनी मखु। व क्षणिक जक ख:। गथे सुनामिं ह:गु बाढीं लखौं लख मनूया ज्यान वन, असख्यं धन दौलत समुद्रे दुबे जुल। मां धाय् मलाकं जीवन फुके माल। काश्मिरे व इस्लामावादे जूगु भुखाचं आपालं मनूतय्गु जीवनयात बेहाल याना बिल। साहु महाजन धा:पिं कंगाल जुइ माल। प्राकृतिक प्रकोप जक मखु हवाइजहाजे च्वनावनेबले प्वाक्क दुर्घटना जुसा सित धा:सा न्ह्याक्व द:सां मगाक कमय् याना तयागु धन सम्पतिया छु प्रयोजन ? उकें मनुखं त्यागया भावना माल। लोभ मोह लालच याना च्वने मजिल। दँ बदँ म्वायत थ्व जिगु थ्व छंगु धका चिचिकिचि याना च्वने मजिल। आखिर थ्व संसारे न्हिया न्हिथं बढे जुया वया च्वंगु अशान्तिं मनूया आयू भ्न भ्नं चिचिहाकय्का याना वया च्वंगु दु। अयनं मनूत लँ छकुति, अंग छगले, जग्गा जमीने व अहो ल्वाना च्वनी। भ्नं जक चिन्तां ग्रस्त जुया डाइबिटिज, सुगर, मुटुया रोगं कय्का च्वनी। उकें भगवान बुद्धया त्याग भावना कया मनुखं थ:गु जीवन सुखं हना यंके माल। क्षणिक जीवने आनन्द काय् सकय्के माल। तृष्णाया जंजाल तोते फयके माल। ■

## नेपालमा बुद्धतिम्रो आवश्यकता पर्‍यो फेरि

■ सोनी आले मगर (काईली)

सालै पिच्छे दोहोरिन्छन्
(सिद्धार्थ) गौतम बुद्धको
जन्म सम्बोधि र महापरिनिर्वाण दिवस
वैशाख पूर्णिमाको दिन आउछन् घुरी बुद्ध भगवान चाहीं
जन्म लिएर आउँदैन फेरि ॥१॥
बुद्ध भगवान शान्तिको नायक नेपालमा हराउँदैछौं
स्वयम्भू र लुम्बिनी शान्तिको निसाना भुल्न थाले
बौद्ध र विहार पनि अशान्तीले भूल्न थाले ॥२॥
बुद्ध भगवानको जन्म भएको देश युद्ध भूमि भयो
जता ततै अशान्तीको उत्सव मनाइयो
सबै ठुला ठालु साँढेगोरू मात्र भए
मैत्री करुणा पनि काहाँ गए ? ॥३॥
शान्तिको परेवा पनि अशान्तीले मारीदियो
एउटै आमाको सन्तान मारा मार गर्दै छिए
आउ बुद्ध नेपाली दाजु भाइको मिलन गराइ देउ फेरि
भूल्ने छैन शान्तिको उपदेश कसैगरी ॥४॥
हे बुद्ध एकफेर जन्मेर आउन शान्तिको सन्देश सुनाउन
नेपाल आमा लाई सधैं भरि शान्ति प्रिय बनाउन
नेपालमा बुद्ध तिम्रो आवश्यकता पर्‍यो फेरि
पुकार गर्छौं जन्म लिओस् बुद्ध भगवानकै फेरी ॥५॥



Downloaded from http://www.dhamma.digital

# Validity and Vitality of The Theravada Tradition

## Lecture delivered at the School of Oriental and African Studies, University of London, England.

By Ven. Prof. Dr. Walpola Sri Rahula

*At the Second Buddhist Council held in Vesali, 100 years after the Buddha's Parinibbana, some monks sought to change certain minor rules in the Vinaya but were opposed by the elder Theras, who remained known as the orthodox Theravada School. These monks then broke off to form a separate, unorthodox School called Mahasanghika, which was the forerunner of the Mahayana School of Buddhism, as we know it today. Following the Second Council, many sects and schools arose from Theravada and Mahasanghika but of these, only the Theravada school had retained the same name up to the present time.*

*Buddhism of the Theravada tradition was introduced to Sri Lanka by the Arahant Mahinda in the third Century B.C., during the reign of Emperor Asoka. It was not until the first Century B.C. that the Tripitaka was first committed to writing at Aluvihara in the Matale District in Sri Lanka. Until then, the Buddhavacana (word of the Buddha) had been handed down by oral tradition.*

*It is true that in both Mahayana and Theravada Schools, there are popular beliefs and ritualistic external observances and practices peculiar to each of them. But they are superficial. What is important is that the fundamental and essential teachings of the Buddha are common to both Schools, such as the Four Noble Truths, the Noble Eightfold Path, Dependent Origination (Paticca Samuppada) and the thirty-seven factors or requisites of Enlightenment (Bodhipakkhiya Dhamma). Ed.*

During the life-time of the Buddha there was nothing called Theravada or Mahayana. There was only *"the Buddha-vacana - the word of the Buddha"* or *"Buddha-sasana-the message of the Buddha", "the teaching of the Buddha"*, consisting of the Dhamma *"Doctrine"* and the Vinaya *"Discipline"*. It was not divided into books or classified as three Patikas or five Nikayas.

About three months after the parinirvana[1] of the Buddha, Maha Kassapa Thera, the oldest and the most respected of the then living disciples, convened a Council of five hundred direct disciples who were recognized as arahants, in order to determine and settle the authentic teaching of their Master. This council was held at Rajagaha, the capital of Magadha. The chief protagonists at this extremely important historical event were Ananda Thera, the Buddha's closest companion and attendant, considered to be the Custodian of the Dhamma *(dhamma- bhandagarika)*, and Upali Thera who had been declared by the Master himself as the greatest expert in the Vinaya.

Maha-kassapa Thera who presided at the Council, first took up the Vinaya as it was regarded as the life of the Sasana *(vinayosasanassa ayu)*, and questioned Upali Thera about every precept beginning with the first parajika - where the precept was laid down, on account of what person, what was the offence etc. When the Vinaya Pitaka was settled in this manner and accepted by the Council as authentic, it was entrusted to Upali Thera himself with the request that he should, with his pupils, preserve the text.[2]

After the Vinaya, the Dhamma was taken up, Maha-Kassapa Thera questioned Ananda Thera about the thirty four sutras of the *Digha-nikaya* (collection of long Discourses) beginning with the Brahmajala-sutta, and the Custodian of the Dhamma answered all the questions and recited the suttas. The perpetuation of the Dighanikaya was entrusted to Ananda and his pupils.[3] In this manner the other four Nikayas also were settled. Sariputta Thera, the chief disciple of the Buddha, had passed away before the Master. So the preservation of the *Majjhima-nikaya* (Middle length Discourses) was entrusted to his pupils.[4] The *Samyutta-nikaya* (Kindred Sayings) was assigned to the President of the Council, Maha-Kassapa Thera himself and his pupils.[5] The *Anguttar a-nikaya* (Gradual Sayings) was put in the charge of Anuruddha Thera and his pupils.

The Cullavagga says that at the First Council all five Nikayas (panca nikaya) were settled.7 We have seen that the Digha, Majjhima, Samyutta and Anguttara Nikayas were entrusted for perpetuation to four groups. But there is no mention of the *Khuddhaka-nikaya.*

Now, the *Khuddaka-nikaya* is the biggest of the five Nikayas. It is composed of the whole of the *Vinaya-pitaka, the Abhidahmma-pitaka,* and the fifteen books such as the *Khuddaka-patha, Dhammapada, Udana, Itivuttaka, Suttanipata*, etc.[8], We saw already that the Vinaya-pitaka was entrusted to Upali Thera and his pupils. But we do not know to whom the rest of the *Khuddakanikaya,* namely the Abhidhamma-pitaka and the other fifteen books were assigned.

From the day in the fifth century B.C. up to the first century B.C. when the Tipitaka was for the first time committed to writing at Aluvihara in Matale District in Sri Lanka, for four long centuries the Buddhavacana *"the word of the Buddha"* was handed down by oral tradition. Those Maha Theras who were the Buddha's direct disciples and their unbroken pupilary succession preserved the text by ganasajjhayana "group recitation" which is the oral tradition. It is not one person alone reciting a text, but a group of persons reciting it together. If one omits a word, others will supply it. If one uses a wrong word, another will correct it, If one forgets a line, others will recite it. Thus the text is controlled, protected and preserved intact. This method of oral tradition in supposed to be more reliable than a written record by one person from his memory after a period of some months or years.

At the end of the Council Ananda announced that the Buddha had told him that the Sangha old abolish or amend minor rules if they so desired, after His death.[9] Ananda was reproved by the Council for not ascertaining from the Buddha what rules the Master meant by the term *"minor"*. Different opinions were expressed on the question of the *"minor rules"*. No unanimity was possible. Therefore, on a motion brought forward by the Council's President, Maha-kassapa Thera, the Sangha unanimously decided neither to lay down new rules nor to remove any of the existing rules, but to follow the rules as they were laid down by the Buddha.

Maha-Kassapa's main argument for his resolution was that the public opinion would go against them if they removed any rules, however minor they might be. This was the argument to which the resolution was accepted.[10] It is of importance that, apart from public censure, Maha-Kassapa did not give any valid reason for not changing the rules.

From that day to the present time, as far as we can gather, not a single Vinaya rule was ever changed by the Sangha of the Theravada tradition, nor were new rules introduced into the body of the Vinaya. But as time went on, they had to face the realities of life under newly developed circumstances, and felt difficulty in following the Vinaya in its original form. But the decision of the Rajagaha Council stood against any change or amendment of the Vinaya. Therefore, without changing the letter of the law and without incurring public censure on which so much emphasis was laid by Maha-Kassapa, bhikkhus discovered ways and means of overcoming the difficulty by interpreting the law without compromising themselves. After all, the Vinaya was not ultimate truth, but only a convention, a legal system, agreed upon for the smooth conduct of a particular community. As such, it had to be interpreted. These interpretations and decisions are known under the term palimuttaka-vinicchaya which means "decisions not found in the original texts."[11] There is a whole book called the Palimuttaka-vinayavinicchaya by Sariputta Thera who lived at Polimuttaka in Sri Lanka in the 13th century. It contains discussions and decisions not found in the orginal Vinaya texts.

So the first Council was smoothly and successfully terminated in seven months.[12] As it was accomplished by Maha-Kassapa and other Theras, it was called theriya sangiti "Convocation of Theras" or Theravada. This was the beginning of what we call Theravada today. Only the theravada existed during the first one hundred years after the Buddha's death.[13]

Then, about one hundred years after the First Council, the Vijjiputtaka bhikkhus in Vesali declared lawful some ten practices, generally called "Ten Points" They were minor matters. For example, let us take a few: to *keep and carry salt in a horn vessel, in order to season unsalted foods, when received (singilona-kappa); to take the midday meal, even after the prescribed time, as long as the sun's shadow had not passed the meridian by more than two fingers's breadth (dvangula-kappa); to drink unfermented palmwine) jalogi-kappao; to accept gold and silver (jatarupa-rajata).* But these amounted to modifying or disregarding some minor rules, which was against the unanimous decision of the Rajagaha Council. Therefore a Council of seven hundred selected eminent bhikkhus,[14] headed by Yasa, Revata and Sabboakami, was held at Vesali where the ten practices (Ten Points, dasa vatthu) were rejected as. unlawful, and the dhamma (Doctrine) and the Vinaya (Discipline) were recited as at the First Council. This Second Council took eight months to complete its task.[15]

About ten thousand bhikkhus, condemned by the Vesali Council for unlawful, wrong practices, formed a separate, unorthodox Sect or School (acariya-vada) named Mahasanghika "Great community." The Mahavamsa calls it acariyavada "Sect-5" or "School."[16] But the Tika, the Commentary on the Mahavamsa, says that they "split the original Community" - mulasangham bhinditva-and "founded another opposing, rival Community" - annam sangham vilomam akamsu. 17 Whether this acaruya-vada named Mahasanghika could be considered as sangha-bheda, "schism", is an interesting question. We know Devadatta committed sangha-bheda. He tried to form his own Sangha rejecting the Buddha, his Dhamma and Sangha. But the Mahasanghika-bhikkhus did not reject the Buddha, Dhamma and Sangha. They only did not agree with the orthodox Theravada Community on certain disciplinary questions, but they, like the Theravada bhikkhus. accepted the Buddha, Dhamma and Sangha. Today there are many "Sects" or Nikayas within the Sangha



Downloaded from http://www.dhamma.digital

in Buddhist countries due to various minor matters, but they have nothing to do with sangha-bheda.

During the years that followed the Second Council, there arose many Sects or "Schools" both from Theravada and Mahasanghika, such as *Gokulika, Ekavyoharika, Pannttivada, Bahulika, Mahimsasaka, Vajjiputtaka, Bhadrayanika, Sammiti, Sabbatthavada*.[18] They promulgated various theories and doctrines. Of these Schools or Sects, on one, except Theravada, exists today bearing any of those names.

About two hundred years after the Buddha's parinirvana, i.e. in the third century B.C., Asoka, the great Emperor of India embraced Buddhism and became its ardent patron. Allured by the high status and comforts granted to the Sangha by the Emperor, undesirable and corrupting elements entered the Order thereby disturbing its unity and peace. Asoka was compelled therefore to hold at Pataliputra (moden Patna) a sangiti which is generally known as the Third Council, to settle authoritatively the Canon of the Scriptures and to rid the Sangha of dissensions. This Council had as its members one thousand distinguished bhikkhus and its work was completed in nine months.[19]

After this Council, under the instructions of its farsighted President, Moggaliputta-Tissa Thera, dhamma-suttas or missionaries for the establishment of Buddhism were sent out to nine countries among which Sri Lanka was included. Asoka's own son, Mahinda Thera, was entrusted with the task of establishing Buddhism in Sri Lanka. The Emperor perhaps felt that his work would be most successful in that island, for Devanampiya-Tissa, the King of Sri Lanka, had already expressed his friendship by sending ambassadors with valuable gift to the Indian Emperor. Wherever they went, the Indian Buddhist missionaries were successful. Even Greeks like Yonaka Dhammarakkhita became Buddhist monks. But Sri Lanka was the most fertile of all fields for the Buddhist activities of Asoka. What Mahinda took to Sri Lanka was pure Theravada as it was settled at the Third council. It had nothing to do with Hinayana (Small Vehicle) or Mahayana (Great Vehicle). These terms are not known to the Theravada Pali literature. They are not found in the Pali Canon (tipitaka) or in the commentaries (Atthakatha) on the Tipitaka, not even in the Pali chronicles of Sri Lanka, the Dipavamsa and the Mahavamsa.

